[1] National interest or an overriding concern, usually the interest of the country concerned that justifies an action

[2] www.worldwidelawenforcement.com

and experience, to the examination and observation of the criminal and his behaviour, as well as his social and physical environment. Criminal Investigation is the process of legally gathering evidence of a crime that has been or is being committed.[3] In most cases, when a crime is committed, officials have two primary concerns. They want to know who committed the crime, and what the motive was. The reason why a person breaks a law is called the motive.[4] Criminal investigation involves the application of scientific method to the analysis of a crime scene. An investigation is an inquiry into circumstances surrounding an allegation or incident. A criminal investigation is an official effort to uncover information about a crime.[5]

The investigation of crimes includes the collection, protection, examination and analysis of evidences and facts by an authentic body for identifying the crime, its nature and the criminal involved in the commission of the crime. In other words, investigation is the process of documentation of the scene of occurrence and finding out the facts and material evidence thereon and establishing logical relationship between these evidences by the authentic body.

Investigation is a scientific examination about any fact, event or condition which aims at finding out the truth. It involves application of scientific method to the analysis of crime scene.[6] However, the scientific method is usually only practically employed in criminal investigation.

## 2. Goals of Criminal Investigation

Criminal investigation is conducted primarily for the prevention of crimes and maintaining law and order in society. The investigator tries to get and evaluate information about crime which may be used as evidence. When crimes occur, Law Enforcement is responsible to the community it serves and must discharge its duty by immediately investigating such incidents. Ideally the investigation will cause the violator to appear before a court so as to answer for his/her behaviour. Ultimately and probably most important, is that the investigation, detection and apprehension of the criminal, effectually serves to curtail recidivism thereby reducing overall crime.

The investigation is conducted to determine whether or not a crime is committed and if a crime has been committed, to determine who committed the crime, and to gather enough evidence to present to a prosecutor for a trial. The ultimate goal of any criminal investigation is to determine, to the extent possible, the truth about how a crime occurred.[7] Criminal investigators, as police officers, hold enormous power in arresting a person, making search and seizure, collecting the samples for scientific test and recording the interviews of the victim, suspect and the persons concerned.

### The Investigation Process Seeks to Answer the Following Questions

1. Whether the crime has actually happened?
2. If the crime has happened, what was the nature of crime? Moreover, what were the tools used for committing the crime?
3. Who were the victims of that crime?
4. What are the real evidences relating to that crime?
5. Who are the suspects?
6. Whether or not the accused is the offender in fact?

The main purpose of investigation is not conviction but to unearth the truth. Therefore, it is said that sometimes, an investigation, which leads to conviction, may not be successful, however, sometimes an investigation, which leads to acquittal, is said to be successful. A successful investigation is one in which the following statements are true:

- All available physical evidence is competently handled,
- All witnesses are intelligently interviewed,
- All suspects are effectively interrogated,

[3] Michael F. Brown, Criminal Investigation: Law and Practice, 2nd ed. Butterworth-Heinemann 225 Wildwood Avenue, 2001, p. 3
[4] Ibid
[5] http://www.wisegeek.com/what-is-a-criminal-investigation.htm
[6] Brown, opcit. p. 24
[7] Brown p. 3

- All leads are developed
- All documentation is comprehensively, clearly and accurately completed

### 3. Qualities of Good Investigator

The criminal investigator must possess variety and range of skills not called for any other profession. He must be emotionally stable, physically fit and self motivated. The investigator must have power to rational thinking; he/she should be able to apply deductive and inductive reasoning. It helps him/her to relate seemingly unrelated parts. Another important quality of a good investigator is the ability to critical thinking. He/she must be able to see the things not just to look. The things and fact surrounding the crime scene give sense if critical thinking is applied. The investigator must allow critical thinking to follow as facts are gathered and hypothesis is synthesized. Another quality that the good investigator must possess is the analytical thinking. He/she must be able to recognize the evidences or potential loci. It is the investigator's job to collect all the related evidences and it is the prosecutor's, and court's job to weigh the significance and evidential value of collected evidences. The investigator must have not only an understanding of rules of evidences but also working knowledge of foundation upon which all types of evidences are ushered before the court.

### 4. Investigation and Use of Three 'I's

According O'Hara criminal investigation is based on the three 'I's Information, Instrumentation and Interviewing.[8] Criminal investigation, indeed, the entire process of enforcing the law, is information based. It is the responsibility of the investigator to know how to find and use all legitimate sources of information available.

Instrumentation or forensic science is a second major tool available to the investigator. Forensic scientists have developed an impressive array of techniques to help in the solution of crimes. Serology, the study of blood; dactylography, the study of fingerprints and ballistics; and the study of firearms and projectiles have proven invaluable in the identification and conviction of criminals. Recent breakthroughs in the study of deoxyribonucleic acid i.e. DNA analysis, is the most exciting advance in forensic science in recent memory.

Interviewing the victims and witnesses of a crime is the final "I" of investigation. The skilful use of interviewing techniques by trained investigator encourages persons with knowledge of a crime to provide that information to the police.

### 5. The Investigation Process

Traditionally the investigation was based on “points to prove” philosophy. Now it has begun to move away from the “points to prove” philosophy to one that stressed instead “seeking after the truth”. Whereas “points to prove” presupposes a crime or crimes, an offender or offenders and a prosecution case (that is, crime-solving), “seeking after the truth” tacitly acknowledges other possibilities such as “no crime” or the possibility of restorative justice outcomes for the victim. Seeking after the truth” requires the investigator to explore those lines of enquiry that point towards the innocence of a suspect with as much vigour as they are inclined to use to explore those that suggest guilt.[9]

### 5.1 Approaching the Crime Scene and Protection of Evidences

The first and foremost step in the investigation is the protection of the evidences. Investigators should approach the crime scene investigation as if it will be their only opportunity to preserve and recover these physical clues. "Locard's Exchange Principle" states that every time someone enters an environment, something is added to and removed from it. This principle is sometimes presented as “every contact leaves a trace”. This contact applies to contact between individuals as well as between individuals and a physical environment.

[8] Michael F. Brown, (2001), Criminal Investigation: Law and Practice, Butterworth-Heinemann 225 Wildwood Avenue, P. 10
[9] Brown, op.cit. p. 14

Law enforcement investigators have to always assume that physical evidence is left by the offender behind at every scene. However, the amount and nature of the evidence left will be largely dependent on the nature and circumstances of the crime. The physical evidences left include:

- Biological material - blood, semen or saliva
- Fibers
- Paint chips
- Glass
- Soil and vegetation
- Accelerants
- Fingerprints
- Hair
- Impression evidence – shoe prints, tire tracks or tool marks
- Fracture patterns – glass fragments or adhesive tape pieces
- Narcotics

Oftentimes, evidence tells a story and helps an investigator recreate the crime scene and establish the sequence of events. Physical evidence can corroborate statements from the victim, witness and/or suspect. If these facts are analyzed and interpreted properly, physical evidence is more reliable than testimonial evidence. The real evidence is objective whence the testimonial evidence is more subjective in nature. It is because an individual's perception of events and memory of what happened can be incomplete or inaccurate. Physical evidence is objective and when documented, collected and preserved properly may be the only way to reliably place or link someone with a crime scene. Physical evidence is therefore often referred to as the "silent witness. Therefore, the investigator must have inner eyes to identify the possible location of physical evidences in the crime scene and its surrounding. Items of physical evidence are not always visible to the naked eye and may be easily overlooked. Therefore, a deliberate, methodical, disciplined approach to collection and preservation of evidence is essential for successful investigation.

They should also consider other case information or statements from witnesses or suspects carefully in their objective assessment of the scene. Investigations may change course a number of times during such an inquiry and physical clues, initially thought irrelevant, may become crucial to a successful resolution of the case. It is recognized that all crime scenes are unique. The judgment of the investigator on the scene, with the assistance of other responders, such as the prosecutor, should be given deference in the implementation of this-guide. Every case is unique and therefore, it is impossible to propose a single, step-by-step procedure to approach every type of situation.

Protection of the crime scene, taking of photography and sketch of the crime scene, seizing the relevant things and their scientific examination, conducting autopsy, physical examination of the victim and the suspect, recording the statement of the victim and the suspect, identification of real evidence and the suspect come under investigation of crime. Crime scene sketch is to aid the investigator as well as the prosecutor and judge to understand how a crime occurred. Crime scene sketches are the simplest yet most effective means to illustrate the relationship of significant items of evidence to each other.

Responding to a crime scene is a critical step in the scientific investigation of a case. Unless the crime scene response is handled correctly, the investigation may be severely compromised. Investigators and crime scene specialists are responsible for identifying, securing, collecting and preserving the evidence that is submitted to the crime laboratory. The investigator's knowledge in crime scene documentation and the variety of methods for the collection and processing of all types of evidence is crucial. Additionally, many times the investigator must make timely decisions whether to obtain written consent or a search warrant, so that the evidence will be admissible and not subject to a motion to suppress.

**5.2 Due Process of Law in Investigation**

Technical knowledge, skill and knowledge of law are essential for efficient investigation of crime. Only the evidences collected by following the due process of law will be admissible in the court. Otherwise, the evidences collected through investigation may not be admissible in the court and

consequently it will be only the spent of scarce resources. Therefore, the investigation is not only a technical subject; rather it is a legal subject as well. Investigator must master techniques that will enable them to reach the ultimate goal in any investigation i.e. to find the truth. Criminal law both substantive and procedural forms the basis of the criminal investigator's ability to act.

However, police officers sometimes view the law, particularly the law of criminal procedure, as a barrier to the successful investigation of crime. Michael F. Brown has presented very interesting analogy by comparing the police officers who see criminal procedural law as an obstacle to successful investigation of crime to the foot soldier who looks the sea as an obstacle to travel. He says "this attitude is much like that of a foot soldier as he looks at the sea. To the soldier, a body of water is an obstacle between him and where he needs to be. A sailor, on the other hand, looks at the sea as a road, an avenue, to take him where he wants to go. While the law, particularly criminal procedural law and the rules of evidence do restrict the actions of the investigator, they also provide guidance on what investigative techniques are acceptable in a democratic society. Once the investigator has mastered criminal law, criminal procedure, and the rules of evidence, he/she can sail the legal sea as well as prosecutors, defence attorneys and judges.[8]

### 5.3 The FIR and Preliminary Report

The investigation process starts with the filing of the First Information Report or when the police official gets the information of crime. Any person knowing about the occurrence of crime may lodge the FIR in the concerned police office. If such police office refuses to register the FIR the informant may file such information to the concerned Chief District Officer of the higher police office which shall forward such information to the concerned police office for necessary action. In such case the concerned police office registers the FIR and carries out investigation.

If any police personnel receives an information of the occurrence of a crime under the Schedule 1 of the State Cases Act, or such crime is being occurred or going to be occurred, it is his/her duty to make a necessary arrangement to prevent the crime, not to let any evidence relating to the crime disappear or destroy, and not to let the criminal escape or flee. In case of the possibility of crime to take place or evidence to disappear or destroy, or criminal to escape or flee if immediate action is not taken, then the Police personnel may, as per necessity, go to the jurisdiction of the next Police Office and take necessary actions in this regard.[12]

After the lodging of the FIR or the receiving of the information about the crime, the concerned police office designates an investigation officer to command the investigation. The police office forwards a preliminary report to the District Government Attorney Office. Upon receiving such report the Government Attorney shall give necessary directions relating to the investigation of the crime to the Police personnel undertaking the investigation. Section 6 of the State Case Act, 1992 provides that

"Before starting investigation of any crime as per Section 7, the Police personnel undertaking the investigation shall forward the preliminary report relating to the crime to the concerned Government Attorney Office explaining the matters to be investigated.

(2) After receiving the preliminary report pursuant to Sub-Section (1), the Government Attorney may give necessary directions relating to the investigation of the crime to the Police personnel undertaking the investigation."

The objective of forwarding preliminary report and giving direction is to maintain continuous cooperation and coordination between the investigation officer and prosecutor recognizing their specialization. Investigator and prosecutor are the members of the same crime control team and it is their common goal to book the offender. It is presumed that the police have the skill, capacity, techniques and tools required for carrying out effective investigation. The capacity of investigation means the

[8] Brown, op.cit. p. 11
[12] Ibid, Section 4

capacity to identify the evidence located in and around the crime scene, collect the relevant evidences following the due process of law and the capacity to build the strategy of further investigation based on the preliminary information found in the crime scene as well as the capacity to send these evidence for scientific test necessary for making them admissible in the court. While collecting evidence due process of law has to be followed. The prosecutor has the command in the legal process that is the process to be observed while collecting evidences, the nature and types of evidence admissible in the court and the approach of the court about the admissibility of evidences.

The act of protection of crime scene, recognizing all relevant physical evidence, collection of material evidences, documenting the conditions at a crime scene is very vital in the criminal investigation. It includes taking the photograph of the crime scene and drawing a diagram or sketch of the scene. Generally the police officer of Assistant Sub-inspector level can carry out investigation. However, only the police officer of at least police Sub-inspector can conduct the examination of the dead body. After preparing the deed of the examination of the dead body the dead body is sent for conducting autopsy. This examination is very crucial for the determination of cause of death which also leads to the successful conviction.

Equally important is the examination of the real evidences. Examination of real evidence includes the examination of blood, test of viscera, DNA (Deoxyribonucleic acid),ballistic, explosive, cough, stool, urine, hair, semen narcotic drugs, disputed documents, finger prints, foot prints.

## 6. Problems in Investigation

### 6.1 Statement Oriented Investigation

Real or physical evidence tested in the laboratory tells a story and helps an investigator recreate the crime scene and establish the sequence of events. Scientific evidence can corroborate statements from the victim, witness and suspect. If physical evidence is collected properly and tested in proper and scientific way it is definitely more reliable than testimonial evidence. Testimonial evidence is more subjective in nature. An individual's perception of events and memory of what happened can be incomplete or inaccurate. Physical evidence is objective and when documented, collected and preserved properly may be the only way to reliably place or link someone with a crime scene. Physical evidence is therefore often referred to as the "silent witness."However, it is widely accepted that our investigation system is statement oriented. We lack trained investigating officers or scene of crime officers. These Officers have not been placed rightly to utilize their full capacity. The investigation has not been prioritized and the same police personnel are employed in investigation and also in maintaining law and order. There are only two scientific labs in the country which are insufficient for testing the evidence in time. The investigator has to forward the case file to the prosecutors' office without the lab report. Because of these reasons the investigation is statement oriented leading to failure of the criminal cases.

### 6.2 Problem in Police-Prosecution Relationship

Police and prosecutors are commonly viewed as members of the same crime fighting team, but a closer look reveals a more complex reality. Police and prosecutors have varying perspectives on the law. To the police, the case is closed when the suspect is arrested, but the prosecutors stress that they often need additional information to win in the court.[40] Inadequate or incomplete investigation is a common problem faced by the prosecutors everywhere. The thoroughness of the police investigation and the quality of their arrest directly affects the likelihood of the prosecutor obtaining a conviction.[41] A survey indicated that 66 percent cited inadequate police preparation of crime reports as a major problem in their office. Among commonly mentioned problems, names and addresses of victim and witness have been lacking; full detail of how the crime was committed are missing; and vital laboratory reports are not forwarded on time.[42] What it means is that the American Prosecutors face the problems similar to ours.

[40] Neubauer, op.cit. p. 151
[41] Ibid
[42] Id.

There is lack of coordination between the police and prosecutors in the process of investigation of crime and presenting witnesses in the court for giving testimony. First, the police can seek advice from prosecutors about any aspect of their work. Although there is provision that the investigation officer has to provide preliminary information to the prosecutor and seek necessary direction, such provision has not been effectively implemented. Police forward the preliminary report not for seeking direction that will be useful in the process of investigation but for fulfilling formality. It may not be necessary seek advice prior to the start of, or during, an investigation in less serious cases, however, it may be valuable to do this in the most serious and most complex of cases. Sometimes the advice may be about the legality of particular procedures; sometimes about whether or not there is sufficient evidence to prosecute; sometimes about what further investigation would be useful to construct a strong case. However, this provision has remained ineffective. The prosecutors also do not take this provision seriously. There is also no provision about the accountability if such direction is not complied with.

There is a provision of Coordination Committee constituted as per the Stated Cases Rules to bring effectiveness in investigation and prosecution of State Cases by maintaining necessary co-ordination between the organs involved in investigation and prosecution. However, the committee has not been effective to maintain coordination between the police and prosecutors. The committee has held very few meetings which remained only a formality.

The success of case depends on the effective investigation and prosecution. It is possible only when the relationship between the prosecutor and police is cordial and they cooperate in the process of investigation and presentation of evidences. However, it has been felt that the relationship between the investigating officials and the prosecutors is problematic. It may be because of the difference in responsibility, expertise and approach to the case. An investigation is successful if available physical evidence is competently handled, All witnesses are intelligently interviewed, all suspects are effectively interrogated and all documentation is comprehensively, clearly and accurately completed. We cannot hope of effective investigation unless there is proper coordination between the prosecutor and the police.

### 6. 3 Lack of Professionalism in Investigators

It has been already discussed that the investigating officer should be criminal investigator must possess variety and range of skills not called for any other profession. The investigator must be a professional with a skill to investigate the case as well as the knowledge about the rules of evidence. It is not possible unless a separate investigation unit with trained manpower is established and the investigating police personnel are not deputed to other responsibility.

### 6. 4 Non Prioritization to the Work of Crime Investigation

The state has not given priority to the function of crime investigation. There is not separate investigating police or specialized manpower in the police. If there are some officers trained in criminal investigation they are not recognized and given responsibility as per their qualification. The same police personnel are employed in investigation and also in maintaining law and order. Because of this, the investigation does not get priority since maintaining law and order gets priority.

### 7. Conclusion

Investigation and prosecutions are the most important components of law enforcement. Prosecuting the suspect with strong, reliable and sufficient evidences may certainly lead to the conviction of the accused and success of the criminal cases. It also help to ensure the rule of law ending the impunity. Moreover, the effective investigation and prosecution system help to create and maintain the confidence of people toward the whole criminal justice system. The whole system must be seen as fair, just and legitimate in the eyes of the victim, the accused and the outsider. There is no doubt that violation of law must be booked, however, it must be done in a way that guarantees the rights of the accused which are respected and protected. For this, the work of investigation must be specialized and the professionalism of the officials must be developed. The investigating officers must be well equipped. The relationship between investigating officer and prosecutor must be cordial and both of them have to think that their only objective is to pursue justice.

# अपराध अवस्था बिश्लेषण तथा अपराध नियन्त्रण र रोकथाम रणनीति

**प्र.ना.उ.शिव कुमार श्रेष्ठ**
**प्र.प्र.का.अ.अ.विभाग**

आम नागरिकको चाहना आधारभूत आवश्यकताको सहज आपूर्ति, स्वतन्त्र र सम्मानपूर्वक जीवनयापन, समयसापेक्ष भौतिक सुविधा तथा आधुनिक प्रविधिहरुको उपलब्धता तथा राष्ट्रको समष्टिगत विकास नै हो । समग्रमा आमनागरिकको चाहना लोक कल्याणकारी राज्य हो, जुन विधिको शासन तथा प्रभावकारी प्रणालीगत विकासमा आधारित हुन्छ । विधिको शासन कायम गराउन समग्र फौजदारी न्याय प्रणाली प्रभावकारी हुनै पर्दछ । विधिको शासन तथा समग्र राष्ट्रको शान्ति सुरक्षाको एउटा प्रमुख आधार प्रहरीको मुख्य कार्य प्रभावकारी अपराध नियन्त्रण तथा अनुसन्धान नै हो ।

अपराध नियन्त्रण तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन प्रहरीको संस्थागत, संरचनात्मक तथा प्रणालीगत विकास, मानव श्रोत साधनको प्रभावकारी व्यवस्थापन-छनौट, क्षमता अभिवृद्धि, सेवा विशिष्टीकरण तथा प्रभावकारी परिचालन, समयसापेक्ष आधुनिक प्रविधिको प्रयोग, सुरक्षा निकाय तथा सरोकारवाला निकायहरु बीच प्रभावकारी समन्वय तथा सहकार्य, आमनागरिकको सकारात्मक तथा रचनात्मक सहयोग तथा सहभागिता, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुसँगको समन्वय, सहयोग तथा सहकार्यलाई प्रभावकारी बनाउनै पर्दछ । प्रभावकारी अपराध नियन्त्रण तथा अनुसन्धानको लागि समयसापेक्ष रुपमा अपराधको अवस्था विश्लेषण गरी अपराध प्रवृत्ति तथा प्रकृति, अपराध समस्या, नयाँ विकसित भएका अपराध प्रकृति, अपराधमा आधुनिक प्रविधिको प्रयोग आदिको सुक्ष्म रुपमा अध्ययन गरी सोबाट प्राप्त उपलब्धीलाई अल्पकालिन तथा दीर्घकालिन कार्य योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सम्बोधन गर्नु आवश्यक छ ।

## अपराध प्रवृत्ति (Crime trendline)



आ.ब. २०७०/७१ सम्म विगत पाँच वर्षको जम्मा अपराध तथ्यांकको आधारमा अपराध प्रकृत्ति विश्लेषण गर्दा आ.ब. २०७१ र ७२ मा अनुमानित मुद्दा संख्या २९,००० तथा आ.ब. २०७२/७३ को अनुमानित मुद्दा संख्या ३१,२०० रहेकोमा त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना लागु गरी विभिन्न कार्यक्रम तथा क्रियाकलापहरु कार्यान्वयन पश्चात आ.ब. २०७१/७२ मा वास्तविक मुद्दा संख्या २८,०७० तथा वृद्धि दर २.५ प्रतिशतमा सीमित भएको छ। जुन विगतको दशकको सबभन्दा कम तथा आ.ब. २०७०/७१ को २१.०१ प्रतिशत वृद्धिको तुलनामा निक्कै कम रहेको छ। यसै गरी आ.ब. २०७१/७२ सम्म विगत पाँच वर्षको जम्मा अपराध तथ्यांकको आधारमा आ.ब. २०७२/७३ को अनुमानित मुद्दा संख्या ३०,८०० रहेको छ।

## विगत एक दशकको मुद्दा संख्या तथा बृद्धी प्रतिशत




आर्थिक बर्ष २०७०/७१ को जम्मा मुद्दा संख्या २७,३८६ मध्ये आत्महत्या ४५०४, सवारी दुर्घटना १६४१, भवितव्य ज्यान २४३४ र फुटकर ज्यान ८९६ वाहेक वास्तविक अपराध १८,५९५ रहेकोमा आर्थिक बर्ष २०७१/७२ को जम्मा मुद्दा संख्या २८,०७० मध्ये आत्महत्या ४४३२, सवारी दुर्घटना १६६३, भवितव्य ज्यान २७७६ र फुटकर ज्यान १०३२ बाहेक वास्तविक अपराध संख्या १८,२६७ रहेको छ। यस अनुसार आ.ब. २०७०/७१ को तुलनामा आ.ब. २०७१/७२ मा वास्तविक अपराधमा १.७६ प्रतिशतले कमि आएको छ ।

आ.ब. २०७१/७२ मा केही सार्वजनिक अपराध बाहेक सबै भन्दा बढी कुल वास्तविक अपराध १८,२६७ को १०.२९ प्रतिशत अवथा १,८८० वटा लागु औषध अपराध रहेको छ भने दोस्रो तथा तेस्रो क्रमशः चोरी १,३०९ अथवा ७.१७ प्रतिशत र जबरजस्ती करणी ९८१ अथवा ५.३७ प्रतिशत रहेको छ ।

| सि.नं. | अपराध शीर्षक | आ.ब. २०७०/७१ | आ.ब. २०७१/७२ | आ.ब. २०७१/७२ मा वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | जवरजस्ती करणी उद्योग | ४२१ | ५६२ | ३३.५ |
| २ | वैंकिङ कसुर | २७ | ३६ | ३३.३ |
| ३ | बहु विवाह | ४२२ | ५१८ | २२.७ |
| ४ | नागरिकता सम्बन्धी | ७४ | ८३ | १२.२ |
| ५ | बोक्सीको आरोप | ३९ | ४३ | १०.३ |
| ६ | अप्राकृतिक मैथुन | २० | २२ | १०.० |
| ७ | ठगी | ४११ | ४५० | ९.५ |
| ८ | जबरजस्ती करणी | ९१० | ९८१ | ७.८ |
| ९ | ज्यान मार्ने उध्योग | ६५६ | ७०५ | ७.५ |
| १० | लागू औषध | १७९२ | १८८० | ४.९ |
| ११ | मा.बे.बि. तथा ओसारपसार | १८६ | १८१ | -२.७ |
| १२ | केही सार्वजनिक अपराध | ९९७५ | ९७०४ | -२.७ |
| १३ | हातहतियार खरखजना | २७३ | २६१ | -४.४ |
| १४ | कर्तव्य ज्यान | ६४२ | ६०६ | -५.६ |
| १५ | विद्युतिय कसूर (साईवर) | ३९ | ३५ | -१०.३ |
| १६ | गर्भपतन | १९ | १७ | -१०.५ |
| १७ | ब्यक्ति अपहरण | ९० | ७० | -२२.२ |
| १८ | डाँका चोरी | ७३ | ४९ | -३२.९ |
| १९ | प्रतिलिपि अधिकार उल्लंघन | ४५ | ३० | -३३.३ |
| २० | जातीय भेदभाव र छुवाछुत | १६ | १० | -३७.५ |
| २१ | चन्दा संकलन | १९ | १० | -४७.४ |
| २२ | बम विष्फोटन | २ | १ | -५०.० |
| २३ | विष्फोटक पदार्थ | २७ | १३ | -५१.९ |
| २४ | अपहरण तथा शरीर बन्धक उद्योग | २७ | १२ | -५५.६ |
| २५ | घरेलु हिंसा | ३ | १ | -६६.७ |

आर्थिक वर्ष २०७०/७१ र २०७१/७२ को शीर्षकगत अपराध तथ्यांक तुलना गर्दा जबरजस्ती करणी, बैंकिङ कसुर, वहुविवाह, नागरिकता, बोक्सीको आरोप ठगी, लागु औषधलगायतका अपराधको वृद्धि प्रतिशत उच्च रहेको छ । त्यसै गरी कर्तव्यज्यान, खुन डाँका, डाँका, मानव बेचबिखन तथा ओसार पसार, अपहरणजस्ता जघन्य अपराधहरु लगायत अवैध हातहतियार तथा खरखजना, बिष्फोटक पदार्थ जस्ता अपराधहरु घटेका छन्। जघन्य अपराधहरु मध्ये जबर जस्ती करणी तथा लागु औषध अपराध सबै भन्दा बढी प्रतिशतमा वृद्धि भएको छ। त्यसै गरी बैंकिङ कसुर, ठगी जस्ता आर्थिक अपराधको वृद्धि दर समेत उच्च रहेको छ। विद्युतीय कसूर (साईवर अपराध), मानव बेचबिखन तथा ओसार पसार र घरेलु हिंसा तथ्यांकको हिसाबले घटेको देखिन्छ ।

सञ्चार प्रविधिको द्रुत्तोत्तर बिकाससंगै ईन्टरनेट तथा सामाजिक सञ्जालहरु समेतको बढ्दो प्रयोगको कारण नागरिकहरु संगको अन्तरक्रिया तथा मीडिया मार्फत साईवर अपराध वास्तविकतामा बढेको बुझिएता पनि जनचेतनाको कमि, साईवर अपराध हेर्ने एक मात्र अदालत काठमाडौंमा मात्र तोकिएको तथा अनुसन्धान क्षमताको सीमितताले पीडितको पहुँच हुन नसकेको कारण समेत वास्तविकतामा सबै अपराधिक घटनाहरु कानूनी कारवाहीको दायरामा ल्याउन सकिएको छैन्। आ.ब. २०७१/७२ मा मानव बेचबिखन तथा ओसार पसार अपराध २.७ प्रतिशतले घटी १८१ रहेता पनि वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार नेपालको रोजगार वृद्धि प्रतिशत २.९ मात्र रहेको, जनसंख्याको करिव ३० प्रतिशत वेरोजगार वा अर्ध वेरोजगार रहेको, बार्षीक करिब चार लाख नेपालीहरु वैदेशिक रोजगारको लागि जाने तथा दैनिक १५ सय जनाले वैदिशिक रोजगारको लागि देश छाड्ने गरेको बुझिएको तथा म्यारिज व्यूरो, डान्स बार, वैदेशिक रोजगारको नाममा बिभिन्न देशमा बिशेषतः महिलाहरुलाई लगी बेचबिखन गर्ने, यौन हिंसा गर्ने, जबरजस्ती बेश्यावृत्ती वा अन्य काममा लगाउने, खाडि मुलुकहरुमा काम गरी रहेका युवाहरुलाई यूरोप अमेरिकाको सपना देखाई प्रलोभनमा पारी बिभिन्न देशमा पुऱ्याई बन्धक बनाई रकम असुल गर्ने जस्ता नयाँ नयाँ प्रवृत्ति देखिनुले अझै धेरै मानव बेचबिखन तथा ओसारपसार लगायत अन्य संगठित र अन्तरदेशीय अपराधहरुलाई कानूनी कारवाहीको दायरामा ल्याउन बाँकि रहेको तथ्य सहज रुपमा अनुमान गर्न सकिन्छ । अझ बिनाशकारी भुकम्प २०७२ को प्रभावित क्षेत्रहरुमा रहेका महिला तथा बालबालिकाहरुको साथै अघोषित नाकाबन्दिको मारका कारण देशभरका महिला तथा बालबालिकाहरु थप शिकार हुने अवस्था श्रृजना भएको कारण मानव बेचबिखन तथा ओसारपसार अपराध नियन्त्रण थप चूनौतिपूर्ण भएको छ। त्यसै गरी घरेलु हिंसाका घटनाहरु दिनप्रतिदिन बढेको भएतापनि अझै पनि धेरै घटनाहरु कारवाहीको दायरामा आउन सकेको छैन् । आ.ब. २०७१/७२ मा कारवाहीको दायरामा आएका घटनाहरु ८,२६८ मा समेत कानूनतः मिलाउन सक्ने प्रावधान, पुरुष प्रधान समाज, परम्परा तथा संकृति, प्राय सबै पीडितहरुको परनिर्भरता, पीडित सुरक्षा तथा सुरक्षित आवास गृहको अभावका कारण पूनः पीडककै शरणमा जानु पर्ने अवस्थाका कारण अदालतसम्म पुऱ्याउन सकिएको छैन् ।

चोरी अपराध अन्तर्गत आ.ब. २०७१/७२ मा डाँका, रहजनी, तथा जबरजस्ती चोरी घटेतापनि साधारण चोरी उच्चदरमा बढेको कारण समग्र चोरी १६ प्रतिशतले वृद्धि भएको छ । जम्मा चोरी अपराध १,३०९ मध्ये सबै भन्दा बढी ४६७ अथवा ३५.६८ प्रतिशत काठमाडौं उपत्यकामा रहेको छ जुन आ.ब. २०७०/७१ को तुलनामा २६.५६ प्रतिशतले वृद्धि भएको छ । सबै भन्दा बढी मध्यमाञ्चलमा ३७.७४ प्रतिशतले वृद्धि भई २९२ वटा चोरी अपराध भएको छ । त्यसै गरी पश्चिमाञ्चलमा २०.८१ प्रतिशतले वृद्धि भई १८० तथा मध्ये पश्चिमाञ्चलमा ८.१४ प्रतिशतले वृद्धि भई ९३ वटा चोरीका घटना घटेको छ भने पुर्वाञ्चल र सुदूरपश्चिमाञ्चलमा क्रमशः ११.३३ र १०.७१ प्रतिशतले घटी २२७ र ५० वटा चोरी अपराध भएको छ । बढ्दो शहरीकरणसंगै व्यस्त र एकल परिवारिक संरचनामा वृद्धि तथा सामाजिक घुलमेल र सुरक्षा सचेतना तथा सावधानीमा कमिका कारण बिशेषतः काठमाडौं उपत्यका लगायत देशभरका शहरी क्षेत्रमा चोरी अपराध समेत सुरक्षा चुनौतिको रुपमा रहेको छ ।

# चोरी अपराधको अवस्था




आ.ब. २०७०/७१ मा १३.११ प्रतिशतले वृद्धि भई ४,५०४ वटा आत्महत्याका घटना भएकोमा आ.ब. २०७१/७२ मा ३.८२ प्रतिशतले कमि आई ४,३३२ रहेको छ। जसमध्ये महिला आ.ब. २०७०/७१ को २१५४ बाट ११.१४ प्रतिशत कमि आई १९१४ रहेको छ भने पुरुष २३५० बाट ४.१३ प्रतिशत कमि आई २२५३ रहेको छ। यसको अतिरिक्त आ.ब २०७१/७२ मा ९४ जना बालक र ८९ जना बालिकाले समेत आत्महत्या गरेका छन्। अतः आ.ब. २०७१/७२ मा संख्यात्मक रुपमा केहि कमि भएतापनि आत्महत्या थप संवदेनशिल बिषय बन्दै गएको छ।

# आ.ब. २०७१/७२ मा आत्महत्याको अवस्था



आ.ब. २०७०/७१ मा जम्मा २९,९९६ जना अभियुक्त मध्ये ८३ प्रतिशत पक्राउ परेका छन् भने आ.ब. २०७१/७२ मा अभियुक्त पक्राउ प्रतिशत वृद्धि भई ८६ प्रतिशत पुगेको छ। यसले अभियुक्त पक्राउको अवस्था उत्कृष्ट रहेको कुरा पुष्टि गरेको छ।

अभियुक्तको विवरणः आ.ब. २०७०/७९
(जम्मा पक्राउ संख्या- २९,९९६, मुद्दा संख्या- २७,२८६)




अभियुक्तको विवरणः आ.ब. २०७०/७९
(जम्मा पक्राउ संख्या- ३३,२४७, मुद्दा संख्या- २८,०७०)



अपराध प्रकृति विश्लेणबाट प्राप्त उपलब्धीहरु, त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP) अन्तर्गत आ.ब. २०७०/७१ गरिएको कार्यको वार्षिक समिक्षा, अपराध अनुसन्धान कार्यमुलक परिक्षण (Crime Investigation Performance Audit)–Pilot Project बाट पत्तालागेका तथ्यहरु, बृहत्त अनुगमनमा देखिएका तथ्यहरु, आमनागरिक तथा भद्रभलाद्मीहरुको प्रत्येक्ष तथा अप्रत्येक्ष राय सुझावहरु समेतलाई अध्ययन तथा विश्लेषण गरी मदिराः उत्पादन, ओसारपसार, बिक्रिबितरण तथा सेवन, पारिवारिक कलह/घरेलु हिंसा र युवा वर्गको सिमान्तीकरण तथा हिनताबोधको निराकरणलाई अपराधको मुख्य कारक तत्वहरुको रुपमा पहिचान गरी ति लक्षित कार्यक्रमका समस्या, समस्याको कारण, समाधानका पक्षहरु, समाधानका रणनीति, प्रमुख निकाय, सहयोगी निकाय तथा अपेक्षित प्रतिफललाई समेत समावेश गरी समस्या समाधान रणनीति (Problem Solving Strategy) बिकास गरिनुको साथै लागुऔषध, जबरजस्तीकरणी, मानवबेचबिखन तथा ओसारपसार, चोरी, आर्थिक तथा बित्तीय अपराध, संगठित अपराध, साईवर अपराध, सवारी दुर्घटना सहित आठवटा अपराधलाई प्राथमिकतामा राखी ति लक्षित अपराध नियन्त्रण तथा रोकथामको लागि प्रमुख निकाय, सहयोगी निकायहरु, अपेक्षित प्रतिफल, सुचक सहित समावेश गरी अपराध रोकथाम रणनीति (Crime Prevention Strategy) बिकास गरिएको छ । उक्त समस्या समाधान रणनीति (Problem Solving Strategy) अन्तर्गत युवावर्गको सिमान्तीकरण तथा हिनताबोधको निराकरणको लागि मजकुर गृह मन्त्रालय मार्फत नेपाल सरकारमा पेश गरिने तथा अपराध रोकथाम रणनीति (Crime Prevention Strategy) अन्तर्गत सवारी दुर्घटनालाई ट्राफिक निर्देशनालय मार्फत कार्यान्वयन गराउनुको साथै बाँकि सबै समस्या समाधान रणनीति (Problem Solving Strategy) तथा अपराध नियन्त्रण र रोकथाम रणनीति (Crime Prevention Strategy) अन्तर्गतका कार्यक्रम तथा क्रियाकलापहरुलाई त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनामा समावेश गरी लागु गरिएको छ ।

उक्त कार्ययोजनामा समावेश गरी लागु गरिएको समस्या समाधान रणनीति तथा अपराध रोकथाम रणनीतिलाई जिल्लागत रुपमा अपराध प्रकृति विश्लेषण गरी स्थानीय आवश्यकता पहिचान समेतको आधारमा प्राथमिकतामा राखी स्थानीय नागरिक तथा सरोकारवाला निकायहरुको संगको समन्वय, सहकार्य तथा सहभागितामा कार्यान्वयनको चरणमा लगिने रणनीति रहेको छ । यि रणनीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गराई अपराध नियन्त्रण तथा अनुसन्धानमा प्रभावकारीता ल्याउनुको साथै प्रहरी र आमनागरिक बीचको पहुँच, सम्बन्ध, समन्वय, सहयोग र सहकार्यलाई प्रवर्द्धन गरी जनविश्वास कायम गर्दै विधिको शासनलाई सुनिश्चित गर्ने तथा शान्त, समुन्नत र सभ्य समाज निर्माण तथा बिकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

श्रोतः अपराध तथ्यांक- प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग । ■


CPSpro
COMPUTERIZED POLYGRAPH SYSTEM
Stoelting
NANUK
CPSpro

# अपराध अनुसन्धानमा पोलिग्राफको प्रयोग

प्र.नि. गणेश बहादुर श्रेष्ठ

## परिचय

सत्य बोल्नु सबै मानिसको धर्म मानिन्छ र यो मानवमात्रको नैतिक जिम्मेवारी पनि हो तर सबै मानिसले सत्य नै बोल्छ भन्ने छैन । खासगरि जब मानिस कुनै अपराधमा संलग्न हुन्छ, त्यस्ता किसिमको अपराधको कारण हुने सजायवाट आफूलाई वचाउ गर्न झुठको साहारा लिने गर्दछ । साथै कुनै बिशेष परिस्थिति वा अवस्थामा आफूलाई योग्य साबित गर्न पनि आफूवाट बिगतमा भएका कमीकमजोरीहरु लुकाउन मानिसहरु झुठ बेल्ने गर्दछन् । यहि कारण कुनै व्यक्तिले बोलेको कुरा वा गरेका गतिबिधिहरुको सत्यता माथी शंका लागेमा त्यस्को परिक्षण गर्न को निमित्त संसारमा बिभन्न प्रविधिहरुको आविष्कार भएकोछ । यीनै प्रविधिहरू मध्य पोलिग्राफ मानिसले बोलेको कुराको सत्यता परिक्षण गर्ने एक महत्वपूर्ण प्रविधि हो । यसलाई बैज्ञानिक भाषामा झुठो बोलेको पत्ता लगाउने मनोशारीरिक प्रविधि (Psycho-physiological Detection) भनिन्छ । यसले कसैले झुठ बोली आफ्नो गलत क्रियाकलापबाट हुने परिणामबाट आफुलाई बचाउन खोज्दा उस्को शरीरमा हुने भिन्न शारीरिक परिवर्तनहरुलाई एकैसाथ बहुग्राफमा अभिलेखीकरण गर्दछ ।

## पोलिग्राफको सिद्धान्त

कुनै घट्नामा संलग्न व्यक्तिलाई जब आफुले गलत काम गरेको अनुभूति हुन थाल्दछ तब उसमा डर पैदा हुन्छ । यदि कसैले अपराध गरेको छ भने त्यो अपराधको कारणबाट हुने दण्ड सजायबाट आफुलाई बचाउन, समाजमा भएको आफ्नो छवीलाई गिर्न नदिन, आदि कुराहरुको लागि बिभिन्न बचाउको उपायहरु (Defensive Response) सोच्न थाल्दछ । जस्को कारण मानिसको शरिरमा बिभिन्न रसायनिक प्रतिक्रियाहरु हुन गई उसमा मानसिक तथा शारिरीक प्रभावहरु पर्न थाल्दछ अर्थात शरिरको बिभिन्न प्रणालीहरु जस्तै: रक्त सञ्चार प्रणाली, स्वास प्रस्वास प्रणाली, स्नायू प्रणालीहरुमा सामान्य अवस्था भन्दा फरक हुन्छ । System Detection Theory अनुसार यस्ता किसिमको शारिरिक फरकपना मापन योग्य हुन्छ र यसलाई विशेष किसिमको सेन्सरहरुको प्रयोग गरि मापन गर्न सकिन्छ । पोलिग्राफ प्रणालीमा यीनै विशेष किसिमका सेन्सरहरु जडान गरिएको हुन्छ, यसलाई मानिसको शरिरको विभिन्न भागमा लगाइ प्रश्नहरु गरिन्छ ।

सामान्य मानिसहरुको बुझाइमा निर्दोष मानिसहरु प्रहरी वा पोलिग्राफ मेसिनको अगाडि डराउछ र परीक्षण पास हुन सक्दैन तर दोषी धेरै अपराध गरिसकेका मानिसहरु डराउदैनन् र पोलिग्राफमा पास हुन सक्छ भन्ने भ्रम पनि पाईन्छ । Othello Theory अनुसार निर्दोष मानिसहरु पनि नर्भस हुने,

चिन्तित हुने हुन सक्छ तर उनीहरुको चिन्ता भनेको आफ्नो भनाइलाई बिश्वास नगर्ने हो की भन्ने तर्फ केन्द्रित रहन्छ नयाँ झुठ वा योजना बनाउदैनन् भने अर्कोतिर दोषी व्यक्तिको डर आफु पक्राउ पर्ने, सामाजिक रूपमा बहिष्कार हुने, जागीर जाने जस्ता कुराहरुमा हुन्छ र पुरानो कुरालाई ढाकछोप गर्न नयाँ झुठा योजना बनाउन केन्द्रित हुन्छ । तसर्थ पोलिग्राफ परिक्षणको क्रममा सोधिने प्रश्नहरु घटनासँग सम्बन्धित तथा असम्बन्धित दुबै किसिमका हुन्छन् । जब मानिस कुनै घट्नामा संग्लग्न हुन्छ उस्को घटनासँग सम्बन्धित प्रश्नहरुमा बढी शारिरिक प्रतिक्रियाहरु (Oriental Response) देखिन थाल्दछ भने निर्दोष व्याक्तिहरुको अन्य प्रश्नहरुमा बढी शारिरिक प्रतिक्रिया देखिन्छ । जुन प्रतिक्रियाहरुलाई तुलनात्मक सिद्धान्त (Theory of Comparison) को आधारमा विश्लेषण गरि बिशेषज्ञहरु निस्कर्षमा पुग्दछन ।

### पोलिग्राफको प्रयोग हुने क्षेत्रहरु

मानिसले बोलेको कुराको सत्यता परिक्षण गर्न पोलिग्राफलाई जुनसुकै अवस्थामा पनि प्रयोग गर्न सकिने भएता पनि यसको प्रयोगको मुख्य निम्न चार क्षेत्रहरु छन् :

**१. अपराध अनुसन्धानमा**

कुनै पनि घटनाको अनुसन्धानको क्रममा पक्राउ परेको व्यक्ति वा शंकित वा पिडित वा साक्षीहरुले बोलेको कुराहरुको सत्यता परिक्षण गर्नको लागि पोलिग्राफको प्रयोग गरिन्छ । पोलिग्राफको माध्यमबाट अनुसन्धानलाई परिणाममुखी बनाउने, अनुसन्धानको दायरालाई साँघुरो बनाउने, निर्दोष व्यक्तिको निर्दोषिताको पुष्टि गर्ने, प्रमाणहरुको पहिचान तथा अन्य घटनासँग सम्बन्धित विविध कुराहरु पहिचान गर्न सकिन्छ ।

**२. आन्तरिक कारवाही तथा अनुसन्धानमा**

संगठन भित्रका कुनै कर्मचारीले गर्ने अनियमित कार्यहरु, भ्रष्टाचार, नियमको उलंघन वा अन्य कुनै आचरण विपरीतको कार्य उपर भईरहेका आन्तरिक अनुसन्धानको क्रममा उक्त व्यक्तिले बोलेको कुराहरुको सत्यता परिक्षण गर्नको लागि पोलिग्राफ प्रयोग गरिन्छ ।

**३. अन्तर एकाइ सरुवा तथा जिम्वेवारी प्रदान**

कुनै संगठन भित्रको संबेदनशील किसिमको जिम्वेवारी प्रदान गर्नु पर्दा तोकिएको मापदण्ड बमोजिम जिम्मेवारी बहन गर्न सक्ने योग्यता उक्त व्यक्तिमा छ वा छैन भनी जाँच गर्न पनि पोलिग्राफको परिक्षण गर्न सकिनेछ ।

**४. भर्ना छनौट**

कुनै पनि संगठनले आफ्नो कर्मचारीहरु नयाँ भर्ना लिंदा वा तोकिएको कुनै पदमा कर्मचारी स्थायी, अस्थायी वा करारमा नियुक्तिका लागि भर्ना छनौट गर्दा तोकिएको मापदण्ड वा पुर्व शर्त पुरा गरेको छ वा छैन भनि परिक्षण गर्ने प्रयोजनको लागि पनि पोलिग्राफको प्रयोग हुने गर्दछ ।

कतिपय विकसित राष्ट्रहरुमा बिगत करिब सय बर्ष अगाडि देखिनै अपराध अनुसन्धान तथा अन्य क्षेत्रमा सहयोगी औजारको रुपमा पोलिग्राफको प्रयोग हुदै आएको छ, नेपालमा भने हाल अपराध अनुसन्धान र नेपाल प्रहरीको आन्तरिक कारवाही तथा अनुसन्धान, अख्तियार दुरुपायोग अनुसन्धान, राजश्व अनुसन्धान जस्ता क्षेत्रमा मात्र पोलिग्राफको प्रयोग भईरहेको छ भने सशस्त्र प्रहरी बलले पनि हालै आएर आफ्नो संगठनको आन्तरिक कारवाही तथा अनुसन्धानको लागि पोलिग्राफ शाखा स्थापना गरि यसलाई प्रयोगमा ल्याएको छ ।

### अपराध अनुसन्धानमा पोलिग्राफ परिक्षणको अवस्था

नेपाल प्रहरीमा हालसम्म दुईवटा समूह गरि १७ जना प्रहरी कर्मचारीहरुले पोलिग्राफ आधारभूत तालिम प्राप्त गरेका छन् । पोलिग्राफ परिक्षकको संख्या थपिएसँगै सबै क्षेत्रीय प्रहरी कार्यलयहरुमा पोलिग्राफ शाखाको बिस्तार भएकोछ। पोलिग्राफ परिक्षणको माग गर्ने कार्यालयहरुमा नेपाल प्रहरीको अपराध अनुसन्धान गर्ने कार्यालयहरु बाहेक अन्य निकायहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राजश्व अनुसन्धान बिभागवाट पनि अनुरोध भई आएका छन् ।

नेपाल प्रहरीको अपराध अनुसन्धानमा पोलिग्राफ परिक्षणको शुरुवात भएदेखि हालसम्म (२०७२।०६।१५) जम्मा ३३३ मुद्धाहरुमा ७६९ जना व्यक्तिहरुको पोलिग्राफ परिक्षण भईसकेको छ । जसमध्ये पुरुषको संख्या ६७५ जना छ, भने महिलाको संख्या ९४ छ । यसवाट पोलिग्राफ परिक्षण भएका मुद्धाहरु मध्ये १०५ भन्दा बढी मुद्धाहरुमा पोलिग्राफ परिक्षण कै माध्यमवाट शंकित व्यक्तिहरुलाई अभियोग लगाउन सहज भएको छ भने बाँकी मुद्धाहरुको अनुसन्धानमा यसले सहयोगी भूमिका निर्वाह गरेको छ । पोलिग्राफ

परिक्षणको जम्मा संख्या मध्ये ३०२ जनाले मात्र झुठ बोलेको पाईएको छ भने ४१४ जनाले झुठ नबोलेको पाईएको छ साथै ५३ जनाको राय दिन नसकिने अवस्थामा पाईएको छ ।

घट्नाको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी कर्तव्य ज्यान मुद्धाका ३७५ जना शंकितहरु माथी पोलिग्राफ परिक्षण गरिएको छ भने सबैभन्दा बढी अपराध स्वीकार पनि कर्तव्य ज्यानमा नै भएको छ । त्यसैगरि चोरी, सवारी दुर्घटना, हातहतियार खरखजना, भ्रष्ट्राचार, जबरजस्ती करणी, अपहरण जस्ता घट्नामा बढी पोलिग्राफ परिक्षणको माग भएको देखिन्छ ।

### सहयोगी कानूनहरू

कुनै व्यक्तिले बोलेको कुराको बिश्वासनियता परीक्षण गर्नु परेमा पोलिग्राफ परीक्षण गर्न सकिनेछ भन्ने किसिमको कानूनी व्यबस्था हालसम्म भएको देखिदैन । नेपाल प्रहरीमा “पोलिग्राफ निर्देशिका २०७०” लागु भई कार्यान्वयन भईरहेकोछ । तथापि नेपालमा प्रचलित विभिन्न कानूनहरुको निम्नानुसार सहयोग लिन सकिन्छ

१. प्रमाण ऐन २०३१ को दफा २३ अनुसार अदालतले कानुन, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेको सम्बन्धमा राय एकिन गर्नु परेमा सो सम्बन्धि विशेषज्ञको राय प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था भए अनुसार पोलिग्राफ प्रविधि “विज्ञान” भएकोले पोलिग्राफ परिक्षकको रायलाई विशेषज्ञको रायको रूपमा लिन ।
२. सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९ दफा १२ अनुसार अपराधको प्रकृतिबाट पक्राउमा परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाचँ गरिएमा अपराध सम्बन्धी प्रमाण उपलब्ध हुनसक्छ भन्ने विश्वास गर्न मनासिब आधार भएमा जाचँ गराउन सकिनेछ भन्ने व्यवस्था भए अनुसार “अन्य कुनै कुराको जाँचमा” पोलिग्राफ परिक्षणलाई समेत लिन, साथै ऐन को दफा १३ अनुसार अपराध तहकीकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्झेमा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ भन्ने व्यवस्था भए अनुसार पोलिग्राफ विशेषज्ञको राय लिन ।

### सारांश

अपराध अनुसन्धानमा पोलिग्राफको प्रयोग मानवअधिकार सम्वन्धि राष्ट्रिय अन्तराष्ट्रिय कानुनको रक्षा गर्न र निर्दोष व्यक्तिलाई कानूनी झन्झटबाट मुक्ति दिलाउन एउटा औजारको रुपमा प्रयोग गर्न सकिन्छ । पोलिग्राफ परीक्षणको हालसम्मको नतिजाकै आधारमा बिश्लेषण गर्ने हो भने पनि परीक्षण गरिएको शंकित व्यक्तिहरु मध्ये बढि नतिजा झुठ नबोलेको संकेत प्राप्त भएको र सो नतिजाकै आधारमा शंकित निर्दोष पनि हुनसक्ने तर्फ समेत अनुसन्धान गर्ने आधार बन्ने हुँदा “सय दोषी छुटुन् तर एक निर्दोष नफसोस्” भन्ने मान्यतालाई समेत आत्मसाथ गर्ने वातावरण पोलिग्राफ परिक्षणले गर्न सकेको छ भने झुठ बोलेको संकेत प्राप्त हुने शंकित व्यक्तिहरुको हकमा समेत अनुसन्धानको दायरा साँघुरो पारी अपराध अनुसन्धानलाई सहज बनाउन महत्वपूर्ण भुमिका खेलेको छ । कतिपय शंकित व्यक्तिले पोलिग्राफ परीक्षणकै अवस्थामा आफूले गरेको अपराध समेत स्वीकार गर्ने हुँदा पोलिग्राफ कै माध्ययमबाट अनुसन्धान सफल भईरहेको छ । ■





# अपराध अनुसन्धानमा कुकुरको प्रयोग

**प्र.ना.उ. डा. प्रमोदराज भट्ट**

अपराध अनुसन्धानमा प्रयोग हुने कुकुरलाई Tracker Dog भनिन्छ । सफल अपराध अनुसन्धानको लागि अपनाईने विभिन्न प्रविधिहरुमध्ये तालीम प्राप्त कुकुरको प्रयोग एक महत्वपूर्ण र सबल पक्ष हो । यसले घटनासँग सम्बन्धित हाम्रा आँखाले देख्न नसकिने सूक्ष्म प्रमाण र तथ्यहरुको पहिचान गरी अनुसन्धानको दायरालाई साँघुरो तुल्याउँदछ भने अपराध र अपराधीबीचको सम्बन्ध पत्ता लगाई अनुसन्धान कार्यलाई सफल तुल्याउन अनुसन्धानकर्तालाई महत्वपूर्ण सहयोग पुऱ्याउँदछ । तसर्थ कुनै पनि घटनाहरुको अनुसन्धान कार्यको लागि कुकुरको आवश्यकता महसुस हुन्छ भने कुकुरद्वारा गरिने अनुसन्धानलाई पहिलो प्राथमिकता दिनु पर्दछ ।

**ट्र्याक २ प्रकारका हुन्छन्** :

१.Visible Track (आँखाको माध्यमबाट प्रत्यक्ष देख्न सकिने) : अपराधीले अपराध गरिसकेपछि भाग्ने क्रममा उसले प्रयोग गरेको बाटोमा छोडेका पद चिन्हहरु जुन कुराहरु हामीले प्रष्ट रुपमा देख्न सकिन्छ भने यस्तो ट्र्याकलाई Visible Track भनिन्छ ।

२. Sensory Track / Invisible Track (आँखाले देख्न नसकिने): अपराधीले अपराध गरिसकेपछि भाग्ने क्रममा उसले प्रयोग गरेको बाटो जो प्रष्ट रुपमा आँखाले देख्न सकिँदैन भने यस्तो प्रकारको ट्र्याकलाई Sensory Track र Invisible Track भनिन्छ । जुन ट्र्याकलाई कुकुरले नाकको सहायताले सुघेर पत्ता लगाउँदछ । यो ट्र्याक ५ प्रकारको हुन्छ ।

क) क्वारी ट्र्याक (Query Track): अभियुक्तले प्रयोग गरेको बाटोलाई कुकुरले सही रुपमा पछ्याउँदै अभियुक्तसम्म पुग्ने ट्र्याकलाई नै क्वारी ट्र्याक भनिन्छ ।

ख) ब्याक ट्र्याक (Back Track): कुकुरले अभियुक्तले अपराध गर्नुपूर्व प्रयोग गरेको बाटोलाई पछ्याउँदै जान्छ भने यस्तो ट्र्याकलाई नै ब्याक ट्र्याक भनिन्छ ।

ग) बाउण्ड ट्र्याक (Bound Track): यो ट्र्याक प्रायः प्रशिक्षणको दौरानमा हुने ट्र्याक हो । हामीले कुकुरलाई सधैँ एकै स्थानमा काम गराउँदा यसमा कुकुरले सुँघेर अगाडि बढ्नुभन्दा देखेको भरमा काम गर्ने गर्दछ भने यस्तो ट्र्याकलाई बाउण्ड ट्र्याक भनिन्छ ।

घ) फरवार्ड ट्र्याक (Forward Track): अभियुक्त अपराध गरी भाग्ने क्रममा उसले बनाएको बाटोमा अभियुक्तका गन्धका कणहरु हावाको प्रभावले दायाँबाँया छरिएको हुन्छ । सोही छरिएका गन्धका कणहरुलाई कुकुरले दाँयाबाँया जिक्ज्याक्मा सुँघ्दै अगाडि जान्छ भने यस्तो ट्र्याकलाई फरवार्ड ट्र्याक भनिन्छ ।

ङ) डाईभरसनरी क्रस ट्र्याक (Diversionary cross Track): अपराध गरिसकेपछि भाग्ने क्रममा अभियुक्तले चौबाटोहरुको प्रयोग गरेको छ भने सोही बाटोलाई कुकुरले पछ्याउँदै जान्छ भने यस्तो ट्र्याकलाई नै डाइभरसनरी क्रस ट्र्याक भनिन्छ ।

## अपराध अनुसन्धान कार्यको लागि कुकुर प्रयोग गरिने विधि

Tracking: कुनै पनि प्राणी बिशेषमा आफ्नो छुट्टै प्रकारको गन्ध रहेको हुन्छ । त्यस्तै मानिसमा पनि आ-आफनै प्रकारका छुट्टै गन्धहरु रहेको हुन्छ । जुन गन्ध एक अर्कामा मिल्दैन । कुकुरद्वारा अनुसन्धान गरिने आधार भनेको अपराधीसँग सम्बन्धित गन्ध हो । कुकुरले अपराधी चिनेर होइन उसलाई दिएको सबुत प्रमाणको गन्धको आधारमा व्यक्तिको पहिचान गर्ने हो । मानिसको शरीरबाट हाम्रा आँखाले देख्न नसकिने अदृश्य गन्धयुक्त कणहरु हावाको माध्यमबाट फैलिरहेको हुन्छ र मानिस हिँडदा त्यस्ता गन्धका कणहरु बाटोमा टाँसिएर रहेको हुन्छ । कुकुरलाई दिएको सबुत प्रमाणको गन्धको आधारमा अपराधीले प्रयोग गरेको बाटोमा टाँसिएर रहेका सूक्ष्म गन्धहरुलाई सुँघ्दै र पछ्याउँदै कुकुर अपराधी भएको स्थानसम्म पुगी त्यही गन्धसँग मिल्दो व्यक्तिको पहिचान गर्ने कार्यलाई Tracking भनिन्छ ।

Find out: यस बिधि अन्तर्गत घटनास्थलमा प्राप्त हुन आएको सबुत प्रमाण पनि सुरक्षित छ र घटनासंग सम्बन्धित संकित अपराधिहरु पनि पक्राउ परेका छन् तर कसैले पनि त्यो प्राप्त गन्धयूक्त सबुत प्रमाण मेरो हो भनि स्वीकार नगरेको अबस्थामा त्यस भौतिक सबुत प्रमाणको गन्ध कुकुरलाई सुँघाई ती शंकित व्यक्तिहरुबाट त्यस गन्धसंग मिल्दो व्यक्तिलाई पहिचान गर्ने कार्यलाई Find यगत भनिन्छ ।

Searching: यस विधि भनेको अपराधसँग सम्बन्धित शंकित व्यक्ति पक्राउ भइसकेको, तर अपराधँग सम्बन्ध राख्ने सबुत प्रमाणहरु घटनास्थल वरपर कहिँ कतै लुकाई छिपाई राखेको छ भन्ने लागेमा वा शंका भएमा यस्ता तालीम प्राप्त कुकुरहरुलाई उक्त शंकित व्यक्तिको हातको गन्ध दिई उक्त घटनास्थल वरपरको एरियामा Search गराई त्यस्ता सबुत प्रमाणहरुको पत्ता लगाउने कार्यलाई Searching भनिन्छ ।

4) **SUPPORT** Americans in recovery by lifting the stigma with those suffering or in recovery from substance use disorders

---

Drug policy is a public health issue,
not just a criminal justice issue.

SPREAD THE WORD

www.wh.gov/DrugPolicyReform

#DrugPolicyReform

Therefore, Nepal also needs to review its present plan and policy and develop a new comprehensive drug policy encompassing all facets of drug and substance use by involving Supporting Agencies and developing a comprehensive and a pragmatic balanced strategy involving or at least with input from the concerned governments stakeholders, non-governmental partners, policy makers, community-based organizations, practitioners, and academics that can shape a new and balanced strategy.

*For any Nepalese parents, teachers, community leaders, law enforcement officers, elected officials, ordinary citizens, and other concerned about the health and safety of our young people, government must develop a comprehensive strategy that not only informs but also can serve as a catalyst to spark positive change.*

*The National Drug Control Strategy must be able to guide national drug control strategy for anyone interested in learning what is being done-and what other work can be done- to prevent drug use, and provide care for those who are addicted.*

## Immediate Plan of Actions

The Government of Nepal can develop some immediate action-plans as follows before developing a national strategy :

1. Plan to Reform Drug Policy

This Strategy calls for drug policy reform rooted in scientific research on addiction, evidence-based prevention programs, increased access to treatment, a historic emphasis on recovery, and criminal justice reform.

2. Develop Health Care Training program for professionals for early intervention before addiction develops

The government must expand programs to develop and produce trained health care professionals to identify and treat problematic drug use before the condition becomes chronic.

3. Expanding access to treatment

Today, about one million people in Nepal need treatment for a substance use disorder, but only few thousands fortunate people receive the required treatment and rehabilitation . This is not an extent of satisfaction. Research shows that addiction is a disease from which people can recover. In fact, success rates for treating addictive disorders are roughly on par with recovery rates for other chronic diseases such as diabetes, asthma, and hypertension.

4. Reform Criminal Justice System

Reforms like the expansion of scope of specialized courts with special legal provision that transfer non-violent drug offenders into treatment instead of deciding them to put in prison. Reforms like smart diversion programs that identify first time offenders who have a substance use disorder and provide them with community health services instead of punishing them with jail sentence. Reforms like reentry programs, which motivate former offenders get back into society and support their recovery from addiction.

## CONCLUSION:

- PREVENTION FIRST: Prevent use of drug before it begins. It can be more cost-effective. Through prevention, we can enable teens to avoid drugs in school, make our workplaces more productive.
- ACCESS TO TREATMENT AND REHABILITATION: Expand access to treatment for people willing get rid of or struggling with addiction and support such people for their recovery. It can be done by

- Expanding access to treatment to all who are in need.
- Reducing prescription in drug abuse epidemic
- Focusing more on recovery

**Reform, rebalance, and renew our national drug control policy to address the public health and safety challenges of the 21st century.** ■



# अपराध अनुसन्धानमा इन्टरपोलको भूमिका र कानुनी अपर्याप्तता

**प्र.नि. बिष्णु प्रसाद सोती, प्र.प्र.का.इन्टरपोल शाखा**

इन्टरपोल विश्वको सवैभन्दा ठूलो प्रहरी संगठन हो । सन् १९२३ मा International Criminal Police Commission (ICPC) को स्थापना अष्ट्रियाको राजधानी भियनामा भएको थियो । सन् १९५६ मा International Criminal Police Commission (ICPC) को नाम परिवर्तन गरी International Criminal Police Organization (ICPO) - INTERPOL वा INTERPOL भनेर चिनियो । हाल विश्वका १९० राष्ट्रहरु यसका सदस्य रहेका छन् र यसको प्रधान कार्यालय फ्रान्सको लियोनमा छ । नेपाल ईन्टरपोलको १००औं सदस्य राष्ट्र हो । मिति २०२४ असोज ११ मा जापानको क्युटोमा भएको ईन्टरपोलको ३६औं महासभाबाट नेपाल इन्टरपोलको सदस्यमा मनोनित भएको हो । हरेक सदस्य राष्ट्रमा विश्वभरिका सदस्य राष्ट्रहरुसँग सम्पर्क गर्न एक सम्पर्क केन्द्र स्थापना गरिएको हुन्छ, जसलाई NCB (National Central Bureau) भनिन्छ ।

इन्टरपोल नेपालको इतिहास हेर्दा यसले वि.स.२०४६ सालदेखि नै बिभिन्न संचार माध्यमहरुबाट सदस्य राष्ट्रहरुसँग समन्वय तथा सहकार्य गर्दै आएको देखिन्छ । वि.स. २०४६ सालदेखि २०५१ सालसम्म Teletext को माध्यमबाट, वि.स.२०५१ सालदेखि २०५४ सालसम्म U=A= Terminal को माध्यमबाट, वि.स.२०५६ सालदेखि २०६१ सालसम्म X-400 को माध्यमबाट र वि.स. २०६१ सालदेखि हालसम्म I-24/7 -Router & Switch) मार्फत २४ सैं घण्टा विश्वब्यापी रुपमा प्रहरी संचार प्रणाली अन्तर्गत इन्टरपोलका सदस्य राष्ट्रहरुसँग NCB Kathmandu ले समन्वय र सूचना आदान प्रदान गर्दै आएको छ । यस्ता सूचनाहरु मृतक लासको पहिचान गर्न, हराएका मानिसहरुको अन्तर्राष्ट्रिय स्तरमा खोजी गर्न, अपराधीले अपराध गर्न प्रयोग गरेका हतियार, बिष्फोटक प्रदार्थ तथा खतराजन्य अन्य चिजबस्तु लुकाएको स्थान, आपराधिक कार्यविधि र सम्भावित खतराको बारेमा जानकारी गराउन जारी गरिन्छन् ।

साथै राष्ट्रिय स्तरमा पनि INTERPOL ले हराएका तथा चोरी भएका भनि सम्पूर्ण प्रहरी इकाइहरुमा निबेदन परेका राहदानीहरुको बिवरण INTERPOL को SLTD (Stolen and Lost Travel Document) Database मा नियमित रुपमा दर्ता गर्ने कार्य समेत गर्दै आएको छ । यस अन्तर्गत नेपाल प्रहरीले केन्द्रीय राहदानी बिभाग, परराष्ट्र मन्त्रालयको समन्वयमा ८५,१५० हराएका तथा चोरी भएका राहदानीहरुको Data

प्रविष्ट गरी प्रक्रियागत रुपमा काम कारवाहि सुचारु गर्दै आईरहेको छ ।

INTERPOL ले कर्तव्य ज्यान, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, आंतकवाद, लागू औषध, सांगठनिक अपराध, वैदेशिक रोजगार सम्बन्धी ठगी, बैंकिङ ठगी, साईवर अपराधजस्ता जघन्य प्रकृतिका फौजदारी अपराध गरी अभियुक्त वा कैदी नेपाल सरहद बाहिर फरार भएमा वा लुकिछिपी बसेमा त्यस्ता फरार अभियुक्त वा कैदीहरुको विरुद्धमा आवश्यकता अनुसार Notice वा Diffusion जारी गरी, त्यस्ता अभियुक्तहरुलाई पक्राउ गरी नेपाल फर्काउने सम्बन्धमा सम्बन्धित राष्ट्रसँग समन्वय गर्नेकाम पनि गर्दछ । यसका लागि INTERPOL ले निम्न बमोजिमका ८ प्रकारका Notice / Diffusion जारी गर्दछ ।

- Red Notice: वारेन्ट जारी भएका फरार अभियुक्तहरुको खोजीका लागि जारी गरिने नोटिस हो।
- Blue Notice: अपराधीहरुको पूर्व आपराधिक गतिबिधिबारे जानकारी प्राप्त गर्न जारी गरिन्छ ।
- Green Notice: कुनै एक स्थानमा एकपटक अपराध गरी पुन: अन्य स्थानमा त्यस्तै प्रकृतका अपराध दोहोर्‍याउन सक्ने खतरनाक अपराधीहरुको बारेमा पूर्व जानकारी गराउन जारी गरिने चेतावनीमूलक नोटिस Green notice हो ।
- Black Notice: सनाखत नभएका मृत मानव लासको पहिचानको लागि जारी गरिने नोटिस हो ।
- Yellow Notice: हराएको व्यक्तिको अन्तर्राष्ट्रिय स्तरमा खोजी कार्यको लागि जारी गरिने नोटिस नै Yellow notice हो ।
- Orange Notice: लुकाएका हतियार, बिष्फोटक पदार्थ तथा खतराजन्य चिजबस्तुबाट हुन सक्ने सम्भाबित खतराको बारेमा जानकारी गराउन जारी गरिने नोटिस Orange notice हो ।
- Purple Notice: अपराधीले अपराध गर्न प्रयोग गरेका चिजबस्तु, लुकाएको स्थान तथा आपराधिक कार्यविधि (Modus Operandi) को बारेमा जानकारी गर्न गराउन जारी गरिने नोटिस Purple notice हो ।
- The INTERPOL-United Nations Security Council Special Notice: अन्तराष्ट्रिय आतंककारी संगठन Al-Qaida का सदस्यहरुको विश्वव्यापी खोजीका लागि INTERPOL र UN ले संयुक्त रुपमा जारी गर्ने नोटिस ।
- Diffusion: वारेन्ट जारी नभएका तथा अनुसन्धानकै क्रममा रहेका फरार अभियुक्तहरुको खोजीका लागि जारी गरिने परिपत्र नै Diffusion हो ।
- यसका साथै हालै सम्पन्न इन्टरपोलको ८४ औं महासभाले आपराधिक कार्यबाट प्राप्त सम्पत्तिको पहिचान तथा बरामद गर्ने प्रयोजनार्थ Silver Notice जारी गर्न सकिने गरी Silver Notice को प्रक्रिया शुरु गरेको छ ।

विश्वव्यापीकरण र संचारको विकाससँगै वृद्धि भएको अपराधको रोकथामको निम्ति प्रभावकारी अनुसन्धानको विश्वव्यापी क्षेत्राधिकारहरुको प्रवेश गर्न उल्लेखित नोटिसहरु अपराध अनुसन्धान गर्ने निकायहरुको अनुरोधमा NCB मार्फत INTERPOL महासचिवालयबाट जारी गर्न सकिने प्रावधान रहेको छ । विगतमा भएका सफल प्रयाससँगै हालैका वर्षमा NCB काठमाडौको पहल र सक्रियतामा कुख्यात अपराधी राज कुमार प्रजा, सन्जय स्माइली लगायत केही व्यक्तिहरुलाई नेपाल झिकाई कानूनी कारबाही गर्ने कार्य भएको छ । तथापि नेपालको सन्दर्भमा कानूनी अपर्याप्तताको कारण बिदेशी भूमिबाट फरार अभियुक्त नेपाल ल्याई कारबाहीको दायरामा ल्याउनु अत्यन्त कठिन कार्य हो। कानुनी अपर्याप्तताकै कारण Trace इगत भई सकेका अझै कैयौं अभियुक्तहरु प्रक्रियामै अल्झिरहेको अबस्था छ । के कुन कानुनको अपर्याप्तताको कारण कठिनाइ भइरहेको छ भन्ने सन्दर्भमा यहाँ केही चर्चा गर्न जरुरी देखिन्छ ।

INTERPOL को कार्य प्रकृति हेर्दा यसको मुख्य भूमिका अन्य राष्ट्रका प्रहरीसँग समन्वयात्मक भूमिका निभाउनु नै हो । जसमा विश्वव्यापी रुपमा प्रहरी संचार प्रणाली अन्तर्गत इन्टरपोलका सदस्य राष्ट्रहरुसँग समन्वय गरी सूचना आदान-प्रदान गर्ने रहेता पनि Extradition, Transfer of criminal proceedings, Execution of foreignsentences, Recognition of criminaljudgments, Confiscation of the proceeds from crime, Collection Evidences nufotsf तमाम कुराहरुको कार्यान्वयनका निम्ति द्विपक्षीय, बहुपक्षीय, वा क्षेत्रीय सन्धिसम्झौता वा

कानुनी व्यवस्थाको आवश्यकता पर्दछ वा भनौं आफूलाई आवश्यक पर्ने अन्तर्राष्ट्रिय कानुनी बातावरण राज्यले तयार गर्नु जरुरी हुन जान्छ, जुन नेपालको सन्दर्भमा अपर्याप्त देखिन्छ ।

राज्यमा अन्तर्राष्ट्रिय कानुन कुन हदसम्म लागु हुने भन्ने सन्दर्भमा विश्वमा दुई वटा प्रणाली बिद्यमान रहेको पाइन्छ ।

क) Dualist Principle

ख) Monist Principle

Dualist Principle अनुसार कुनै पनि अन्तर्राष्ट्रिय कानुनमा राष्ट्रले मान्यता प्रदान गरी हस्ताक्षर गरेता पनि लागू गर्न अनिवार्य रुपमा राष्ट्रिय कानुनमा समावेश गर्नुपर्ने हुन्छ, जबकी Monist Principle अन्तर्गत राज्य पक्ष भएको अन्तर्राष्ट्रिय कानुन स्वतः राष्ट्रिय कानुनसरह मान्य हुन्छ । हाम्रो सन्दर्भमा कुन सिद्धान्त (Principle) अंगीकार गर्ने भन्ने प्रष्ट कानुनीब्यवस्था नभएपनि सन्धि ऐन २०४७ को दफा ९ मा नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ, तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ भनी ब्यवस्था गरेको पाइन्छ । अदालतले फैसलाको क्रममा पनि कतिपय मुद्धाहरुमा सोझै अन्तर्राष्ट्रिय कानुनको प्रावधानलाई अंगीकार गरी फैसला गरेको देखिन्छ । यी सबै अवस्थाहरुबाट के निष्कर्षमा पुग्न सकिन्छ भने नेपाल Monist Principle अंगीकार गर्ने राष्ट्रमध्येको एक हो र २०४६ साल पश्चात नेपाल कैयौं अन्तर्राष्ट्रिय कानुनको पक्ष बनेको छ । यति हुँदाहुँदै पनि फौजदारी अपराधको निराकरणमा सारभूत कानुनको हिसाबमा विश्वब्यापी रुपमा अन्य राष्ट्रहरुसँगको नेपालको सम्बन्ध अत्यन्त साँघुरो र अझ भन्नु पर्दा शून्यतामा रहेको अवस्था देखिन्छ । बिश्वका १९६ देशहरुमध्ये नेपालको सपुर्दगी सन्धि भारतसँग मात्र छ । अन्य कुनै पनि राष्ट्रसँग नेपालको सपुर्दगी सन्धि हुन सकेको अवस्था छैन । यसका अलावा फौजदारी अपराधको सवालमा कुनै पनि क्षेत्रीय सन्धि वा अन्य कुनै कानुनी दायरामा आउने पारस्पारिकताको बाध्यकारी अवस्था पनि रहेको पाइँदैन । यसले सारभूत रुपमा नेपाल बाहिर रहेको अभियुक्तलाई नेपाल भित्राउने कुनैपनि कानुनी प्रावधान र आधार रहेको देखिँदैन । विश्वका विभिन्न मुलुकहरुको अवस्था हेर्ने हो भने राष्ट्रहरु क्षेत्रीयताका आधारमा, वा अन्य कुनै पनि आधारमा एक अर्कासँग सपुर्दगीमा बाँधिएको अवस्था पाइन्छ । G-8 Country हरुले तुरुन्त एक अर्का देशको अभियुक्त वा अपराधीलाई हस्तान्तरण गर्नु पर्ने पारस्परिक कानुनी ब्यवस्था गरेको छ । त्यसैगरि European Union मा आबद्ध राष्ट्रहरुबीच पनि यो अवस्था रहेको पाइन्छ। तर हाम्रो जस्तो विश्वका कुनै पनि राष्ट्रसंग सपुर्दगीमा पनि नबाँधिएको र कुनै क्षेत्रिय वा महादेशिय संयन्त्र मार्फत समेत एक आपसमा सपुर्दगी मार्फत आदानप्रदान गर्ने प्रावधान पनि नभएको राष्ट्रले अपराधीकरणबाट देश र समाजलाई मुक्त गर्ने कार्य आफैमा चुनौतिपूर्ण रहेको छ । अपराधिहरु विदेशी भूमिमा खुलेआम घुमिरहेको भेटिए पनि नेपालमा ल्याएर सजाय गर्न सक्ने कानुनी आधार हामीसँग छैन । यस्तो अबस्थामा न्याय मर्ने सम्भावना एकातिर रहन्छ भने अर्को तिर अपराध पीडितहरुको राज्यप्रति बिश्वसनीयतामा कमी आउन सक्ने देखिन्छ ।

सुपुर्दगी सम्बन्धमा हालसालै साउदी अरेबियाको रियादबाट नेपाललाई हस्तान्तरण गरिएका माननीय न्यायाधीश रण बहादुर बमको हत्यामा संलग्न भगवान भन्ने संजय स्माईलीको विषयमा चर्चा गरौं । सर्वोच्च अदालतका माननीय न्यायाधीश रण बहादुर बमको हत्यामा संलग्न भगवान भन्ने संजय स्माईली साउदीमा सवारी चालक पेशा गरेर बसेको अनुसन्धानबाट खुल्न आए पछि इन्टरपोलको अनुरोधमा रियाद प्रहरीले उसलाई पक्राउ गऱ्यो। तत्पश्चात Diplomatic Channel मार्फत यथाशिघ्र कानुनी प्रकृया थाल्न इन्टरपोलमार्फत नेपाललाई साउदी सरकारले जानकारी गरायो । कार्यविधि रुपमा सपुर्दगी ऐन २०७० को दफा ८ र २० बमोजिमको कानुनी प्रकृया अगाडि बढाएपनि सारभूत रुपमा साउदी अरबसँग नेपालको कुनैपनि सपुर्दगी सन्धि नभएको कारण उसलाई समयमा नेपाल ल्याउन कठिन भयो । साउदी कानुन अनुसार अभियुक्तलाई ६० दिन सम्म प्रहरी हिरासतमा राख्दा पनि हाम्रो कानुनी अपर्याप्तताको कारण साउदी प्रहरीसँग मौखिक अनुरोध गर्नु बाहेक हामीसँग अन्यबिकल्प थिएन। तरपनि ६० दिनसम्मको रियाद प्रहरीसँगको निरन्तर सम्पर्कबाट भएको हाम्रो अनौपचारिक सम्बन्धको निकटताका कारण Riyadh INTERPOL का अफिसर कर्णेल

अब्दुल्लाले पनि ईस्माइलीको अपराधी पृष्ठभूमिबाट वाकिफ भई घट्नाप्रति निकै गम्भीर रुपमा प्रस्तुत भए । एउटा राष्ट्र सेवक प्रहरी अधिकृतको पन्जाबाट हत्या जस्तो गम्भीर अपराधमा संलग्न व्यक्ति छुट्ने कार्य साउदी अधिकारीको निम्ति पनि कम पीडादायी थिएन । यी सबै अवस्थाहरुले गर्दा विभिन्न कानुनी अड्चनका बाबजुद साउदी अधिकारिहरुले हाम्रो आग्रहलाई नकार्न सकेनन् । यसका साथै इन्टरपोल महासचिवालय मार्फतको फौजदारी अपराध बिरुद्धको सामूहिक उत्तरदायित्व र प्रतिबद्धताको व्यवहारिक कार्यान्वयनको अवस्थाको जिम्मेवारी बहन गराउने सम्बन्धीको आग्रहले पनि साउदी अधिकारीको निम्ति कार्यान्वयन पक्षमा नैतिक दबाब सिर्जना गरेको थियो । अन्ततोगत्वा साउदी अधिकारीको मित्रवत् व्यवहार, अपराधप्रतिको ऐक्यबद्धता र नेपाल प्रहरीका सम्बद्ध निकायहरुको निरन्तरको प्रयास र विदेशी सहपाठीहरुसँगको पेशागत मर्यादामा रही गरिएको उच्च समन्वयात्मक भूमिकाको कारण एउटा अपराधमा संलग्न व्यक्तिलाई नेपाल ल्याई कानुनको कठघरामा उभ्याई "अपराधी सात समुन्द्र पारी गएपनि कानुनको पन्जाबाट उम्किन सक्दैन" भन्ने सन्देश दिन नेपाल प्रहरी सफल भयो । यसले पीडित परिवार र समाजलाई न्यायको अनूभूति पनि गरायो । साथै यसले दण्डहीनतामा अबश्य पनि कमी ल्याएको महसुस गराउनुका साथै अपराधमा संलग्न हुन खोज्नेहरुलाई निरुत्साही गर्ने बनायो ।

यो सन्दर्भ यहाँ कोट्टयाउनुको कारण हामीले Monist Principle अगीकार गरेर सयौं अन्तर्राष्ट्रिय कानुनमा हस्ताक्षर गरेपनि हामीलाई अत्यावश्यक र अपराधरहित समाज निर्माण गर्न चाहिने द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय कानुनहरुको अभाव रहेको प्रष्ट्याउनु हो । आज भारतबाहेक विश्वका कुनैपनि राष्ट्रसँग नेपालको द्विपक्षीय वा बहुपक्षीय सन्धि हुन सकेको छैन न त G-8 Countries हरुको जस्तो Mutual Legal Assistance को वैधानिक आधार हामीसँग छ । न्यायिक कारबाहीका विषयमा नेपाल र विदेशी राज्यबीच पारस्पारिक कानुनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा कानुनी ब्यवस्था गर्न नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ बमोजिम ब्यवस्थापिका संसदको हैसियतमा संविधान सभाले पारस्परिक सहायता ऐन २०७० जारी गरेको छ । यो ऐनको परिच्छेद-२ अन्तर्गत पारस्पारिक कानुनी सहायता प्राप्त गर्ने अवस्था र विषय अन्तर्गत दफा ३ (१) मा नेपाल र विदेशी राज्यबीच पारस्पारिक कानुनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सन्धि भएको रहेछ भने नेपाल र त्यस्तो विदेशी राज्यबीच पारस्परिक कानुनी सहायता आदान प्रदान गर्न सकिने छ भन्ने ब्यवस्थाबाट द्विपक्षीय सन्धि भएको अवस्थामा मात्र कानुनी कार्यविधिको निम्ति यो ऐन जारी भएको देखिन्छ । त्यसैगरी सपुर्दगी गर्न सकिने कसूरको फरार अभियुक्त वा कसूरदारलाई कानुन बमोजिम सपुर्दगी सम्बन्धी कारबाही गर्ने सम्बन्धमा नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ बमोजिम ब्यवस्थापिका संसदको हैसियतमा संविधान सभाले सपुर्दगी ऐन २०७० बनाएको छ । यस ऐनको लागि पनि नेपाल र बिदेशी राज्यबीच द्विपक्षीय सन्धि भएको अबस्था जरुरी रहेको छ ।

आजको मितिसम्म NCB काठमाडौबाट अन्य नोटिसहरुको प्रकाशनका अलावानेपालमा अपराध गरेर फरार रहेका १३ जनाबिरुद्ध रेड नोटिस र २१ जनाबिरुद्ध डिफ्यूजन जारी गरी सकेको अवस्था छ । मानब बेचबिखन र लागू औषधजस्ता अपराधहरु दिनानुदिन बढिरहेको सन्दर्भमा यस प्रकारका अन्तरदेशीय अपराध निराकरणका लागी समिष्टीगत रुपमा १९० सदस्य राष्ट्रहरु रहेको इन्टरपोलको सदस्य राष्ट्र नेपालले प्रशासनिक रुपमा अन्य राष्ट्रहरुसँग समन्वयतथा पारस्पारिक सम्बन्ध बिस्तार एवं द्विपक्षीय कार्यगत एकताबाहेक यस्ता मुद्दाहरु सम्बोधन गर्नेगरी बन्ने भावी कानुनको प्रतिक्षा गर्नुको बिकल्प छैन । यसको निम्ति कम्तीमा पनि न्यूनतम कानुनी आधारहरु तत्काल स्थापित गरी अपराध अनुसन्धान तथा प्रहरी कारबाहीलाई अन्तर्राष्ट्रिय स्तरमै प्रभावकारी बनाउन MOU वा अन्य कुनै समन्वयात्मक प्रकृतिका पारस्पारिक सम्झौता निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ । ■

# यातना र क्षतिपूर्ति कानून कार्यान्वयन र सुधारका व्यावहारिक सवालहरु

**कृष्णजीवी घिमिरे**
**सह-न्यायाधिवक्ता**
**महान्यायाधिवक्ताको कार्यालय**

**१. पृष्ठभूमि :**
विश्वव्यापी रुपमा यातना जुनसुकै दृष्टिले अमानवीय, गैरकानुनी, वर्जित र भर्त्सनायोग्य विषय रहिआएको छ । विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरु यातना रोक्नमा लक्षित रहेका छन् र नेपालमा पनि यातनालाई रोक्न संवैधानिक र कानुनी व्यवस्थाहरु विगतदेखिनै हुँदै आए पनि यातनाका विषयमा सार्वजनिक पदाधिकारीको संलग्नता, उपचार, निवारक नजरबन्दको अवस्थासँगको तादातम्यता, क्षतिपूर्ति र हदम्याद जस्ता विषयहरु अन्यौलताबाट निर्देशित हुँदै आएको पाइन्छ । वि. सं. २०६६ साल चैत्र ४ गते पुनरावेदन अदालत इलामबाट पुनरावेदक प्र.ना.उ. तारिणी प्रसाद लम्सालविरुद्ध निवेदक लवदेव ढुङ्गाना भएको क्षतिपूर्ति दिलाई पाऊँ भन्ने मुद्दामा जिल्ला अदालत पाँचथरबाट रु.३५०००।- क्षतिपूर्ति भराई दिने गरी मिति २०६४/५/१२ मा भएको फैसलालाई सदर गर्ने गरी निर्णय भएको थियो । प्रहरीको प्रतिवेदनबाट जिल्ला प्रशासन कार्यालय, पाँचथरले सार्वजनिक सुरक्षा ऐन बमोजिम नजरबन्दमा राख्ने आदेश भई ५० दिनपश्चात छाडिएको । निज ढुङ्गानालाई छाडेको ३ महिना ८ दिनपश्चात निजको निवेदन परेको भएता पनि यातना तथा क्षतिपूर्ति ऐनको दफा ५(१) को हदम्यादलाई मान्यता नदिई निवारक नजरबन्दसम्बन्धी संवैधानिक व्यवस्था र संकटकालको समाप्तिसम्बन्धी प्रावधान समेतको आधारमा हदम्यादलाई जिल्ला अदालतको फैसलामा कायम गरिएको छ भने यातनासम्बन्धी प्रामाणिक विवरण, जाँचसम्बन्धी कागजात, प्रमाणको विद्यमानताको विश्लेषण, दिइएको क्षतिपूर्ति निर्धारणका आधारतर्फ मौन देखिएको । तर, पर्याप्त आधार र कारणविना थुनामा राखिएको र थुनामा राख्दा तथा छाड्दासमेत शारीरिक जाँच गराउनु पर्ने प्रकृया नपुऱ्याई यातना दिएको देखिएकोले क्षतिपूर्ति भराउने भनि फैसला भएको देखिन्छ ।

यस पूर्व पुनरावेदक मनऋषि धितालविरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत भएको क्षतिपूर्ति मुद्दामा पुनरावेदन अदालत पाटनबाट मिति २०६४/३/२६ गते भएको फैसलामा जनआन्दोलन दवाउने सिलसिलामा गैह्रकानुनी थुनामा राखिएको अवस्थामा निवेदकलाई प्रहरी कार्यालयले यातना दिएन होला भनि विपक्षीहरुले लिइएको प्रतिउत्तर जिकिर विश्वासयोग्य देखिन आएन भनि रु.२२,०००।- क्षतिपूर्ति भराउने निर्णय भएको पाइन्छ । यी फैसलाहरुको अध्ययन समेतबाट हिरासत तथा यातनाको विषय र सोसँग जोडिने सबै तथ्यको विश्लेषण, प्रमाणको मूल्यांकन, यातना प्रमाणित हुनुपर्ने नपर्ने, यातना र क्षतिपूर्ति सम्बन्धी ऐनको दफा ५(१) को हद(म्याद, दफा ११ को बिषयलगायतका कुराहरुमा कैयन प्रश्नहरु सिर्जना गरिदिएबाट अनुसन्धान, तहकिकात वा पुर्पक्षसम्बन्धी कार्यमा संलग्न हुने निकायहरु लगायत प्रहरी प्रशासनको लागि यो

विषय गम्भीर र चुनौतीपूर्ण रुपमा तेर्सिदै आएको छ । यस सन्दर्भमा यस प्रस्तुतिमा यातनासम्बन्धी विषयका अन्तर्राष्ट्रिय दस्तावेज, राष्ट्रिय संवै धानिक व्यवस्था, कानुनी व्यवस्था, प्रहरीको भूमिका तथा दायित्व, व्यवहारमा देखिएका समस्या, समस्या समाधानका लागि सुझाव तथा उपयुक्त निष्कर्षमा पुग्ने जमर्को गरिएको छ ।

## २. अन्तर्राष्ट्रिय परिवेश

यातनालाई गम्भीर मानवताविरुद्धको अपराध मानि विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरु तथा सो सन्दर्भमा गठित निकायहरुले रोकथाम सन्दर्भमा उल्लेख गरेका छन् । विशेषत: यो मानव अधिकारसँग सम्बन्धित विषय भएकाले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा (UDHR) लगायतका कैयन अन्तर्राष्ट्रिय दस्तावेजहरु सम्बन्धित भए पनि यातना तथा अन्य क्रुर अमानवीय वा अप( मानजनक व्यवहार वा दण्डविरुद्ध महासन्धि, १९८४ महत्वपूर्ण दस्तावेजका रुपमा रहेको छ । नेपालले यसलाई सम्मेलन गरेको सन्दर्भमा यो अभिसन्धिको हैसियत सन्धि ऐनको दफा ९ बमोजिम नेपालको कानुनसरह लागु हुने मात्र हैन नेपालको कानुन यस अभिसन्धिको प्रावधानसँग बाझिन गएमा अभिसन्धि नै लागू हुने अवस्था रहेको छ । यसले गर्दा यातनाको विषय ज्यादै संवेदनशील छ र कानुन लागू गर्ने निकाय तथा पदाधिकारीको लागि हरहमेशा संवेदनशील र चुनौतीपूर्ण बन्दै गएको छ ।

कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरुको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने महासन्धिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्रसंघको महासभाद्धारा १० डिसेम्वर, १९८४ मा पारित भई २६ जून, १९८७ देखि लागू भएको हो । यो महासन्धिमा ३३ धारा छन् । यो महासन्धिलाई नेपालले १४ मे, १९९१ मा बिना शर्त अनुमोदन गरेको थियो । यो महासन्धिको धारा १(१) अनुसार ‘यातना’ भन्ने शव्दले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक अधिकारीको क्षमताको हैसियतको काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा सावित लिने वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरुको लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानी जानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ । यसको धारा १५ अनुसार यातनाबाट दिइएको बयानलाई प्रमाणको रुप दिन सकिँदैन ।

यो महासन्धिको धारा ४ अनुसार यातनाका सबै कार्यहरुलाई पक्ष राष्ट्रले आफ्नो फौजदारी कानुन अन्तर्गत राख्नुपर्ने र यस्ता कसूरहरुलाई तिनीहरुको गम्भीर प्रकृतिको समेत विचार गरी उपयुक्त दण्ड सजायबाट दण्डनीय बनाउनुपर्ने कुरामा जोड दिन्छ । धारा १४ अनुसार यातनाको कार्यबाट पीडित व्यक्तिले उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न सक्छ । यातनाको फलस्वरुप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरुले क्षतिपूर्ति पाउने अधिकार छ । धारा १० ले कानुन कार्यान्वयन गर्ने कर्मचारीहरु, निजामती वा सैनिक, चिकित्सा कर्मचारी, सार्वजनिक अधिकारी तथा कुनै प्रकारको पक्राउ, थुना वा कैदमा परेका कुनै व्यक्तिको थुना, सोधपुछ वा उपचारमा संलग्न हुने अन्य व्यक्तिहरुको तालिममा यातना निषेधसम्बन्धी शिक्षा तथा जानकारी समावेश गर्नुपर्ने कुरामा जोड दिन्छ ।

## ३. विद्यमान संवैधानिक व्यवस्था

साविकको नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा मौलिक हक अन्तर्गत धारा २५ मा निवारक नजरबन्द विरुद्धको हकबारेमा उल्लेख गर्दै नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पार्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा नराखिने र निवारक नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिए बमोजिम क्षतिपूर्ति पाउने कुराको प्रत्याभूति गरिएकोमा नेपालको संविधान २०७२ को धारा २३ मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा नराखिने, निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनु पर्ने, निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने

उल्लेख गरिएको छ । यसैगरी साविकको व्यवस्थालाई निरन्तरता दिँदै नेपालको संविधान २०७२ को धारा २२ मा यातनाविरुद्धको हक अन्तर्गत पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनि संवैधानिक ग्यारेण्टी गरिएको छ। यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने कुरा समेत सो धारामा उल्लेख गरिएको छ ।

उल्लेखित संवैधानिक व्यवस्था बमोजिम निश्चित आधारमा मात्रै नजरबन्दमा राख्न सकिने र यदि कानुन विपरीत वा वदनियतपूर्वक राखेमा त्यस्तो नजरबन्दमा राखिएको व्यक्तिले क्षतिपूर्ति पाउने अवस्था रहेको छ भने कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक रुपमा प्रभाव पर्ने गरी वा अमानवीय, निर्मम, अपमानजनक रुपमा व्यवहार गरिएमा मात्रै पनि त्यस्तो कार्य यातनाजन्य कार्यको रुपमा मानि त्यस्तो कार्यमा उचित क्षतिपूर्ति पाउने कुरा उल्लेख गरिएबाट यो हकको विषय ज्यादै संवेदनशील मानिएको छ। विशेषत अनुसन्धानमा संलग्न प्रहरी लगायतका निकायहरु यस संवैधानिक हकको विषयमा जानकार र संवेदनशील हुनै पर्ने हुन्छ ।

## ४. कानुनी व्यवस्था

नेपालको संविधान २०७२ को उल्लेखित व्यवस्था अन्तरिम संविधान २०६३ को धारा २६ र नेपाल अधिराज्यको संविधानको धारा १४(४) को निरन्तरता हो र यो व्यवस्थालाई सार्थक रुप दिनको लागि साविकदेखिनै यातना र क्षतिपूर्ति ऐन, २०५३ निर्माण भई लागू भईरहेको अवस्था छ । यस ऐनमा यातना भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनुपर्छ र सो शव्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ र पीडित व्यक्ति भन्नाले यातना पाउने व्यक्ति सम्झनु पर्छ भनिएको छ ।

यस ऐनले अनुसन्धान तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने, थुनामा राख्दा र छाड्दा शारीरिक जाँच गराउनु पर्ने, जाँच प्रतिवेदन एक प्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्ने उल्लेख गरेको छ। पीडित व्यक्तिले ३५ दिनभित्र थुना वा यातनासम्बन्धी तथा माग गरेको क्षतिपूर्ति विवरण खोली जिल्ला अदालतमा निवेदन दिन सक्ने, यस्तो मुद्दामा संक्षिप्त कार्यविधि लागु हुने, जिल्ला अदालतले उजुरी व्यहोरा ठीक देखिए १ लाख रुपैयाँसम्म नेपाल सरकारबाट भराई दिने निर्णय गर्न सक्ने, वदनियत चिताई उजुरी दिएमा ५ हजारसम्म जरीवाना हुन सक्ने व्यवस्था छ भने यातना दिने सरकारी कर्मचारीलाई विभागीय सजाय गर्न आदेश दिन सक्ने व्यवस्था रहेको छ। यस्तै क्षतिपूर्तिको निर्धारण गर्दा ध्यान दिनु पर्ने कुरा, निर्णय अन्तिम भएको १ वर्षभित्र क्षतिपूर्ति रकम पाउन प्रमुख जिल्ला अधिकारी कहाँ निवेदन दिनुपर्ने व्यवस्था छ भने यस्तो मुद्दामा कार्यालय प्रमुखको अनुरोधमा सरकारी वकिलले प्रतिरक्षा गरिदिन सक्ने प्रावधान समेत रहेको छ ।

## ५. प्रहरीको भूमिका तथा दायित्व

उल्लेखित संवैधानिक तथा कानुनी व्यवस्थाको सन्दर्भमा निवारक नजरबन्दमा राख्ने विषयको उठान तथा सरकारवादी भई चलाउने मुद्दामा अनुसन्धान तहकिकात सन्दर्भमा अभियुक्तलाई थुनामा राख्ने, सरकारी वकिलमार्फत मुद्दा चलाउने, नचलाउने निर्णय गराउने, मुद्दा चलाउने भएमा अदालतसमक्ष पेश गर्ने र नचलाउने निर्णय भई आएमा छाड्नेसम्मको कार्यमा प्रहरीको भूमिका रहने कानुनी व्यवस्था रहेको छ । यसरी अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमको कार्यवापत प्रचलित कानुनको अधिनमा रही प्रहरीले नै सो कार्य गर्नुपर्ने हुँदा यस्ता व्यक्तिको हकमा कानुनसम्मत ढङ्गले कार्य सम्पादन गर्नमा प्रहरीको जिम्मेवारी रहेको हुन्छ ।

अपराध नियन्त्रणका सिलसिलामा अनुसन्धान, तहकिकात, हिरासत लगायत मुद्दा चलाउने नचलाउने राय प्रस्तुत गर्नेसम्मका सम्पूर्ण कार्यमा संलग्न रहने प्रहरीका कामकारवाही कानुनसम्मत हुनुपर्ने हुन्छ । प्रकृयागत रुपका कामकारबाही जस्तो कि पक्राउ पूर्जी, हिरासतमा राखिएको जानकारी, छाड्दाको जनाउ, हिरासतमा राख्दा र छाडदा शारीरिक जाँचलगायतका पक्ष र थुनामा शारीरिक या मानसिक रुपमा यातनाजन्य अवस्थाको सिर्जना हुन नदिने, अपमानजन्य व्यवहार नहुने कुराको प्रत्याभूति गर्नु प्रहरीको दायित्व हुन्छ । यस अर्थमा संविधान र कानुनप्रति

मात्र नभई राज्य, जनता र प्रत्येक व्यक्तिप्रति गरिने न्यूनतम मानवीय व्यवहारको दायित्व निर्वाहको अपेक्षा प्रहरीसँग राखिएको पाइन्छ। यस्तो नभएमा यातना र क्षतिपूर्ति ऐन बमोजिम क्षतिपूर्ति भराई सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही हुन सक्दछ । त्यसैले हिरासत, थुनामा शारीरिक वा मानसिक रुपका कुनै पनि किसिमले यातना दिन नहुने मात्र हैन, निर्मम अमानवीय वा अपमानजनक व्यवहार हुन नदिनेमा प्रहरी सङ्गठन र जिम्मेवार प्रहरी कर्मचारी सतर्क र सजग रहनुपर्ने हुन्छ। यसै गरी यातना दिएको भनि निवेदन परेको अवस्थामा सो को कानुनी तथा तथ्यगत प्रतिवाद, पुनरावेदन जस्ता कुरामा जानकार बनी प्रतिरक्षासमेतको कार्यमा सरकारी वकिलसँग नियमित समन्वय र सहयोगको अवस्थामा हरदम तयार रहनु पर्दछ।

## ६. व्यवहारमा देखिएका समस्या

संवैधानिक व्यवस्थाको रुपमा निवारक नजरबन्दसम्बन्धी व्यवस्था र यातनाविरुद्धको प्रावधान समाहित भएको लामो समय भईसकेको छ। यातनाविरुद्धको महासन्धिमा नेपालले हस्ताक्षर गरेको झण्डै २५ वर्ष भईसकेको छ, यातना र क्षतिपूर्तिसम्बन्धी कानुनी व्यवस्था भएको झण्डै २० वर्ष भईसकेको पनि छ । तर यातनाको समग्र शारीरिक, मानसिक र निर्ममता पक्षका अलावा अमानवीय र अपमानपूर्ण व्यवहार पनि यातनाभित्र पर्छ भन्ने कुरा  अनुसन्धानमा संलग्न कैयन प्रहरी तथा अन्य कर्मचारीहरु अनभिज्ञ रहने गरेको पाइएको छ। हाम्रा संवैधानिक तथा कानुनी दस्तावेजहरु नागरिक अधिकारको संरक्षणका लागि अत्यन्तै सूक्ष्म पक्षसँग समेत संवेदनशील भई समाहित गर्न व्यापक दायरा बनाउँदै जाँदा समेत अनुसन्धान तहकिकात तथा हिरासतसम्बन्धी कार्यमा संलग्न निकायहरु, त्यसमा कार्यरत प्रहरी, कर्मचारीहरु प्रशिक्षित हुन नसक्ने व्यवस्था रहनु, त्यसको प्रत्याभूति हुने खालको संयन्त्र बन्न नसक्नुबाट कार्यसम्पादनका राम्रा सूचकहरु समेत व्यवहारमा देखिनु त कता हो कता गम्भीर अपराधमा संलग्न व्यक्तिहरुलाई सामान्य रुपमा हिरासतमा राख्दा वा बन्दीसँगको न्यूनतम रुपका व्यवहार गर्दा समेत यातना दियो भन्ने आलोचना गर्ने व्यवहारिक प्रचलन तीव्र रुपमा बढ्दो छ।

यसैगरी हिरासत तथा यातनाको विषय र सोसँग जोडिने सबै तथ्यको विश्लेषण, प्रमाणको मूल्यांकन, यातना प्रमाणित हुनुपर्ने नपर्ने, यातना र क्षतिपूर्तिसम्बन्धी ऐनको दफा ५(१) को हदम्याद, दफा ११ को बिषय लगायतका कुराहरुमा कैयन प्रश्नहरु अदालतका उल्लेखित समेतका कैयन फैसलाहरुबाट सिर्जना गरिदिएबाट अनुसन्धान, तहकिकात वा पुर्पक्षसम्बन्धी कार्यमा संलग्न हुने निकायहरु लगायत प्रहरी प्रशासनको लागि यो विषय गम्भीर र चुनौतीका रुपमा तेर्सिंदै आएको छ।

प्रहरीले जतिसुकै राम्रो व्यवहार प्रदर्शन गरे पनि मुद्दामा प्रभाव पार्नकै लागि भने पनि वा यातना दिएको भन्ने कुरा गरेपछि मुद्दा जित्न सकिन्छ भन्ने अभिप्राय राखी यातना दिएको भन्ने प्रवृत्ति पनि बढ्दो छ । यसो हुनुमा माथि उल्लेख भएझैं यातना नदिएको कुरालाई व्यवहारमा प्रतिवाद गर्ने, देखाउने, पुष्टि गर्ने, प्रमाणित गर्न चुनौती दिन सक्ने राज्यको संयन्त्र नै कमजोर छ भने केही अवस्थामा संलग्न कर्मचारीहरु प्रशिक्षित नहुने समस्या, केहीमा अटेरी गर्ने प्रवृत्ति पनि जिम्मेवार देखिन्छ । यसैगरी हिरासतमा लिँदा, राख्दा, छोड्दा दिनुपर्ने कानुन सम्मत पूर्जी नदिने, स्वास्थ परीक्षण नगराउने, गराए पनि उल्लेखित कागजात ल्याई मिसिल सामेल नगरिदिने, सम्वन्धित कर्मचारी सरुवा भई गएपछि अर्काले गरेको काममा पछि आउनेले चासो नदिने गर्दा पनि यातना दिएको भनि मुद्दा हाल्ने र पीडितको नाममा मुद्दा जित्ने अवस्थाहरु बढ्दै गएको देखिन्छ।

यी अवस्थाहरुको कारण यातनाको वृहत परिभाषाभित्र परेको मानि पक्षले मुद्दा हाल्ने र अनाहकमा प्रतिरक्षाको अवस्थाहरु देखा पर्दछ। यस्तै यातना दिएको प्रमाणित हुने पदाधिकारीलाई विभागीय कारबाहीको सजायसम्म हुन त सक्तछ नै। यसका अलावा सो दोषको भागी निरिह राज्य बन्नुपर्ने र व्यहोर्नुपर्ने  क्षतिपूर्तिको  रकम व्ययभार राज्यको  थाप्लोमा पर्न जानु निश्चित रुपमा दुखःदायी बन्दछ। यो अवस्था राज्यले भोग्दै जानुपरेको छ । अनुसन्धान, तहकिकात र हिरासतमा राख्ने जिम्मेवारी पाएका निकाय र पदाधिकारी कर्मचारीको अज्ञानता, जवर्जस्तपन तथा हेलचक्र्याइँका कारण उठाई यस्ता मुद्दाहरु पर्ने र मुद्दा परिसकेपछि पनि प्रतिरक्षाका लागि पूर्व तयारी नगर्ने, सरकारी वकिललाई जानकारी गराई सहयोग र समन्वय गर्ने वातावरण पनि नबनाउने कारणले यातना र क्षतिपूर्तिसम्बन्धी विषय व्यवहारमा समस्याजनक र चुनौतीपूर्ण बन्दै गईरहेको छ।

## ७. समस्या समाधानका लागि केही सुझाव

यातनाविरुद्धमा व्यवस्था भएका अन्तर्राष्ट्रिय

दस्तावेज, नेपालको अन्तरिम संविधानका प्रावधान तथा विद्यमान कानुनी प्रावधानका सन्दर्भमा व्यवहारमा देखिएका कठिनाइहरु निकै नै चुनौतीपूर्ण देखिएका छन् । यातना शव्दले समेटेको वृहद परिभाषाको सरोफेरोमा देखिएका समस्या समाधानका लागि अनुसन्धान तहकिकात तथा हिरासतमा राख्ने कार्यमा संलग्न प्रहरी कर्मचारी तथा निकायहरुले निम्न कुरामा ध्यान दिनु आवश्यक देखिएको छ :

(क) यातना र क्षतिपूर्ति विषयका नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेज, संवैधानिक व्यवस्था, यातना र क्षतिपूर्ति ऐन, २०५३ का व्यवस्था बारेमा सम्बद्ध कर्मचारीहरुलाई जानकार गराउने र सम्बद्ध निकायले यस बारेको तालिमको व्यवस्था मिलाउनुपर्ने ।

(ख) सरकारी मुद्दासम्बन्धी ऐन, नियम, प्रहरी ऐन, नियम लगायत प्रचलित कानुनले तोकेका अनुसन्धान, तहकिकात, हिरासतसम्बन्धी काम कारबाहीमा थुना वा नियन्त्रणमा लिँदा, राख्दा, छाड्दा प्रचलित कानुन बमोजिमको प्रकृया पुऱ्याई पूर्जी दिने ।

(ग) कसैलाई नियन्त्रणमा लिँदा र छाड्दा अनिवार्य रुपमा स्वास्थ परीक्षण गराउने र सो को प्रतिवेदन सुरक्षित तवरमा अभिलेखीकरण गर्ने ।

(घ) नियन्त्रणमा लिइएका व्यक्तिप्रतिको व्यवहारमा पूर्णतया संयम, धैर्यता र वुद्धिमता अपनाउने र कुशलतापूर्वक कार्य सम्पादन गर्ने ।

(ङ) शारीरिक र मानसिक जाँच गरिएपछि सो प्रतिवेदन अविलम्व १ प्रति सम्बन्धित जिल्ला अदालतमा पठाउने ।

(च) कसैले यातना दिएको भनि कसैको उजुरी परेमा सो को हदम्याद जस्ता कुरामा ख्याल राख्ने र अविलम्ब सम्बन्धित निकायले सो को कारण तथा प्रतिवादको लागि ध्यान दिनुपर्ने, आन्तरिक छानविन गर्ने ।

(छ) कोही पदाधिकारीले जानीजानी लापरवाही वा वदनियतपूर्वक यातना दिएको देखिएमा गलत गर्ने उपर ढाकछोप नगर्ने, कसूर अनुसारको कारबाही गर्ने ।

(ज) उजुरी वदनियतपूर्वक दिएको देखिएमा सो सन्बन्धी आवश्यक प्रमाण कागजातहरु संकलन गरी चुस्त दुरुस्त बनाउने र सो प्रतिवाद प्रतिउत्तर पेश गर्न सरकारी वकिलसँग सम्पर्क गर्ने ।

(झ) प्रतिउत्तर/प्रतिवाद पेश गरिसकेपछि प्रतिरक्षाको लागि सवै कागजात, प्रमाण संलग्न राखी सरकारी वकीलकहाँ पठाउने ।

(ञ) कतिपय मुद्दामा विपक्षी बनाएका निकायले लिखित प्रतिवाद नै नगर्ने र लिखित प्रतिवाद गरे पनि प्रतिरक्षाको लागि नलेख्ने, लेखे पनि मुद्दामा वेवास्ता गरी सरकारी वकिलको टाउकोमा थुपार्ने प्रवृति देखिंदा यस्तो नहुने व्यवस्था सबै निकायले मिलाउने ।

(ट) कुनै पनि कर्मचारीले गरेको गलत कार्यको परिणाम राज्यले क्षतिपूर्ति तिर्नुपर्ने हुँदा आफ्नो गलत प्रवृतिप्रति प्रत्येक कर्मचारी सचेत रहनुपर्ने र माथिल्लो पदाधिकारी तथा निकायले यस्ता कार्यमा निगरानी, सुपरिवेक्षण, निरीक्षणमार्फत गलत क्रियाकलाप नियन्त्रण गर्ने प्रयास गर्नुपर्ने र गलत गर्ने उपर कारबाही गर्नुपर्ने ।

(ठ) अनुसन्धान, तहकिकात तथा हिरासतसम्बन्धी काम कारबाहीलाई सही ढङ्गबाट सञ्चालन गरी जनविश्वास बनाउँदै लैजान प्रहरी कार्यालयको जिम्मेवारी हुने हुँदा यस्ता कार्यलाई दण्ड र पुरस्कारसँग सम्बद्ध गर्दै लैजाने । यसलाई बढुवा, सुविधा, विदेश भ्रमणलगायतका समग्र वृति विकाससँग आबद्ध गर्नुपर्ने ।

(ड) यातना दिएको भनि जिल्ला अदालतबाट क्षतिपूर्ति दिलाउने गरी फैसला भएमा सोउपर सम्बन्धित निकायले पुनरावेदन गरी प्रतिरक्षाको लागि सम्बन्धित सरकारी वकिलकहाँ अनुरोध गर्ने र तत्पश्चात समन्वय, सहयोग गर्नुपर्ने ।

## ८. निष्कर्ष

समग्रमा यातना भनेको मानवताविरुद्धको अपराध भएको र यातनाको परिभाषामा अपमानपूर्ण व्यवहार समेत पारिएको परिप्रेक्ष्यमा अनुसन्धान, तहकिकात तथा हिरासतमा राख्ने, छाडनेसम्बन्धी कार्यहरु संविधान तथा कानुन सम्मत हुनैपर्दछ, यातना दिएको सम्बन्धमा हदम्याद र क्षतिपूर्तिसम्बन्धी व्यवस्था कानुनद्वारा नै निर्धारित हुने हुँदा अस्पष्ट प्रावधानहरु मार्फत भन्दा कानुनद्वारा निर्धारित व्यवस्थालाई नै सबै निकायले मनन गर्नैपर्ने हुन्छ । सकभर मुद्दा नै नपर्ने स्थितितर्फ आ-आफ्ना काम कारबाहीलाई विश्वसनीय बनाउने, मुद्दा परेमा कानुनसम्मत ढंङ्गले प्रतिवाद गर्ने, प्रतिरक्षाका लागि तथा सफलताका लागि आपसी समन्वय, सहयोगात्मक रुपमा कार्य गरी समष्टिमा आफ्नो दुष्कर्मबाट राज्यसमेत पीडित हुन्छ भन्ने मानसिकता राखि सो रोक्नेतर्फ मनन गरी कार्य गर्न सम्बद्ध तथा संलग्न प्रहरी कर्मचारीलाई प्रशिक्षित गर्दै लैजानु आवश्यक छ । ■



# सम्पत्ति शुद्धीकरण तथा यसको कानुनी व्यवस्था

प्र.ना.उ. गौतम मिश्र
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

## सम्पत्ति शुद्धीकरण (Money Laundering) को परिचय

गैरकानुनी रुपमा आर्जित आय वा कालो धनलाई धोई पखाली शुद्ध बनाउने प्रक्रियालाई सम्पत्ति शुद्धीकरण भनिन्छ । सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने वा छल्ने कार्य नै सम्पत्ति शुद्धीकरण हो । सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निर्सग स्वामित्व वा सो सम्पत्तिउपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने कार्यलाई सम्पत्ति शुद्धीकरणको नामले चिनिन्छ। कसूर गरी सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने कार्य समेत सम्पत्ति शुद्धीकरण हो। सम्बद्ध कसूर (Predicate Offence) को सह-अपराध (Secondary Offence) को रुपमा रहने अपराध भएकोले यो एक बहुआयामिक वित्तीय अपराध हो ।

- **सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ३ अनुसारः**

(१) कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुँदैन:

(क) सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने वा छल्ने वा कसूरमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदापाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,

(ख) कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदापाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निर्सग (Disposition), कारोबार (Movement), स्वामित्व वा सो सम्पत्तिउपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा

(ग) कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने ।

(२) कुनै व्यक्तिले उल्लेखित कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन हुँदैन ।

(३) कसैले (१) वा (२) का कुनै कार्य गरेमा सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूर हुनेछ ।

## आतंकवादी क्रियाकलापमा वित्तीय लगानी (Terrorist Financing) को परिचय

कुनै पनि आतंककारी कार्यमा वा आतंककारी व्यक्ति वा आतंककारी संगठनले पूर्ण वा आंशिक रुपमा प्रयोग गर्ने गरी प्रत्यक्ष वा परोक्ष रुपले प्रदान गरिएको सम्पति वा कोष, हात हतियार निर्माण, ओसार पसार र प्रयोगमा गरिने लगानीलाई आतंकवादी क्रियाकलापमा वित्तीय लगानी भनिन्छ।

- **सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ४ अनुसारः**

(क) कुनै व्यक्तिले आतंककारी कार्यमा वा आतंककारी व्यक्ति वा आतंककारी संगठनले पूर्ण वा आंशिक रुपमा प्रयोग गर्ने वा गर्न सक्ने कुरा थाहा पाउँदापाउँदै गैरकानुनी मनसायले स्वेच्छापूर्वक कुनै पनि माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पत्ति वा कोष उपलब्ध गराउन वा सङ्कलन गर्न हुँदैन।

(ख) कुनै व्यक्तिले आतंककारी कार्य गर्नको लागि वा आतंककारी व्यक्ति वा आतंककारी संगठनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि माध्यमबाट भौतिक सहयोग वा साधन स्रोत उपलब्ध गराउन वा सोको षड्यन्त्र गर्न हुँदैन।

(ग) उल्लिखित कार्य गरेमा त्यस्तो कार्य आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूर हुनेछ।

## सम्बद्ध कसूर (Predicate Offence) को परिचय

सम्बद्ध कसुर भन्नाले सम्पत्ति आर्जन गर्ने उद्धेश्यले गरिएका विभिन्न प्रकारका फौजदारी तथा देवानी प्रकृतिका अपराधहरु हुन्। जुन अपराध गरे वापत अभियुक्तलाई प्रचलित कानुन अनुसार कारबाही गर्नका साथै सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ अनुसार समेत कारबाहीको दायरामा ल्याइन्छ।

## सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को अनुसुचि १ मा उल्लेख भएका सम्बद्ध कसूरहरू

- संगठित आपराधिक समूह र गैरकानुनी वा धूर्त्याइँपूर्वकको असूली (Racketeering) मा सहभागी हुने सम्बन्धी,
- विध्वंसात्मक कार्यलगायत आतंकवादसम्बन्धी,
- जुनसुकै प्रकारको मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी,
- बाल यौन शोषणलगायत जुनसुकै प्रकारको यौन शोषणसम्बन्धी,
- लागूऔषध तथा मनोद्वीपक पदार्थको गैरकानुनी ओसारपसारसम्बन्धी,
- हातहतियार खरखजानाको गैरकानुनी ओसार पसारसम्बन्धी,
- चोरी गरिएको वा अन्य वस्तुको गैरकानुनी ओसार पसारसम्बन्धी,
- भ्रष्टाचार तथा घुससम्बन्धी,
- ठगीसम्बन्धी,
- किर्तेसम्बन्धी,
- खोटा सिक्का वा मुद्रासम्बन्धी,
- नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानुनी प्रतिलिपि वा चोरी (Piracy of Product) सम्बन्धी,
- वातावरण विनाशसम्बन्धी,
- ज्यान लिने तथा अङ्गभङ्गसम्बन्धी,
- अपहरण, गैरकानुनी थुना वा शरीर बन्धकसम्बन्धी,
- चोरी वा डकैतीसम्बन्धी,
- तस्करी (भन्सार, अन्तशुल्क तथा करसहित) सम्बन्धी,
- कर (प्रत्यक्ष वा अप्रत्यक्षसमेत) सम्बन्धी,
- आपराधिक लाभ (Extortion) सम्बन्धी,
- सामुद्रिक डकैती (Piracy) सम्बन्धी,
- धितोपत्र वा कमोडिटिज बजारलाई प्रतिकूल प्रभाव पार्ने (Market Manipulation) वा भित्री कारोबार (InsiderTrading) सम्बन्धी,
- प्राचीन स्मारक संरक्षणसम्बन्धी,
- वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणसम्बन्धी,
- मुद्रा, बैंकिङ्ग, वित्तीय, विदेशी विनिमय, विनिमय अधिकारपत्र, बीमा वा सहकारीसँग सम्बन्धी,
- कालोबजार, उपभोक्ता संरक्षण, प्रतिस्पर्धा वा आपूर्तिसम्बन्धी,
- निर्वाचन सम्बन्धी,
- सञ्चार, प्रशारण, विज्ञापनसम्बन्धी,
- यातायात व्यवसाय, शिक्षा, स्वास्थ्य, औषधी वा वैदेशिक रोजगार ठगीसम्बन्धी,
- फर्म, साझेदारी, कम्पनी वा संघ संस्थासम्बन्धी,
- घर, जग्गा र सम्पत्तिसम्बन्धी,
- चिट्ठा, जुवा वा चन्दासम्बन्धी,
- नागरिकता, अध्यागमन वा राहदानीसम्बन्धी,
- आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूर,
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य कुनै कसूर,
- माथि उल्लिखित कसूर मानिने कुनै कार्य विदेशमा भए

गरेको र त्यस्तो कार्य सम्बन्धित मुलुकको कानुन बमोजिम समेत अपराध मानिने रहेछ भने त्यस्तो कसूर ।

**सम्पत्ति शुद्धीकरणबाट हुने असर**:

- अपराध र अपराधी शक्तिशाली बन्ने,
- नियमन, सुपरीवेक्षण र कानुनी कारवाहीलाई कमजोर बनाउने,
- आर्थिक तथा वित्तीय पारदर्शीता घट्ने,
- वित्तीय स्थायित्वलाई नष्ट पार्ने,
- स्थायित्व र पूर्वानुमान गर्न नसकिने वातावरण ल्याउने,
- आर्थिक लगानीलाई दुरुत्साहन गर्ने,
- पूँजी पलायनलाई बढावा दिने,
- व्यापार घाटा बढाउने,
- विदेशी विनिमय दुरुपयोग बढाउने र विनिमय दरलाई अस्थिर पार्ने,
- सरकारी संयन्त्रप्रति विश्वासको वातावरण गुम्ने ।

## ML Process



**सम्पत्ति शुद्धीकरणका चरण/तरिका**

- सङ्कलन (Collection)
- रकम राख्ने (Placement)
- रकमको तहकीकरण गर्ने (Layering)
- सम्पत्ति एकीकृत गर्ने (Integration)

उल्लेखित चरण सूत्रबद्ध रुपमा निम्नानुसार पनि व्याख्या गर्न सकिन्छ ।

**सम्पत्ति शुद्धीकरणको प्रक्रिया**

अ) अपराध
आ) आर्जन
इ) इन्तजाम
ई) ईलम
उ) उपचार
ऊ) ऊर्जाशील/उपयोग/उन्मुक्ति

| **सम्पत्ति शुद्धीकरणका सम्भाव्य क्षेत्र:** | **सुचक संस्थाहरू** |
|---|---|
| • भ्रष्टाचार,<br>• अवैध हातहतियारको कारोवार,<br>• मानव तस्करी तथा अमुल्य वस्तु, जनावर र बहुमुल्य वनस्पतिको तस्करी,<br>• सीमा तस्करी,<br>• आतंककारी कार्य र आतंकवादमा भएको वित्तीय लगानी,<br>• लागु औषध कारोवार,<br>• चिट्ठा ठगी,<br>• माफिया सञ्चालन,<br>• हुण्डी व्यापार,<br>• क्यासिनो,<br>• अपहरण र फिरौती,<br>• चोरी र डकैती (Piracy)<br>• राजस्व छली,<br>• कुनै पनि गैर कानुनी कार्य वा कालो धन सेतो पार्ने जुनसुकै कार्य | • नेपाल राष्ट बैक वित्तिय जानकारी ईकाइ<br>• नेपाल प्रहरी<br>• महान्यायधिवक्ताको कार्यालय<br>• अदालत<br>• वाह्य साझेदार निकाय<br>• व्यापारिक समुदाय<br>• व्यापारिक र औधोगिक संघ-संस्थाहरु<br>• अन्य पेशागत समुदायहरु<br>• आम संचार माध्यमहरु |

### सम्पत्ति शुद्धीकरण निवारणमा अन्तर्राष्ट्रिय साझेदार निकायहरु

(क) वित्तीय कारवाही कार्यदल - (Financial Action Task Force) (FATF)

सन् १९८९ मा स्थापना भएको वित्तीय कारवाही कार्यदलको मुख्यालय फ्रान्सको पेरिसमा रहेको छ। जसमा कुल ३६ सदस्य राष्ट्रहरु रहेका छन्। यसले सम्पत्ति शुद्धीकरण र आतंककारी वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्न मुलुकहरुका कानूनी, वित्तीय र कार्यान्वयन एंव नियमन निकायहरुको संस्थागत सुधारका लागि सहयोग समेत पुर्याउँदै आएकोछ। विश्वव्यापी मापदण्ड निर्धारण गर्ने कार्यका अतिरिक्त सदस्य राष्ट्रहरुले यसले पारित गरेको ४० सिफारिशहरुको पालना गरे नगरेको एंव सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको विश्वव्यापी प्रवृत्ति र तौरतरिकाको मूल्याङ्कन गर्ने गरेको छ।

### (ख) एशिया प्रशान्त क्षेत्र समूह (Asia Pacific Group on Money Laundering-APG)

एशिया प्रशान्त क्षेत्र समूहको स्थापना सन् १९९७ मा भएको हो । जसको प्रधान कार्यालय थाईल्याण्डको बैककमा रहेको छ । सदस्य राष्ट्रहरुले अन्तर्राष्ट्रिय स्तरको मापदण्डहरुको पालना गरेका छन् छैनन् भनी मूल्याङ्कन गर्ने, द्विपक्षीय तथा बहुपक्षीय रुपमा सहायता दाताहरुसँग तालिम र प्राविधिक सहायताहरु तोकिएको क्षेत्रमा पुगेको छ, छैन हेरी नपुगेमा पुऱ्याउन सहयोग गर्ने , अन्तर्राष्ट्रिय रुपमा सम्पत्ति शुद्धीकरण निवारणमा सहभागी र समन्वय गर्ने, सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीमा देखापर्ने नवीन तौरतरिकाको अध्ययन अनुसन्धान गर्ने र सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी रोक्न अन्तराष्ट्रिय स्तरमा नीति निर्माणमा सहयोग गर्ने जस्ता उद्धेश्यहरु एशिया प्रशान्त क्षेत्र समूहले राखेको पाइन्छ। यो एउटा क्षेत्रीय अन्तराष्ट्रिय संस्था हो। यसमा हाल ४१ सदस्य राष्ट्रहरु रहेका छन्।

## नेपालमा सम्पत्ति शुद्धीकरण सम्वन्धी संस्थागत व्यवस्था

२०६८ मा विभागको स्थापना

महानिर्देशकको नेतृत्व

२ वटा महाशखा र ११ शाखा

निजामतीतर्फ ७५ र प्रहरीतर्फ ४१ स्वीकृत दरवन्दी

विभागको कार्यालय पुल्चोक ललितपूर

### २. नेपालमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान प्रक्रिया तथा कानुनी व्यवस्था

- उजुरी वा सूचना प्राप्त गर्नेः

ऐनको दफा १३ अनुसार उजुरी वा सूचना लिखित वा मौखिक रुपमा दिन सकिनेछ। मौखिक उजुरीललाई पनि लिखित रुप दिई दर्ता गरिनेछ । उजुरीकर्ताले आफ्नो नाम ठेगाना गोप्य राख्न चाहेमा कुनै गोप्य संकेत राखी दर्ता गरिने व्यवस्था छ । कसैले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुर गरेको, गर्न लागेको वा गरिरहेको विभागको कुनै कर्मचारीलाई कुनै व्यहोराले थाहा हुन आएमा सो व्यहोरालाई पनि उजुरीको रुपमा दर्ता गर्ने व्यवस्था रहेको छ ।

**– प्रारम्भिक जाँचबुझ गर्ने**

ऐनको दफा १४ अनुसार विभागमा प्राप्त उजुरी वा सूचनाका सम्बन्धमा विभागको प्रमुखले आफैँ वा उपयुक्त समय दिई मातहतको कुनै अधिकृतलाई खटाई प्रारम्भिक जाँचबुझ गराउने व्यवस्था रहेको छ ।

**– अनुसन्धान गर्ने**

ऐनको दफा १४ अनुसारको प्रारम्भिक जाँचबुझबाट कुनै उजुरी वा सूचनाका सम्बन्धमा अनुसन्धान गर्नुपर्ने देखिएमा ऐनको दफा १५ अनुसार विभागका प्रमुखले अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तोक्ने व्यवस्था छ । विभागको कुनै अधिकृत वा अन्य सरकारी अधिकृत वा सार्वजनिक संस्थाको कुनै अधिकृतलाई अनुसन्धान अधिकृत तोक्न सकिने तथा मुद्दाको प्रकृति अनुसार कुनै निकायलाई नै अनुसन्धानको कार्य सुम्पन सकिने व्यवस्था समेत रहेकोछ भने आवश्यकतानुसार कुनै मुद्दाका सम्बन्धमा संयुक्त अनुसन्धान टोली गठन गर्न सकिने व्यवस्था छ ।

**– मुद्दाको अभियोजन गर्ने**

ऐनको परिच्छेद ३ अनुसार सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरमा अनुसन्धान गर्ने क्षेत्राधिकार विभागलाई रहेको छ। ऐनको दफा १५ बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन अनुसार मुद्दा दायर गर्नुपर्ने देखिएमा विभागका प्रमुखले मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सरकारी वकील कार्यालयमा लेखी पठाउने र मुद्दा चल्ने निर्णय भै आएमा विशेष अदालतमा मुद्दा दायर हुने व्यवस्था रहेको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गर्न कुनै हदम्याद नहुने कानुनी व्यवस्था रहेको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा थुनुवा भएमा ९० दिनसम्म थुनामा राखी अनुसन्धान गर्न सकिने व्यवस्था रहेकोछ ।

**– मुद्दाको प्रतिरक्षा र बहस पैरवीसम्बन्धी व्यवस्थाः**

सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा सरकारवादी हुने र उक्त मुद्दा विशेष अदालतमा दायर हुने र मुद्दाको प्रतिरक्षा बहस पैरवी विशेष सरकारी वकील कार्यालयबाट हुने व्यवस्था रहेकोछ । विशेष अदालतबाट भएको फैसलाउपर पुनरावेदन गर्नु परेमा महान्यायाधिवक्ताको कार्यालयबाट हुने र मुद्दाको पुनरावेदन सर्वोच्च अदालतको क्षेत्राधिकारभित्र पर्दछ । मुद्दाको प्रतिरक्षा, वहस पैरवी महान्यायाधिवक्ताको कार्यालयबाट हुने व्यवस्था छ ।

**– दण्ड सजायको व्यवस्था (ऐनको परिच्छेद ७ अनुसार)**

- सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूर गर्ने र सोको षडयन्त्र गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्य हेरी २ वर्षदेखि १० वर्षसम्म कैद हुने र अन्य कसूर गर्ने व्यक्तिलाई उल्लिखित सजायको आधा सजाय हुने ।
- आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूर गर्ने व्यक्तिलाई विगो खुलेकोमा विगोको ५ गुणा र विगो नखुलेकोमा रु. १ करोडसम्म जरिवाना हुने र कसूरको गाम्भीर्य हेरी ३ वर्षदेखि २० वर्षसम्म कैद हुने ।
- अन्य कसूर गर्ने व्यक्तिलाई उल्लिखित सजायको आधा सजाय हुने ।

– कुनै राष्ट्रसेवक वा सूचक संस्थाको पदाधिकारी वा कर्मचारीलाई उल्लिखित सजायमा थप १० प्रतिशत सजाय हुने ।

### कानुनी व्यक्तिलाई कसूरको गाम्भीर्यका आधारमा देहायका कुनै वा सबै सजाय हुने

- शुद्धीकरण गरिएको सम्पत्तिको ५ गुणासम्म जरिवाना गर्ने,
- अवधि तोकी सार्वजनिक खरिदमा निषेध गर्ने,
- अवधि तोकी उत्पादन वा सेवाको खरिद गर्न रोक लगाउने,

- हानी नोक्सानीको क्षतिपूर्ति भराउने,
- इजाजतपत्र वा अनुमतिपत्र खारेज गर्ने, त्यस्तो कानुनी व्यक्तिलाई खारेज गर्ने,

माथि लेखिए बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा बिगो खुलेकोमा बिगो जफत गरी बिगो बमोजिमको जरिबाना र बिगो नखुलेकोमा रु. १० लाखसम्म जरिबाना हुने ।

- गोपनीयता भङ्ग गर्नेलाई सजायः सूचनाको गोपनीयता कायम नगर्ने वा अनुसन्धानको क्रममा गोप्यता भङ्ग गर्ने व्यक्तिलाई १ महिनादेखि ३ महिनासम्म कैद वा रु. १ लाखसम्म जरिवाना वा दुवै सजाय हुने,
- प्रमाण लुकाउने वा नष्ट गर्नेलाई हुने सजायः सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूर मानिने काम कारबाहीसँग सम्बन्धित प्रमाण लुकाउने वा नष्ट गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसार १ महिनादेखि ३ महिनासम्म कैद वा रु. ५० हजारदेखि रु. १ लाखसम्म जरिबाना वा दुवै सजाय हुने र त्यस्तो कार्य गर्न सहयोग गर्नेलाई सो सजायको आधा सजाय हुने ।
- आदेश पालना नगर्नेलाई हुने सजायः सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरको अनुसन्धानको क्रममा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई विभागको प्रमुखले पाँचलाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने,
- बाधा विरोध गर्नेलाई सजायः यस ऐन अन्तर्गतको अनुसन्धानसम्बन्धी काम कारबाहीमा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान अधिकृतको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले ६ महिनासम्म कैद वा रु. ५ हजारसम्म जरिबाना वा दुवै सजाय गर्न सक्ने,
- हैरानी वा झण्झट दिनेलाई सजायः कसैले उजूरी दिनु पर्ने मनासिब कारण नभई कसैलाई कुनै किसिमको हानि नोक्सनी पुऱ्याउने वा दुःख, हैरानी वा झण्झट दिने नियतले झुट्टा उजूरी दिएको प्रमाणित भएमा अनुसन्धान अधिकृतको प्रतिवेदनका आधारमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई रु. १० हजारसम्म जरिवाना गर्न सक्ने । ■

### ३. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुसन्धान सम्वन्धी प्रगति विवरणः

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | हालसम्म प्राप्त उजुरी | ७५१ | २०७१/०७२ आसाढ मसान्तसम्मको |
| २ | प्रारम्भिक जाँचबुझमा लगिएका | ४०० | |
| ३ | जम्मा अनुसन्धानमा रहेका | २०१ | |
| ४ | विशेष अदालतमा अभियोजन पत्र दर्ता भएका | २९ | |
| ५ | विशेष अदालतबाट फैसला भएका | १८ | |
| ६ | विभागको पक्षमा फैसला भएका | १५ | |
| ७ | पुनरावेदनका लागि अनुमति माग गरिएका | ० | |
| ८ | विपक्षी पुनरावेदनमा गएको | १ | |
| ९ | तामेलीमा गएका | १२१ | |

# अपराध पीडितको हक - संवैधानिक व्यवस्था र सम्बद्ध पक्षको भूमिका

**प्रहरी नायब उपरीक्षक - नवीन किशोर प्रधान**
**सु.प.क्षे. प्रहरी तालिम केन्द्र, दिपायल**

फौजदारी न्यायमा अपराधीले सजाय पाउनु र पीडितले न्याय पाउनुलाई मूलभूत रुपमा लिइने गरिन्छ यसर्थ अपराधीले सजाय पाउने कार्यमा राज्यका नियम, कानुन र कार्यान्वयन गराउने पक्षको भूमिका रहेजस्तै अपराध र अपराधीबाट पीडित व्यक्तिलाई न्याय दिलाउने सन्दर्भमा पनि सोही कुराले महत्वपूर्ण भूमिका खेल्दछ । नेपालमा हालको संवैधानिक व्यवस्था हुनु पूर्व अपराध पीडितलाई कानुनी उपचार र न्याय दिलाउने क्रममा केही प्रचलित ऐन कानुनले मात्र सामान्य उपचार र क्षतिपूर्तिको व्यवस्था गरेको पाइन्छ । हालै नेपालको संविधान सभाबाट पारित भएको संविधानको धारा-२१ ले अपराध पीडितको हक अधिकारको संरक्षणको व्यवस्थाले पीडितलाई न्याय दिलाउने सन्दर्भमा यो कोशेढुङ्गा सावित हुन सक्छ । संविधानको मौलिक हकमा यसको व्यवस्था हुनु मात्रै यसप्रतिको सफलता भन्ने अवश्य होइन । पिडितले आफ्नो कस्ता कस्ता हक अधिकारको प्रयोग गर्न पाउने र हक अधिकार हनन् भयो भने कस्तो उपचार पाउने भन्ने साथै के कुन कानुनले अपराध पीडितको हकको प्रत्याभूति र सुरक्षा गर्ने भन्ने सन्दर्भमा कसुर पिडित ऐन २०६८ को कसूर पिडीतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पास हुन सके पीडित व्यक्तिको हक कायम हुनेछ र यसले अनुसन्धान कारबाही एवं प्रक्रियामा समेत सहजता ल्याई अन्य सरोकारवाला निकाय समेतले पीडितलाई सहायता गर्ने व्यवस्था हुन सकेको खण्डमा यो व्यवहारिक रुपमा सफल हुनेछ ।

फौजदारी न्याय प्रशासनमा संलग्न निकायहरुमध्ये अनुसन्धान गर्ने निकाय प्रहरी, अभियोजन गर्ने निकाय सरकारी वकिल, न्याय सम्पादन गर्ने निकाय अदालत सबैलाई आ-आफ्नो क्षेत्राधिकार तोकिएको छ । यी तीनै निकायबाट आ-आफ्नो कार्य स्वतन्त्र रुपमा सम्पन्न गर्ने तथा अन्तरसम्बन्ध कायम राखी समन्वय गर्दै अभियुक्तलाई सजाय र पीडितलाई न्याय दिलाउन सकिन्छ। जसबाट पीडितले आत्मसन्तुष्टि मात्र प्राप्त गर्दैन कि न्यायिक प्रक्रियाप्रति पनि उनीहरुको विश्वास बढन जान्छ । यही प्रक्रियाको क्रममा यदाकदा बिभिन्न अधिकारवादी संघ, संस्थाहरुले आ-आफ्नो पक्षबाट वकालत गर्ने क्रममा

पीडितको भन्दा अपराधीको मानव अधिकारमा जोड दिएको भान पर्ने किसिमको अभिव्यक्ति प्रस्तुति गर्दा कतिपय अवस्थामा पीडित आफूले न्याय पाउने कुरामा शंका मानेको अवस्था पाइन्छ । पीडितको हक संरक्षण र अधिकारको बारेमा कमै चासो राख्ने, वेवास्ता गर्ने र अपराधीलाई संरक्षण गर्ने, उम्काउन खोज्ने जस्ता गलत प्रवृतिले गर्दा समाजमा दण्डहीनताले प्रश्रय पाएको कारण समेतले गर्दा पीडित पक्ष त्यस्ता अपराधीका डरका कारण न्यायको खोजी गर्न सम्बन्धित निकायमा उजुरी गर्न हिचकिचाई रहेका हुन्छन । यसर्थ पनि हालको संवैधानिक व्यवस्थाले पीडितले न्याय पाउने क्रममा उनीहरुको हकको संरक्षण गर्ने कार्यका लागि पीडित मैत्री वातावरण बनाउन सहयोग गर्ने हुँदा वर्तमान संविधानको यो अवस्मरणीय पक्ष हो ।

अन्तर्राष्ट्रिय परिप्रेक्ष्यलाई अध्ययन गर्दा अपराधको आरोप लागेका वा कसूरदार ठहर भएकाहरुको अध्ययन गर्ने विषयलाई मात्र अपराध न्यायशास्त्रले अधिकांश ध्यान दिने गरेको पाइएको हुँदा नयाँ विचारधारा अनुसार अपराध पीडितहरुको हक, सामाजिक सुरक्षा तथा पुनः स्थापना लगायत विषयमा अध्ययन गर्न अपराध पीडित न्यायशास्त्रको अवधारणाको विकास हुँदै आइरहेको हो । सन् १९४७ मा पहिलो पटक अपराध कानुनका विद्वान वेञ्जामिन मण्डेलशनले अपराध पीडित शास्त्र (Criminology) शव्दको प्रयोग गरेका थिए भने विश्वमै सम्भवत: पहिलो पटक नेपालको सर्वोच्च अदालतको फैसला वादी नेपाल सरकार र प्रतिवादी सुनिल लामा रहेको "जिउ मास्ने बेच्ने मुद्दा" को २०६१ सालमा फैसला गर्दै सर्वोच्चले Doctrine या Victimology को सिद्धान्त स्वीकार गरेको हो । नेपालको संविधान-२०७२ को मौलिक हकमा अपराध पीडितको हकको व्यवस्था तथा सर्वोच्च अदालतको २०६५ रिट नं.०६५ -WH-००४३ नं. अधिवक्ता मीरा ढुंगानाको रिट निवेदनउपर जारी भएको परमादेश नजिरको रुपमा स्थापित भइसकेको छ । यसरी अपराध पीडितको पक्षमा उदार भई उनीहरुले न्याय पाएमा दण्डहिनताको अवस्था हट्दै जाने र अपराध पीडितमा सिर्जित अवस्थाले उनीहरुको जीवन निर्वाहका लागि पुरा गर्नु पर्ने दायित्व नै राज्यको कल्याणकारी सिद्धान्त अनुरुप राज्यको अभिभावकीय भूमिका हुनु पर्दछ । यसले गर्दा उनीहरुका भविष्य सुरक्षित हुने हुँदा यस पक्षमा नेपाल विश्वमै उदाहरणीय मुलुक हुनेछ ।

**नेपालको संविधान -२०७२ लागु हुनुअघि नै नेपाल प्रहरीले अपराध पीडितको हक संरक्षण सम्बन्धमा अवलम्बन गरेको व्यवस्था**

नेपाल कानुनद्वारा निर्दिष्ट अपराध अनुसन्धान र नियन्त्रण गर्नु साथै घटित अपराधको अनुसन्धान गरी पीडितलाई न्याय दिलाई कानुनी राज्यको प्रत्याभूति गराउन प्रहरी नियमावली-२०७१को नियम २१० अनुसार नेपाल प्रहरीको अपराध अनुसन्धान निर्देशिका-२०७१ जारी गरी नेपाल प्रहरीको आफ्नै प्रयासले अपराध पीडितको हक संरक्षण सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :

परिच्छेद-१५ अपराध अनुसन्धान कार्यविधि, पीडित तथा साक्षी संरक्षण, पीडित तथा साक्षीको कागजसम्बन्धी कानुनी व्यवस्था र प्रहरी दायित्व निम्नानुसार व्यवस्था गरेको छ ।

१५.१ अपराधको सूचना वा जाहेरी दर्ता गर्दाको अवस्थामा
१५.२ पीडितको उद्धारको अवस्थामा
१५.३ मानव बेचविखन मुद्दामा पीडितको बयान प्रमाणित गर्नु पर्ने अवस्था
१५.४ पीडित तथा साक्षी कागज गराउँदाको अवस्था
१५.५ अङ्ग जाँचका अवस्थामा (पीडित महिला)
१५.६ अदालतमा मुद्दा सुनुवाइका क्रममा प्रहरीले निर्वाह गर्नुपर्ने भूमिका
१५.७ पीडित तथा साक्षी र निजको परिवारको सुरक्षा
१५.८ पीडितलाई क्षतिपूर्ति दिलाउने सम्बन्धमा

**देहायका कानुनमा पीडितले बिगो भराई पाउने वा राहत वा क्षतिपूर्ति पाउने व्यवस्था रहेकाले अनुसन्धानका क्रममा र राय प्रस्तुत गर्दा यस कुरालाई ध्यान दिनु पर्ने** :

१५.९ मुलुकी ऐनमा भएको व्यवस्था
(क) ठगीको महलको ४ नं.
(ख) चोरीको महलको १० र २१ नं.
(ग) आगो लगाउनेको महलको १० नं.
(घ) अपहरण तथा शरीर बन्धक लिनेको महलको १२ नं.
(ङ) कुटपिटको महलको व्यवस्था
(च) जिउ मास्ने बेच्नेको महलको ३ नं.
(छ) जबरजस्ती करणीको महलको १० नं
(ज) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४को दफा १७

(झ) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३
(ञ) सार्वजनिक अपराध (अपराध र सजाय) ऐन, २०२७ को दफा ६
(ट) वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६
(ठ) उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२
(ड) वातावरण संरक्षण ऐन, २०५३ को दफा १७
(ढ) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६४ को दफा ९ र १०
(ण) राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ९ र १६
(त) बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५३
(थ) लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को नियम ५

१५.१० अनुसन्धानका क्रममा पीडितलाई जानकारी गराउनु पर्ने विषयका सम्बन्धमा समेत स्पष्ट व्यवस्था गरिएको छ ।

**नेपालको संविधान २०७२ मा गरिएको व्यवस्था** :
धारा- २१ अपराध पीडितको हक

१) अपराध पीडितलाई आफू पीडित भएको मुद्धाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ ।
२) अपराध पीडितलाई कानुन बमोजिम समाजिक पुनर्स्थापन र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ ।

### अपराध पीडितका समस्याहरू

हालको नेपालको कानुनी ब्यवस्थाले अपराध पीडितले कानुन जानेकै हुनु पर्छ भन्ने कानुनी सोच एवं मान्यता रहेको अपेक्षा गर्दै अपराधीलाई सजाय दिलाई आफूले न्याय पाउन समयमा नै उजुरी गर्नु पर्दछ भन्ने मनसायले हदम्याद लागु हुने व्यवस्था गरिएको छ । कतिपय अवस्थामा समयमा नै जाहेरी दिन नसक्दा अपराध पीडित व्यक्ति झन् पीडित भएका अवस्थाहरु पनि पाईने गरेको छ। त्यस्तै अपराध पीडित व्यक्तिले प्रहरीमा जाहेरी दरखास्त दर्ता गराई सकेपश्चात बयान गर्दा जाहेरीको व्यहोरा विपरीत बयान गरी पटक पटक बयान फेरेको अवस्था पनि रहने हुँदा कसरी यस्तो Hostile हुने कार्य भयो भनि वास्तविकतातर्फ हेर्दा पीडित लाई आउने धम्की, आर्थिक प्रलोभनका कारणहरु प्रमुख रुपमा देखिएको छ । यसका साथै पीडित व्यक्ति आफूसँग खर्च अभाव भएका कारण अदालतमा बकपत्र गर्न जान नसकी अझ पीडित भएको बुझिन्छ । सरकारले मुद्दा असफलताको कारण अध्ययन गर्दा साक्षीहरु अदालतमा बकपत्र गर्न नजानु पनि रहेकोले साक्षी संरक्षणलाई ध्यानमा राखी अदालतमा बकपत्र गर्न जाँदा यातायात खर्च तथा दैनिक भ्रमण भत्ता दिने व्यवस्था गरेको छ। यो पक्षलाई उल्लेखनीय कार्यको रुपमा लिन सकिन्छ र आगामी दिनहरुमा अपराध पीडितलाई समेत सहयोग एवं संरक्षण गर्न यस्ता कार्यक्रमहरु लागु हुने कुरामा आशावादी रहन सकिन्छ। सन् १९४८ को मानव अधिकारसम्बन्धी घोषणा पत्रमा यातना पीडितबारे व्यवस्था गरिएको, तर अपराध पीडितको मानव अधिकारको चासोको विषय नै देखाइएको छैन । कुनै मुद्दा हत्या ठहरेमा पीडकलाई सर्वस्वसहित जन्मकैद हुने व्यवस्था छ, तर पीडित भने टुहुरो बन्न जान्छ। उसको पालन पोषण, शिक्षा दिक्षा र जीविकोपार्जन कसरी हुन सक्छ भन्ने कुरामा कसैको ध्यान जान नसक्नुले अपराध पीडितको पक्षमा मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था र स्वंय राज्यसमेतको ध्यान जानु जरुरी देखिन्छ।

### अपराध पीडित सहायताका चरणहरू क्षेत्रहरू

१. अनुसन्धान र अभियोजन
२. न्याय प्रदान गर्ने न्यायलय
३. पीडितको अवस्था सुधार, पुनःस्थापना र सामाजीकरण

### अपराध पीडित सहायताका लागि सम्बद्ध पक्षहरूको भूमिका :

अपराध पीडितका विविध समस्याहरु एवं उनीहरुलाई सहयोग पुऱ्याउने क्रममा देखिएका चरणहरुको अध्ययन र विद्यमान कानुनी व्यवस्थाहरुलाई मनन् गर्दा उल्लेखित आ-आफनो भूमिका र दायित्व सहजरुपमा निर्वाह गर्न सकेको खण्डमा केही थप सहायता पुग्न जान्छ भने सरोकारवाला सम्बद्ध पक्षहरुको समन्वयात्मक भूमिकाले अझ अपराध पीडित व्यक्तिहरुलाई राहत मिल्न जाने कुरामा बिमती छैन । अतः राष्ट्रिय, अन्तर्राष्ट्रिय पक्ष र सरकारसमेतले आ-आफनो भूमिका निर्वाह गरी संविधानको मौलिक हकमा उल्लेखित अपराध पीडितको हकलाई संरक्षण र सम्बर्द्धन गर्न थप ऐन कानुन निर्माण गर्नु पर्ने जरुरी देखिन्छ।

**क) अनुसन्धान पक्षको भूमिका:** अपराध पीडितले पाउने हकको प्रचलन गराई पाउने र न्याय दिलाउने पहिलो खुडकिलोको रुपमा नेपाल प्रहरी अन्तर्गत मुद्धा चल्ने कार्यालयमा पीडित गई अपराधको सूचना दर्ता गराई अपराध अनुसन्धानमा प्रहरीलाई सहयोग गरेमा आफूले न्याय पाउने प्रथम चरणमा पुग्न सक्नेछन्। अनुसन्धान अधिकृतले प्रारम्भिक प्रक्रिया शुरु गरिसकेपछि अपराधमा संलग्न व्यक्तिलाई पक्राउ गरी मुद्दा चलाउँछ । यसै क्रममा अभियुक्तलाई कसूर प्रमाणित गर्न सवुद संकलन र सवुदको वरामदी गर्ने, सुरक्षा गर्ने, सबुद परीक्षण गर्न पठाउने, सवुद सनाखत गराउने, मान्यता प्राप्त अस्पतालबाट पीडितको शरीर, मृतकको लाश जाँच गराउने, अन्य प्रमाणको सुरक्षा गर्ने, विशेषज्ञको राय संकलन गर्ने, राय सहितको प्रतिवेदन सरकारी वकिल कार्यालयमा पठाउने, साक्षी प्रस्तुत गर्ने लगायतका समग्र प्रक्रिया पूरा गर्ने साथै भए गरेका अनुसन्धानलाई असर नपर्ने गरी प्रगति विवरण अपराध पीडितलाई उपलब्ध गराउने र तत्काल पीडितको सुरक्षा, राहतको लागि स्वस्थ्य उपचार, मुद्दा चल्दाका वखतसम्म बेसहारा भएमा पीडितलाई कुनै सहयोगी संघ, संस्थामा साहारा उपलब्ध गराई दिने जस्ता मानवीय सेवामा समन्वय गरी दिने व्यवस्था गर्न सकेको खण्डमा अनुसन्धान पक्षले प्रशंसनीय भूमिका प्राप्त गर्न सक्दछ ।

**ख) सरकारी वकिल:** अपराध पीडितको हक संरक्षण गर्न, अनुसन्धान गर्ने प्रहरी कार्यालयमा परेको जाहेरी दरखास्त एवं मुद्दाको अनुसन्धानको प्रक्रियामा थप अनुसन्धान गर्न पर्ने भए निर्देशन गर्ने, अभियोग पत्र तयार गरी अदालतमा पेश गर्ने, पीडितलाई कानुनी परामर्श दिने, साक्षी र प्रमाण पेश गर्ने, प्रतिरक्षा वहस गर्ने र उक्त मुद्दामा पुनरावेदन गर्ने जस्ता कार्यहरु सम्पन्न गरी पीडितलाई सहायता एवं न्याय दिलाउन सक्दछ ।

**ग) अदालत:** सरकारी वकिल कार्यालयबाट पेश हुन आएका मुद्दालाई अध्ययन गरी थप प्रमाण संकलन गर्नुपर्ने भए सो कार्य गर्ने व्यवस्था गर्ने, मुद्धाको सुनुवाइ गर्ने,निर्णय गर्ने, पीडितलाई क्षतिपूर्ति दिलाउन आफ्नो फैसला कार्यान्वयन गर्ने, जस्ता कार्य गरी पीडितको हक संरक्षण गरी सहायता एवं न्याय सम्पादन गर्ने निकायको रुपमा रहेको छ ।

**घ) अस्पताल:** तत्काल पीडितको स्वास्थ्य परीक्षण उपचारका साथै अभियुक्तको स्वास्थ्य परीक्षण र प्रहरी अनुसन्धानमा सोधिएका सवालहरुको प्रमाणिक जवाफ उपलब्ध गराएर अभियुक्तलाई कानुन बमोजिम मुद्दा चलाउन सहयोगी भूमिका अस्पतालको रहन्छ । उपचारको क्रम संगै पीडित व्यक्ति घाईते भई ज्यानको खतरा भएमा रेडक्रसको सहयोगद्वारा रगत उपलब्ध गराई उपचारमा थप सहयोग पुर्याउने मानवीय भूमिका रहेको हुन्छ ।

**ङ) अन्य विविध पक्षहरु:** अपराध पीडितलाई न्याय दिलाउने क्रममा प्रचलित कानुनको अधिनमा रही अनुसन्धान गर्ने निकाय प्रहरीसँग समन्वय गर्दै अर्ध न्यायिक निकायको रुपमा कार्य गर्ने सम्बन्धित जिल्लाको जिल्ला प्रसासन कार्यालयले पीडितलाई न्याय सम्पादन गर्न क्षतिपूर्ति उपलब्ध गराउने कार्यमा सहयोग गर्ने अग्रणी भूमिका रहेको हुन्छ ।

त्यस्तै पीडितको हक अधिकार संरक्षण गर्न राज्य र अन्तर्राष्ट्रियस्तरबाट गठन भएका विभिन्न आयोगहरु, अधिकारवादी संघ, संस्थाहरुलगायत तत्काल स्थानीय स्तरमा मानवीय सहयोग गर्ने परामर्शदाता संस्था, क्लब, समाजिक संघ संस्था, निशुल्क कानुनी परामर्श सेवा, उद्योग वाणिज्य संघ, शिक्षण संस्थाहरुले पीडितलाई आर्थिक, भौतिक सहयोग प्रदान गर्ने, मनोवैज्ञानिक राहत प्रदान गर्ने साथै समाजमा पुनःस्थापना र पुनःसामाजिकीकरण गर्न सहयोग गर्ने कार्यमा महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

समग्र रुपमा अपराध पीडितको हक संरक्षण गर्न छिटो र छरितो ढंगले राज्यका विभिन्न अंग, सरकारी तथा गैरसरकारी निकाय एवं संघ संस्था र ब्यक्तिका प्रयासहरुको समन्वयात्मक भूमिका रहनु नितान्त आवश्यक छ । त्यसमध्ये पनि अपराध पीडितको हक हितको संरक्षण, सम्बर्द्धन गर्ने प्रत्यक्ष कार्यमा संलग्न रहने अपराध अनुसन्धान र सुरक्षामा नेपाल प्रहरी, मुद्दा अभियोजन गर्ने सरकारी वकिल कार्यालय र न्याय सम्पादन गर्ने अदालतको अत्यन्तै महत्वपूर्ण भूमिका रहने हुन्छ । साथै पीडितले न्याय पाउने पक्षमा प्रत्याभूति दिलाउन अपराध पीडितसम्बन्धी ऐन र पीडित साक्षी संरक्षणसम्बन्धी ऐन बनाई भई आएका त्रुटी कमी कमजोरीहरुलाई हटाएर पीडितको पिडालाई सम्बोधन गरी थप न्याय सम्पादन गर्न सकिन्छ ।

### सन्दर्भ सामग्री

- नेपालको संविधान २०७२
- Victimology Concept, Shankar Shrestha
- मुलुकी ऐन २०२०(बाह्रौं) संशोधन सहित
- स.मु.स.ऐन २०४९
- सर्वोच्च अदालतको नजिर संग्रह
- कसूर पीडितको संरक्षण गर्न बनेको विधेयक

# Drug Abuse and Drug Trafficking Problems in Nepal and Beyond

**Prof. Dr. Meen B. Poudyal Chhetri, Ph. D., Adjunct Professor**
**Queensland University of Technology (QUT), Brisbane, Australia**

## 1. Background

All over the world, rapidly changing social and economic environments combined with increased availability and demand for drugs has contributed to the acceleration of the drug abuse problem. Drug manufacture, distribution, trafficking and use have adverse effects on health and well-being. The drug industry contributes to an upsurge in crime, violence and corruption. Destruction of individuals, families, communities as well as the political, cultural, social and economic structures of a country are the consequences of drug abuse. It also depletes human, natural and financial resources.

Young people are the most valuable human resource of every country, as they contribute greatly to the work force. Due to the indulgence of the youths in drug addiction, economic and social developments of most countries are lagging behind and social security is at risk. It is obvious that drug abuse and illicit trafficking have harmful impact on the youths. The large number of youths in jail on drug related charges shows that drug abuse and illicit trafficking have a negative impact on the youths and social development aspect of many countries.

## 2. The Core Problems of Drug Abuse

Drug abuse is a very big problem in all most all countries. The effects of drug abuse can be physical, mental and emotional. Drug abuse problems can be frustrating and difficult resulting into a situation full of hopelessness and despair. Drug addiction has so many dimensions that it disrupts many aspects of an individual's life making his/her treatment and rehabilitation a difficult task. It not only affects an individual's life – it affects all sectors of society at all levels of development.

## 3. Drug Situation in Nepal

Marijuana and its by products like hashish, ganja, bhang and charas[1] have traditionally been used for medicinal purposes as well as playing a role in part of cultural and religious occasions for

[1] Local names of the byproducts of marijuana

hundreds of years in Nepal. Even today in certain communities people that use marijuana on a regular basis are not considered addicted. However, despite the majority of the Nepali people's perceptions, since the early 1970s, drug addiction has become a very serious problem throughout Nepal. Around this time, the “Hippies” began to visit the country and introduced to the urban and suburban youths the abuse of pharmaceutical drugs, besides the traditional drug - marijuana. Since then the abuse of marijuana and hard drugs, especially heroin, has increased in popularity among the Nepalese youths. Nowadays, the most abused drugs in Nepal are marijuana, heroin, hashish, methamphetamine, cough syrup, Valium, LSD, alcohol, tobacco and Tidigesic injections. Heroin and intravenous drug use has increased significantly since the 1980s. In addition, inhalants such as paint thinner and glue are also commonly abused by youths on the street.

As in many other countries, alcohol and tobacco dependence has been found to be strongly associated with substance abuse. Tobacco is the most prevalent substance in Nepal followed by alcohol and marijuana. The use of alcohol and abuse of other drugs have contributed violent behaviour of the youths which is a major public health problem. It is evident that the relationship between alcohol and other drugs of abuse is very strong.

The people of urban and sub-urban areas of Nepal are most affected by drug abuse. Addicted persons belong to all groups of society, regardless of their social, economic, religious and cultural background. Unlike in other countries, especially the youths of wealthy families of Nepal are indulged in drug addiction. Some studies and interactive programs have revealed that unemployment; inability to cope with feelings, difficulty recognizing the consequences of behaviour, self-deception, criminality, drug sub-culture, negative attitude, family problems, social skills deficits, psychological problems, educational deficits, occupational/vocational deficits, depression, troubled relationships, loneliness, curiosity, high income, peer pressure and loss of interest in studies and jobs have been found to be the major causes of drug addiction. However, the reason for drug addiction varies from person to person.

In view of the drug abuse situation in Nepal, it is evident that Nepal also has not been spared by the global drug problem. Drug addiction has adversely affected the values and beliefs of the Nepalese society. Due to drug addiction, family relationships have been negatively impacted. The spread and increased incidence of HIV/AIDS and STDS have been another adverse consequence of drug abuse. The drug handlers and traffickers have not only destroyed the lives of drug addicts, but have also contributed to the decline of the economy of the country.

### 4. Mostly Abused Drugs in Nepal

a) Cannabis

Some people in some parts of the country illicitly cultivate cannabis. Such illicit cultivation has been detected and eradicated by the law enforcement officials every year. Cannabis can also be found in some parts of the country growing wild, especially in high hills of mid-west, central and far western part of the country. Eradication of the wild grown cannabis is very difficult and expensive due to difficult terrain of the country and undeveloped infrastructures such as roads.

b) Heroin

Heroin is trafficked in Nepal from Myanmar, Thailand and some other East Asian countries. However, it is not manufactured and processed in Nepal.

c) Methaqualone

Methaqualone is smuggled from India to Nepal for domestic consumption as well as supply to Europe, Africa and the USA. Methaqualone can be found in dust form and is called brown sugar, which is of low quality.

d) Psychotropic Substances

Psychotropic drugs like codeine based cough syrup, burpernorphine, diazepam, nitrazepam are the common psychotropic substances, which are smuggled from India to Nepal basically for domestic consumption. The use of psychotropic substances is increasing every year due to their low price and easy availability.

e) Precursor Chemicals
Although precursor chemicals like sulphuric acid, hydrochloric acid, acetic anhydride, ethylether, ephedrine etc. are being imported in Nepal for pharmaceutical purposes; unfortunately, such precursors are also smuggled and used by the drug abusers.

## 5. Illicit Drug Trafficking Pattern in Nepal

Nepal lies between the Golden Triangle (Myanmar, Thailand, China and Laos) and Golden Crescent (Afghanistan, Pakistan and Iran). Thus, often Nepal has been used as the transit route for drug trafficking by the drug dealers. In the past, drug law enforcement officials have apprehended drug traffickers and confiscated significant amount of illicit drugs in transit destined to other countries from time to time.

Past records show that drug traffickers from Mizoram, India and Myanmar smuggled heroin into Nepal from the Golden Triangle through the land route of Nagaland and West Bengal of India to Kakarvitta, Nepal. Heroin had been found trafficked from Afghanistan via Queta and Karachi of Pakistan to Tribhuvan International Airport of Nepal, which was destined to New York, USA. Some times the drug traffickers travel from Pakistan to Nepal via Jaiselmer, India using land route. Some Nepalese drug couriers have been found to be involved in carrying heroin from Karachi and Lahore of Pakistan to Bangkok. Very often hashish is being smuggled from Nepal to India, Hong Kong, Thailand, Denmark, Japan, Australia, New Zealand, USA and other West European countries. It is also found that drug traffickers supply cannabis resin to Germany using land route up to Bombay, India and then they use sea route. Thailand based drug traffickers use Nepalese nationals to smuggle hashish to Bangkok and thereafter they use other foreign nationals to smuggle it to Japan.

As far as the drug trafficking and supply routes used for local consumption in Nepal are concerned, the peddlers smuggle drugs from Siliguri, Raxaul, Nawatanawa, Kanpur, Gorakhpur, Rupadia, Gonda and other parts of India to various urban and sub-urban areas of Nepal. It is found that the drug paddlers often use false bottom of a bag or suitcase or conceal in various items like photo frame, idols and other personal effects. A number of times the carriers have been found with inhaled drug capsules.

## 6. Facts, Figures and Results of an Independent Study on Drug Abuse in Nepal

Authentic data on drug abusers and the drug situation in Nepal are lacking. Some unofficial surveys[2] have revealed that there are more than 100 thousand drug addicts in Nepal, where drug abuse and its trafficking over the last decade have become increasingly serious. The large numbers of drug addicts have been found to be between the ages of 16 to 20.

Some independent studies show that more than 90 percent of the total drug addicts in Nepal have started using drugs prior to the age of 16. The abuse of drugs has led not only to drug addiction but also to the incidence of HIV/AIDS, Hepatitis B and other sexually transmitted diseases (STDs). Heroin addicts and other intravenous drug users (IDUs) have been found to be more vulnerable to contracting these diseases. Among 60 thousand drug abusers, the number of IDUs is estimated to be 20 thousand. Sixty eight percent of these IDUs are HIV positive and most of them are multi-drug abusers. Among IDUs, alcohol use is often associated with unprotected sex. Consumption of alcohol and marijuana boost sexual activity and reduce the use of condom. Before 1996, there were no reports or records of HIV positive cases in Nepal, but by the end of the same year, 9 HIV positive cases had been detected. In early 2003, 1940 HIV positive and AIDS cases have been recorded, though these official figures are lower than the actual number of infections due to the lack of testing ability and unwillingness of the patients.[3] Among the known cases, 213 are intravenous drug users. The attitude and behaviour of drug abusers are conducive to the spread of these dreaded diseases. They share needles with each other and hence the transmission of HIV from one person to another is rapid. This situation demands thorough research on the problem on drug addiction and its supply to recommend effective measures to counter the problem.[4]

[2] No formal survey has been carried out so far in Nepal.
[3] Department of Health Services, His Majesty's Government of Nepal.
[4] National Centre for Aids and Sexually Transmitted Diseases, His Majesty's Government of Nepal.

## 7. Some Positive Features

Although the problem of drug abuse is becoming complex in Nepal, some important features like joint family system with strong family ties and "Vipasyana"[5] drug treatment program in some prisons of Nepal have been found very useful tools to prevent youths from abusing drugs. "Vipasyana" is an ancient meditation technique derived form a Hindu Epics called "Ajurved" which is one of the four most ancient and most important epics in the world. Several thousand years later of its development "Vipasyana" was revitalized by Gautam Buddha who is the profounder of Buddha religion. In fact, "Vipasyana" helps to attain the highest spiritual goals of liberation with full motivation."Vipasyana" treatment program and cultural lesson can be transformed from Nepal to other countries which can help to reduce the number of addicts.

## 8. Way Forward for the Treatment of the Drug Abusers

Substance abuse rehab or treatment programs are highly necessary to stop to the harm that drugs inflict on the abuser. For drug or alcohol abuse problems, it is recommended that a clinical evaluation should be made to choose the best method of treatment. Addiction treatment services include but are not limited to:

1. Initial Clinical Evaluation and Intake
2. Alcohol Detoxification Services
3. Medically Assisted Treatment
4. Individual Counselling and/or Group Therapy
5. Recovery Skills Training and Relapse Prevention
6. Vipasyana etc.

## 9. Conclusion

The problems of narcotic drugs are very diverse and complex, they require national, regional and international networking and cooperation to combat such dreaded evils. Research, improvements in database, information flow, public awareness raising programs, education, effective law enforcement, treatment, demand reduction and harm reduction programs are very necessary to address the drug abuse problem. As the drug trafficking pattern of Nepal has a direct, as well as an indirect impact on other countries, by updating and modernizing the law enforcement capabilities of Nepal, drug trafficking can be reduced in other countries as well.

Finally, drug demand reduction, prevention, treatment and law enforcement policies and programs should be carried out simultaneously to counsel, treat and rehabilitate the drug abusers on the one hand and to control the supply of drugs on the other. Concerted efforts have to be made in this direction by governments, societies and concerned individuals at all levels to suppress the illicit manufacture, distribution, trafficking and use of drugs, all over the world. As the problem of drug abuse is very diverse and complex; it requires national, regional and international networking and cooperation to tackle it.

## Bibliography


1. Ball, J.C., and Ross, A. "The Effectiveness of Methadone Treatment." NY : Springer – Verlag, 1991.
2. Caulkins, J.P., "Do Drug Prohibition and Enforcement Work?" Lexington Institute,
   ArlingtonVA, March 2000.
3. Cooper, J.R. "Ineffective Use of Psychoactive Drugs: Methadone Treatment is no Exception." JAMA Jan 8; 267 (2): 281 – 282, 1992.
4. His Majesty's Government of Nepal (HMG/N), "Narcotics Drugs (Control) Act, 1976."
5. HMG/N, Ministry of Home(MOHA), "Narcotics Control Bulletin." Year 12 No.1 (Jan.-Dec. 2002)
6. HMG/N, MOHA, "Narcotics Control Bulletin." Year 13 No.1 (Jan.-Dec. 2003)
7. HMG/N, MOHA, "Narcotics Control Bulletin." Year 14 No.1 (Jan.-Dec. 2004)
8. HMG/N, MOHA, "The Control of Drug Abuse and Illicit Trafficking in Nepal, 2004."
9. HMG/N, Central Bureau of Statistics, "Statistical Year Book of Nepal." Year 2004.
10. Hooper, R. M.,"Attacking Prison-Based Substance Abuse." November/December 1997.
11. Institute for Social Research, Univ. of Michigan, "Monitoring the Future." December 2001.
12. International Narcotics Control Board, "Precursors." 2001.
13. Lejuez, C. W., University of Maryland, "Under
    standing, Predicting and Treating Risk


[5] "Vipasana" is a special program, which is based on theoretical learning, "Yoga" (meditation) and special kind of exercise based on the Hindu epics "Ved."

Taking in Adolescents." A Presentation on October 2002.
14. Lejuez, C. W., et al, University of Maryland, "Predictors of Adolescent Real – World Risk Behaviours." A Paper on October 2002.
15. Mandell, W., Bloomberg School of Public Health, "Substance Abuse in the United States of America." A Presentation on 31 November 2002.
16. National Institute on Drug Abuse, "NIDA Notes." NIH Publication No. 02-3478, May 2002.
17. National Institute on Drug Abuse, "Principles of Drug Addiction Treatment – A Research-Based Guide." NIH Publication No. 99-4180, October 1999.
18. National Institute on Drug Abuse, "Preventing Drug Use Among Children and Adolescents - A Research - Based Guide." NIH Publication No. 99-4212, April 1999.
19. Office of National Drug Control Policy, "National Drug Control Strategy." Feb. 2002.
20. Peele, Stanton, "Hungry for the Next Fix." May, 2002, Reason (5.02)
Resource Center, CA, "Alcohol Alerts 2000."
21. Resource Center, State of California, "Principles of Drug Addiction Treatment – A Research Based Guide." Publication No. (ADP) 99 – 8551.
22. Resource Center, State of California, "Street Terms: Drugs and the Drug Trade." Publication No. (ADP) 00 – 2534.
23. Simpson, D.D, "Treatment for Drug Abuse: Follow – up Outcomes and Length of Time Spent." Archives of General Psychiatry 38 (8): 875 – 880, 1981.
24. South Asian Association for Regional Cooperation, " SAARC Convention on Narcotics Drugs and Psychotropic Substances." Done at Male, Maldives, Nov. 1993.
25. Spielman, D.M., Glover, G.H., Mcovski, A; et al., "Magnetic Resonance Spectroscopic Imaging of Ethanol in the Human Brain: A Feasibility Study." Alcohol Clin Exp. Res. 17(5): 1072 – 1077, 1993.
26. United States Drug Enforcement Administration, "Drug Intelligence Brief." DEA Resources, for Law Enforcement Officers, Intelligence Reports, October 2002.
27. United Nations (UN) Office for Drug Control and Crime Prevention, "Drug Prevention Projects – Target Youth." United Nations Publication V.02-54689 – June 2002.
28. United Nations Fourth Global Conference on Drug Abuse Prevention, "Recommendations."13-17 May 2002.
29. United Nations, "Political Declaration Guiding Principles of Drug Demand Reduction and Measures to Enhance International Cooperation to Counter the World Drug Problem." Special Session of the UN General Assembly Devoted to Countering the World Drug Problem Together, 8-10 June 1998.
30. United Nations, International Narcotics Control Board, Vienna, "Narcotic Drugs – Estimated World requirements for 2002." Vol. 1 – 89611 – Dec. 2001.
31. UN Office for Drug Control and Crime Prevention, "Economic and Social Consequence of Drug Abuse and Illicit Trafficking." (New York, NY: UNODCCP, 1998), pp 3.
32. UNODCCP NY 1998, "Economic and Social Consequences of Drug Abuse and Illicit Trafficking." NY: UNODCCP, 1998, P. 3.
33. UNODCCP NY 2002, "Competent National Authorities under the International Drug Control Treaties." UN Publication, Sales No. E.02.XI.5 ISBN 92-1-048077 – 5 ISSN 0251 – 6799 ST/NAR 3/2001/1 (E) NA.
34. UN NY, 2002, International Narcotics Control Board, "Psychotropic Substances, Statistics for 2000 Assessments of Annual Medical and Scientific Requirements." UN Publication, Sales No. E/F/5.02.XI.3 ISBN 92-1-048076-7 ISSN 0253-9403 E/INCB2001/3 (E) NA.
35. Zogopoulos, Magdeline; "Substance Abuse in America." Handouts, August 1, 2002, UC Davis, California.

# नेपालमा सामुदायिक प्रहरी सेवा

**डा. मेखबहादुर खत्री**
प्रहरी नायव उपरीक्षक

प्रजातन्त्र तथा लोकतन्त्रको आधार कानुनको शासन हो र कानुनी शासनको मेरुदण्ड सफल प्रहरी सेवा हो । प्रहरीले गर्ने अपराधको रोकथाम, फौजदारी अपराधको अनुसन्धान, शान्ति सुरक्षा तथा अमनचैन, मौलिक हक तथा मानवअधिकारको संरक्षण, आपतकालिन सेवा प्रवाह र कानुनले तोकिएका अन्य जिम्मेवारीहरुको परिपालनाबाट नै प्रजातान्त्रिक र स्वतन्त्र समाजको परिकल्पनालाई सम्भव तुल्याएको हुन्छ । जनताले कति प्रजातान्त्रिक अधिकार प्रयोग गरेका छन र समाज कति समृद्व छ भन्ने कुराको मापन प्रहरीले जनतालाई प्रदान गर्ने सेवाको प्रभावकारिता र प्रहरीको व्यावसायिक दक्षताको क्षमताले निर्धारण गर्दछ (Goldstein, 1977) । शिक्षित हुन वा अशिक्षित, पिडक हुन पिडित, गरीब हुन वा धनी, परम्परागत हुन वा आधुनिक, ठुलो हुन वा सानो, रोजगार हुन वा बेरोजगार, शान्तिप्रिय हुन वा शान्ति भंग गर्ने सबै जनताको शान्ति सुरक्षाको आधार नै सबल प्रहरी सेवा हो ।

समुदायमा अपराधको रोकथाम, फौजदारी अपराधको अनुसन्धान र शान्ति तथा अमनचैन कायम गर्ने प्रमुख जिम्मेवारी तथा कर्तव्य प्रहरीको हो तथापि यी कार्यहरुको लागि प्रहरी र समुदायको सहभागिता, सहयोग, समन्वय, र साझेदारीको उत्तिकै महत्व र आवस्यकता रहेको छ र प्रहरी मात्रको एक्लो प्रयासले प्रहरी सेवा प्रभावकारी सफल हुन नसकेको विभिन्न घटना र अनुभवले देखाएकोछ । जहाँ समुदाय हुन्छ त्यहाँ अपराध घट्छ, त्यही समुदायका मानिसहरू नै पीडित र पीडक दुबै हुन्छन, त्यसको क्षति समुदायलाई नै पुगेको हुन्छ अतः समुदायमा कोही पनि पीडित र पिडक नहोस भन्नका खातिर अपराधको रोकथाम गर्न, पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने कार्यमा सहयोग गर्न र भविश्यमा हुन सक्ने क्षतिलाई न्युनिकरण गर्न समुदायले पनि उत्तिकै जिम्मेवारी र भूमिका निभाउदै प्रहरीसंग मिलेर कार्य गर्नु पर्छ भन्ने मान्यता स्थापित भैसकेको छ (नेपालमा सामुदायिक प्रहरी सेवा सम्बन्धी अवधारणा पत्र, २०६९) । समुदाय र प्रहरीको साझेदारी तथा समन्वयमा अपराधसंग सम्बन्धित समस्याहरूको पहिचान र समाधान लगायतका क्रियाकलाप हुनु पर्दछ भन्ने विषयमा धेरैको मतैक्यता भए पनि सामुदायिक प्रहरी सेवा भनेको के हो ? यसका आधारभूत तत्वहरू के के हुन्छन् ? सामुदायिक प्रहरी सेवाले कसरी काम गर्छ ? यसका चुनौतिहरूलाई कसरी सामना गर्न सकिन्छ ? सामुदायिक प्रहरी सेवाको सफल कार्यान्वयनका फाइदाहरू के के हुन सक्दछन? यसका संभावनाहरू के के हुन सक्दछन लगायतका विषयहरूमा अन्यौलता पाइन्छ ।

सामुदायिक प्रहरी सेवाको सैद्वान्तिक पक्षको ऐतिहाँसिक तथ्यलाई केलाउने हो भने

सन् १८२९ मा बेलायतका तत्कालिन गृह मन्त्री सर रोवर्ट पिलले लन्डनमा महानगरिय प्रहरीको स्थापना गर्दा ९ बुँदामा जारी गरेका निर्देशनहरू मध्ये सातौ बुँदामा उल्लेख भएको "समुदायको कल्याण र जनताको सुरक्षाको जिम्मेवारी लिएर पुर्णकालिन समयको लागि तलवमा खटिएको समुदायको सदस्य नै प्रहरी हो र जनता नै प्रहरी हुन र प्रहरी नै जनता हुन भन्ने ऐतिहासिक परम्परालाई कायम राख्न प्रहरीले संधै जनतासंग सम्बन्ध कायम गर्नु पर्दछ" भन्ने वाक्यांश नै वर्तमान प्रहरी सेवाको सिद्धान्तिक आधार स्तम्भको रुपमा लिइन्छ। सामुदायिक प्रहरी सेवाको बारेमा कलम चलाउने लेखकहरूले भिन्न भिन्न किसिमले सामुदायिक प्रहरी सेवाको व्याख्या गरेका छन्। सामुदायिक प्रहरी सेवा विषयका Visionary लेखकहरू Robert Trojanowicz र Bonnie Bucqueroux (1998) ले सामुदायिक प्रहरी सेवालाई परिभाषित गरे अनुसार "Community Policing is a new philosophy and an organizational strategy that promote a new partnership between people and their police. It is based on the premise that both the police and community must work together to identify, prioritize, and solve contemporary problems such as crime, drugs, fear of crime, social and physical disorder, and overall neighborhood decay, with the goal of improving the overall quality of life in the area."

**माथि उल्लेखित परिभाषा अनुसार सामुदायिक प्रहरी सेवाका साझा तत्वहरू निम्नानुसार रहेका छन्।**

१. सामुदायिक प्रहरी सेवा एक नयाँ दर्शन र प्रहरी संगठनको रणनीति हो,
२. यसले प्रहरी र समुदाय बीच कार्यनीतिक साझेदारी तथा सम्बन्ध स्थापना गर्दछ,
३. यसले समाजमा भएका अपराध संग सम्बन्धित समस्याहरू- सामाजिक विकृतिहरु, सामजिक अशान्ति, अपराधको डर, र अपराध (बेलैमा पहिचान गरी समाधान गर्न प्रेरित गर्दछ, र
४. सुरक्षित, शान्तिपूर्ण र सभ्य समाजको निर्माण नै सामुदायिक प्रहरी सेवाको अन्तिम लक्ष्य हो।

माथिको परिभाषा अनुसार सुरक्षित र शान्तिपुर्ण समाजको सृजनाको लागि प्रहरी र समुदायिको साझेदारीमा समाजमा भएका अपराध र अपराध उन्मुख समस्याहरूको बेलैमा पहिचान गरी समाधान गर्नु पर्दछ भन्ने प्रहरी संगठनको दर्शन र रणनीति हो । सामुदायिक प्रहरी सेवाले प्रति-क्रियात्मक कार्यलाई सहयोग गर्दै प्राक-क्रियाशिल कार्यलाई प्राथमिकतामा राखि सह-क्रियात्मक शैलिमा कार्य गर्दछ । सामुदायिक प्रहरी सेवाको बारेमा कालम चलाउने लेखकहरू Kappeler and Gaines (2011) का अनुसार सामुदायिक सामुदायिक प्रहरी सेवाको सफल कार्यान्वयनको लागि दर्शन (सोचाई), रणनीति (सोचाईलाई व्यवहारमा लागु गर्ने सक्ने योजना), संगठन र मानवश्रोतको व्यव्थापन, रणनीतिलाई कार्यान्वयन गर्ने कार्यक्रम, सामुदायिक प्रहरी सेवालाई कारयान्वयन गर्न सांगठनिक सुदृढिकरण, प्रहरी र जनता बिचको व्यावसायिक साझेदारी र अपराध र अपराधसंग सम्बन्धित समस्याहरुको समाधान जस्ता अनिवार्य तत्वहरू हुनु आवस्यक छ । त्यस्तै सामुदायिक प्रहरी सेवाका विषयमा कलम चलाउने विद्वान द्वय Robert Trojanowicz / Bonnie Bucqueroux ले सामुदायिक प्रहरी सेवालाई सफल कार्यान्वयनका लागि दुरदृष्टि, नेतृत्व, परिवर्तन, साझेदारी, समस्या समाधान, निष्पक्ष्यता, विस्वास, शसक्तिकरण, सेवा र उत्तरदायित्व जस्ता सिद्वान्तहरू हुनु पर्ने आवस्यकता औलाएका छन्।

नेपालमा प्रहरी व्यवस्थाको औपचारीक सुरुवात कहिले भयो भन्न नसकिए पनि वि.सं. २००७ साल भन्दा पहिले ऐतिहाँसिक प्रहरी व्यबस्था कोतवाली, थाना, चौकिदारी, अमिनी, गोश्वारा आदि समुदायमा आधारित थियो । सन् १९३८ मा काठमाण्डौंमा ट्राफिक नियन्त्रणको काम गर्न रामदललाई खटाइएको थियो । सरकार विरोधी क्रियाकलापहरू बढ्दै जाँदा त्यसलाई नियन्त्रण गर्न सन् १९४८ प्रहरीको काम गर्ने थप जिम्मेवारी दिइयो। वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भए पश्चात रक्षा दल, मुक्ति सेना, रामदलको समायोजनमा नेपाल प्रहरीको स्थापना गरियो (Vaidhya, 1995)। वि.सं. २००८ सालमा नेपाल प्रहरीको प्रधान कार्यालय स्थापना र तोरण शम्सेर जवरालाई प्रथम प्रहरी महानिरीक्षको रुपमा नियुक्ति गरियो (Nepal Police, 2007) । राजा महेन्द्र बीरविक्रम शाह शक्तिमा आए पश्चात उनले प्रहरीको संरचनालाई पुनर्गठन गरी व्यवस्थित गर्न गठित प्रहरी सुधार आयोगको सिफारिशमा प्रहरी ऐन, २०१२ जारी गरे पस्चात नेपालमा नेपाल प्रहरी बल नामको प्रहरी संगठनको विधिवत स्थापना भयो (Khatri, 2013)।

नेपाल प्रहरीको जिम्मेवारी तथा कर्तव्य जनताको जीउ र धनको सुरक्षा गर्नु हो त्यसैले प्रहरीको कामको क्षेत्र व्यापक र वहुआयामिक छ। प्रहरी ऐन २०१२ ले मुख्यतया अपराध रोकथाम र फौजदारी अपराध अनुसन्धान गरी शान्ति सुरक्षा तथा अमनचैन कायम गर्ने जिम्मवारी तथा कर्तव्य तोकेको छ र नेपाल प्रहरीलाई साधनको रुपमा परिभाषित गरेको छ। प्रहरी ऐन २०१२ प्रारम्भ भएदेखि ७

**प्रहरीलाई दु:खको साथी र नजिकको मित्रको रूपमा ग्रहण गर्नु पर्नेमा त्यको विपरित रूपमा चित्रित गरिएको यथार्थता बीच प्रहरीले जनताको सहयोग पाउन नसक्दा प्रहरी आफ्नो उद्देश्यमा सफल हुन सकेको थिएन ।**

पटक संशोधन भएको छ भने प्रहरी ऐनलाई कार्यान्वयन गर्न प्रहरी नियमावली २०१५, २०३३, २०४९ जारी भएको थियो भने त्यसलाई प्रतिस्थापन गर्दै प्रहरी नियमावली २०७१ जारी भै कार्यान्वयनमा रहेकोछ ।

नेपाल प्रहरीलाई स्थापना कालदेखि नै सत्ता टिकी रहन विरोधीलाई दबाउने साधनको रुपमा प्रयोग गरिएको, प्रहरीले गर्ने भन्दा फरक प्रकृतिको काममा लगाइएको, जनताको भन्दा नेताको सुरक्षालाई प्राथमिकतामा राखिएको, केही प्रहरीको व्यवहार रुखो समाजको लागि अपाच्य, भ्रष्ट्राचारमा संलग्नता, आवस्यक भन्दा बढी वलको प्रयोग, पीडकको संरक्षको रुपमा काम गर्ने आदि प्रवृत्ति र कामकारवाहीहरूले गर्दा प्रहरी जनताबाट टाढीदै गयो । प्रहरीलाई दु:खको साथी र नजिकको मित्रको रुपमा ग्रहण गर्नु पर्नेमा त्यको विपरित रुपमा चित्रित गरिएको यथार्थता बीच प्रहरीले जनताको सहयोग पाउन नसक्दा प्रहरी आफ्नो उद्देश्यमा सफल हुन सकेको थिएन । यस सन्दर्भमा, जनता र प्रहरी बीचको सम्बन्धलाई सुमधुर बनाउन, प्रहरीलाई जनताको सेवक र रक्षकको रुपमा प्रस्तुत गर्न, पीडित मैत्री वातावरण सृजना गर्न, आफ्ना कमिकमजोरीहरुलाई सुधार गर्दै साझेदारी र समन्वयको माध्यमबाट प्रभावकारी प्रहरी सेवा प्रदान गर्न तत्कालिन प्रहरी महानिरीक्षक दिल बहादुर लामाको कार्यकालमा "सामुदायिक सेवामा प्रहरी "घरदैलो कार्यक्रमको माध्यबाट २०३९ साल मंसिरमा काठमाण्डौंलाई १० सेक्टरमा विभाजन गरी सामुदायिक प्रहरी सेवा सुरुवात गरियो । त्यसै वर्षको पौषमा ललितपुरलाई ७ क्षेत्र र भक्तपुरलाई ५ क्षेत्रमा विभाजन गरी सामुदायिक प्रहरी सेवा संचालन गरिएको थियो । प्रत्येक सामुदायक प्रहरी सेवा केन्द्रमा प्रहरी अधिकृतको कमाण्डमा खटिएका ५ जना प्रहरीहरु प्रत्येक महिनामा कम्तिमा २ पटक तोकिएको सेक्टरका जनताको घरदैलोमा पुगी उनीहरूका समस्याहरू सोध्ने र टिपोट गर्ने, सक्ने समस्या समाधान गर्ने र अरू क्षेत्रका समस्याहरू सम्बन्धित ठाउँमा पठाउने, अपराध रोकथामका उपायबारे जानकारी दिने, सुचना दिन जनतालाई प्ररित गर्ने लगायतका कामहरू गर्दै जनतासंग नजिकको सम्बन्ध विकास गरी विश्वासको वातावरण सृजना गर्ने उद्देश्यले प्रारम्भ गरिएको सामुदायिक प्रहरी सेवा केही समय उत्साहका साथ अगाडी बढे पनि केही समय पश्चात जनताबाट उठाइएका समस्याहरूको समाधान गर्न साधनश्रोतको अभाव र सम्बन्धित निकायको उदासिनता, माथिल्लो निकायबाट असहयोग, सामुदायिक प्रहरी सेवा सम्बन्धमा अवधारणा स्पष्टताको अभाव आदि कारणबाट यस कार्यक्रमले निरन्तरता पाउन सकेन (Lama, 1983) ।

वि.स. २०४७ साल पश्चात बहुदलिय व्यवस्थाको स्थापनासंगै अपराध रोकथाम, अपराध अनुसन्धान, र शान्तिसुरक्षा तथा अमनचैन गर्ने कार्यमा थप चुनौतिहरू नेपाल प्रहरी सामु प्रस्तुत भए । नेपाल प्रहरीले जनतासंगको सहकार्य र साझेदारीमा अपराधको रोकथाम गर्दै समुदायमा शान्ति तथा अमनचैन कायम गर्नु पर्ने आवस्यकतालाई महसुस गरी वि.सं. २०५१ साल बैशाखमा काठमाण्डौंको महाराजगंजमा नेपाल प्रहरी र समुदायको सहकार्य र समन्वयमा सामुदायिक प्रहरी सेवा केन्द्रको स्थापना गरी Pilot Project को रुपमा कार्य प्रारम्भ गरियो । वि.सं. २०५२ सालमा त्यसतै प्रकृतिका सामुदायिक प्रहरी सेवा केन्द्रहरू काठमाण्डौको चावहिल र नयाँ वानेश्वरमा सुरु गरियो (Khatri, 2013) । हालसम्म नेपाल भरी १८६ सामुदायिक प्रहरी सेवा केन्द्रहरू संचालनमा रहेका छन् भने प्रहरी प्रधान कार्यालय देखि जिल्ला स्तरसम्म ९६ सामुदायिक महाशाखा र शाखाहरू रहेका छन् । नेपाल प्रहरीमा सामुदायिक प्रहरी कार्यको लागि प्र.ब.उ. देखि प्र.ज.सम्म २२७ जनाको स्वीकृत दरबन्दी रहेको छ भने प्र.ना.उ. देखि प्र.ज.सम्म ५०५ जना सामुदायिक सुरक्षा महाशाखा, शाखा, र सामुदायिक प्रहरी सेवा केन्द्रहरूमा कार्यरत रहेका छन् ।

नेपाल प्रहरीले प्रहरी ऐन, २०१२, प्रहरी नियमावली २०७१, सामुदायिक प्रहरी सेवा संचालन निर्देशिका, २०६९, र संघ संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएको विधानको कानुनी आधारमा सामुदायिक प्रहरी सेवाको संचालन गर्दै आएको छ । सामुदायिक प्रहरी सेवा संचालन निर्देशिका, २०६९ अनुसार निम्नानुसारका ५ भाग (अपराध रोकथाम तथा नियन्त्रण, जनचेतनामुलक, सामाजिक, जनस्वास्थ्य र वातावरण र विविध) मा कार्यक्रमहरूलाई विभाजन गरी त्यस अन्तर्गत विभिन्न क्रियाकलापहरू सामुदायिक प्रहरी सेवा केन्द्र तथा सामुदायिक सेवा केन्द्रहरूले संचालन गर्दै आएका छन् ।

आधुनिक सुचना र प्रविधिको गलत प्रयोग, सामाजिक संजालहरूको बढदो प्रयोग, बाह्य संस्कृति तथा रीतिरिवाजको देखासिखी, वातावरण तथा मौसमको परिवर्तन, गलत संगत, परीवारिक रेखदेखको अभाव, स्कुलमा साथीहरूबिच गलत होडबाजी, कलिलो उमेरमा नै माया प्रेममा फस्नु आदि कारणले १६ वर्ष देखि २५ वर्ष उमेर समुहका बिद्यार्थी तथा युवा समुहको बढी अनुपातमा अपराधमा संलग्न रहेको तथ्यलाई मनन गरी उनीहरूलाई अपराधबाट टाढा राख्दै सभ्य नागरिक बन्न सहयोग पुर्याउने, प्रहरी कार्यमा युवाहरुको सहभागिता बढाउने, युवाहरु कै सहभागितामा बिद्यार्थी तथा युवाहरूलाई सामाजिक विकृति विसंगति विरुद्व विभिन्न कार्यक्रमहरू संचालन गर्ने उद्देश्यले स्कुल सम्पर्क कार्यक्रमहरू संचालन गर्न बान्छनिय देखिएकोले प्रहरी नागरिक हातेमालो (Police Public Hand in Hand) कार्यक्रम अन्तर्गत शान्तिदुत कार्यक्रम गर्न गत वर्ष सुनसरीमा ८१ जना, चितवनमा ९९ जना, ललितुरमा ७० जना, कास्कीमा ६५ जना, बाँकेमा ६९ जना, कैलालीमा ८० जना गरी ४६४ जना विद्यार्थी र शिक्षकहरूलाई ३ दिने प्रशिक्षक प्रशिक्षण तालिम दिई शान्तिदुत तयार गरी स्कुल सम्पर्क कार्यक्रमहरू संचालन गर्दै आएको छ । यस आर्थिक वर्षमा काठमाण्डौंमा शान्तिदुत कार्यक्रम लागु हुने कार्यक्रम रहको छ ।

अपराध अनुसन्धान विभागबाट लागु गरिएको त्रिवर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना २०७१/०७४ अन्तर्गतका शान्तिदुत, सामुदायिक प्रहरी सेवा सम्बन्धी सवलिकरण योजना, विभिन्न सेमिनार र गोष्ठीहरू, अभिमुखिकरण तालिम, मानवश्रोत व्यवस्थापन, लैंगिक हिंसा विरुद्वका कार्यक्रम, सेवा विशिष्टिकरण लगायतका कार्यक्रमहरूको सफल कार्यान्वयनले अपराधको वृद्विको प्रवृत्ति आर्थिक वर्ष २०७०/०७१ को तुलनामा आर्थिक वर्ष २०७१/०७२ मा १८.५१ प्रतिशतले घटेको देखिन्छ (प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग) । सामुदायिक प्रहरी सेवा केन्द्रहरुले संचालन गरेका कार्यक्रम तथा गतिविधिहरूले प्रहरी  र जनता बिचको दुरी कम गर्न सहयोग पुर्याएको छ ।

सामुदायिक प्रहरी सेवा सम्बन्धि कार्यक्रमहरू संचालन गर्दा प्रभावकारी नीति तथा कानुनको अभाव, आर्थिक तथा साधनश्रोतको अभाव, सामुदायिक प्रहरी सेवा केन्द्र नजिकको प्रहरी इकाईको समानन्तर इकाईको रुपमा कार्य गर्नु, नजिकको प्रहरी कार्यालयले आफ्नो कमाण्डमा सामुदायिक प्रहरी सेवा केन्द्रलाई नराख्नु वा राख्न नचाहनु, सामुदायिक प्रहरी सेवा केन्द्रमा राजनीतिक प्रभाव रहनु, अपराध रोकथाम सम्बन्धी नीति नियमको अभाव रहनु, प्रहरी संगठनमा प्रभावकारी रणनीतिको अभाव, भएका नीति नियमको कार्यान्वयन गराउन नसकिएको, तालिमको अभाव, कमाण्ड तथा रेखदेखमा अस्पष्टता, सामुदायिक प्रहरी सेवा सम्बन्धी कार्यक्रम संचालनमा व्यक्तिको इच्छामा भर पर्ने आदि भोग्दै आएका चुनौतिहरू हुन् । उल्लेखित चुनौतिहरूका बिच पनि सामुदायिक प्रहरी सेवा केन्द्रहरुबाट धेरै राम्रा कामहरू पनि भएका छन् । वि.सं. २०३९ सालमा सुरु भएको सामुदायिक प्रहरी सेवा लामो समयसम्म पनि नेपाल प्रहरी संगठनको तर्फबाट औपचारिक रुपमा मुल्याकंन तथा पुनरावलोकन हुन नसक्नु आफैमा एक चुनौतिको रूमा रहेको थियो । सामुदायिक प्रहरी सेवा संचालनमा देखिएका चुनौतिहरूको संबोधन गर्दै सामुदायिक प्रहरी सेवालाई अझ प्रभावकारी, वैज्ञानिक र व्यापक बनाउनको लागि नेपाल प्रहरीको ३ बर्षे रणनीति २०७०/०७२ ले सामुदायिक प्रहरी सेवाका विविध क्षेत्रहरूको सवलिकरण गर्नको लागि विभिन्न कार्य क्षेत्रहरू तोकेको छ । त्यस्तै त्रिवर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना २०७१/०७२/२०७३ र ०७४ ले सामुदायिक प्रहरी सेवाको सवलिकरणका लागि कार्य योजना प्रस्तुत गरेको छ । सामुदायिक प्रहरी सेवा सम्बन्धी सवलिकरण कार्यनीतिक योजना अनुसार सामुदायिक प्रहरी सेवा सम्बन्धी केन्द्रीय नीति निर्माण गर्न सुझाव तथा सल्लाह संकलन लागि मिति २०७२ जेष्ठ २८ गते देखि २०७२ अषाढ १४ गते सम्म विराटनगर, हेटौडा, काठमाण्डौ, पोखरा, नेपालगंज र धनगढीमा सामुदायिक प्रहरी सेवा सम्बन्धी क्षेत्रीय गोष्ठीहरू सम्पन्न गरिएको थियो ।  सामुदायिक प्रहरी सेवा सम्बन्धी क्षेत्रीय गोष्ठीका सहभागीहरूको रुपमा प्रत्येक सामुदायिक सेवा केन्द्रबाट १ जना अध्यक्ष वा पदाधिकारी र प्रत्येक सामुदायिक प्रहरी सेवा केन्द्रबाट प्रहरी इन्चार्ज १ जना र गोष्ठी हुने क्षेत्रबाट सुरक्षा निकायका प्रमुख, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, सामुदायिक प्रहरी सेवामा दखल राख्ने व्यक्तिहरू, कानुन व्यवसायी, आदिको उपस्थिती र पुनराबेदन अदालतका माननीय मुख्य न्यायाधीश तथा जिल्ला न्यायाधीशको प्रमुख आतिथ्यतामा १ दिने गोष्ठीको आयोजना गरीएको थियो । क्षेत्रीय गोष्ठीको क्रममा गोष्ठीका सहभागीहरूसंग सामुदायिक प्रहरी सेवा सम्बन्धी  विविध पक्षहरू समेटेर तयार गरिएको प्रश्नावलीको माध्यमबाट सर्वेक्षण समेत गरिएको थियो ।

मिति २०७२ असाढ २० गते प्रहरी प्रधान कार्यालयमा केन्द्रीय स्तरको सामुदायिक प्रहरी सेवा सम्बन्धी

अन्तरक्रिया तथा छलफल कार्यक्रम प्रहरी महानिरीक्षकज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। प्रहरी सेवासंग सरोकार राख्ने विशेषज्ञहरूलाई अतिथीको रुपमा निम्त्याएको थियो । सो छलफल तथा अन्तरक्रिया कार्यक्रमबाट महत्वपुर्ण राय, सुझाव तथा सल्लाह संकलन गरिएको थियो । नेपालमा सामुदायिक प्रहरी सेवालाई कुन आकार र खाकामा लैजाने भनि तयार गरिएको प्रस्तावमाथि छलफल गर्ने उद्देश्यले अपराध अनुसन्धान विभाग, सामुदायिक सुरक्षा महाशाखाद्वारा प्रहरी प्रधान कार्यालयमा मिति २०७२ साल कार्तिक २२ गते एक दिने छलफल (Focused Group Discussion) कार्यक्रम आयोजना गरिएको थियो र सो कार्यक्रममा आमन्त्रण गरिएका सामुदायिक प्रहरी सेवाका विशेषज्ञहरूबाट महत्वपूर्ण सुझाव तथा सल्लाह प्राप्त भएका थिए ।

क्षेत्रीय गोष्ठी तथा केन्द्रिय अन्तरक्रिया तथा छलफल कार्यक्रम, क्षेत्रीय गोष्ठीका क्रममा गोष्ठीमा सहभागीहरूसंग गरिएको सर्वेक्षण र केन्द्रिय छलफल कार्यक्रमबाट सामुदायिक प्रहरी सेवालाई अझ प्रभावकारी, सुदृढ, व्यापक र वैज्ञानिक बनाउन सहभागीहरू तथा अतिथीहरुबाट प्राप्त हुन आएका राय, सल्लाह तथा सुझावहरूलाई निम्नानुसार संक्षेपमा राखिएको छ

- अपराध रोकथाम सम्बन्धी राष्ट्रिय नीति तथा कानुनको निर्माणः अपराध अनुसन्धान र शान्तिसुरक्षा तथा अमनचयनको लागि कानुनी व्यवस्था भए पनि अपराध रोकथाम सम्बन्धी कानुनी व्यवस्था नभएकोले अपराध रोकथाम प्रभावकारी हुन सकेको छैन् । सामुदायिक प्रहरी सेवालाई प्रभावकारी, व्यापक, वेज्ञानिक र सुदृढ बनाउनको लागि राष्ट्रिय नीति तथा कानुनको निर्माण गरिनु आवस्यक छ ।
- आर्थिक तथा साधनश्रोतको व्यवस्थाः सामुदायिक प्रहरी सेवा संचालनको लागि अहिलेको सबैभन्दा ठुलो चुनौति भनेको आर्थिक तथा साधनश्रोतको अभाव हो। सामुदायिक प्रहरी सेवा केन्द्र सानो भन्दा सानो कामको लागि पनि सामुदायिक सेवा केन्द्रको समितिमा भर पर्नु पर्ने कारणबाट सामुदायिक प्रहरी सेवा केन्द्रका काम कारवाहीहरू प्रभावकारी रुपमा, विवादरहित, र प्रहरीको उद्देश्य अनुरुप हुन सकेका छैनन्। सामुदायिक प्रहरी सेवाको प्रभावकारी कार्यान्वयनको लागि आर्थिक तथा साधनश्रोतको भरपर्दो व्यवस्था गरिनु पर्दछ ।
- तालिम प्राप्त, शिक्षित, दक्ष जनशक्तिको व्यवस्थाः सामुदायिक प्रहरी सेवाको लागि प्रहरी जनशक्ति कमी छ र भएको जनशक्तिमा पनि तालिम प्राप्त जनशक्ति न्युन छ। तालिम प्राप्त, शिक्षित र दक्ष प्रहरी जनशक्ति खटाई कम्तिमा पनि २ वर्ष एकै ठाउँमा राख्नु पर्दछ। डिउटीको दोहोरोपन हटाउनु पर्दछ। कार्यालय प्रमुख र साझेदारहरूलाई पनि अनिवार्य सामुदायिक प्रहरी सेवा सम्बन्धी तालिमको व्यवस्था गरिनु आवस्यक छ ।
- सामुदायिक सेवा केन्द्रः सामुदायिक सेवा केन्द्रहरूको समितिको चयन चुनावबाट हुन्छ । यसले गर्दा राजनीतिक प्रभाव, चरित्रहीन व्यक्तिहरूको सेवा केन्द्रमा प्रवेश, पद ओगट्ने प्रवृत्तिका व्यक्तिहरूको उपस्थिति आदिले गर्दा सामुदायिक सेवा केन्द्रहरू प्रभावकारी हुन सकेका छैनन् । चुनावी प्रकृयाको अवस्थाको अन्त्य गरीनु पर्दछ । सामुदायिक सेवा केन्द्रका समितिका पदाधिकारीहरूले गरेको कामको सही मुल्यांकन हुन सक्यो भने ईमान्दार व्यक्तिहरूको उपस्थिति बढ्छ । कतिपय सामुदायिक सेवा केन्द्रहरु नविकरण भएका छैनन् । विना नविकरण नै संचालनमा छन् र केही सामुदायिक सेवा केन्द्रहरू निष्कृय छन् । सामुदायिक सेवा केन्द्रहरूको दर्ता गर्ने प्रकृया हटाउनु पर्दछ ।
- सामुदायिक प्रहरी सेवा केन्द्रः सामुदायिक प्रहरी सेवा केन्द्रहरू प्रहरी इकाईको समानान्तर इकाईको रुपमा चलेका छन् । नजिकको प्रहरी कार्यालयको कमाण्डमा राख्नु पर्दछ। आर्थिक र साधनश्रोतको लागि सामुदायिक सेवा केन्द्रमा भर पर्नु पर्ने अवस्थाको अन्त्य हुनु पर्दछ। सामुदायिक प्रहरी सेवा केन्द्रहरुलाई सूचना केन्द्र, मेलमिलाप केन्द्र र समग्रमा प्रत्येक जनताको आस्थाको केन्द्र बनाउन सम्बन्धित पक्षको ध्यान जानु जरुरी छ ।
- साझेदारी र समन्वयः वर्तमान साझेदारी संकुचित साझेदारी हो यसलाई विस्तृत बनाइनु पर्दछ । साझेदारी स्थानीय समस्या समाधानको लागि हुनु आवस्यक छ ।
- नियन्त्रणः सामुदायिक प्रहरी सेवा केन्द्रलाई कस्ले कमाण्ड र कण्ट्रोल गर्ने दुविधा छ, यो दुविधा हटाउनु पर्दछ ।
- प्रहरी संगठनको संरचना र व्यवस्थापनः सामुदायिक प्रहरी सेवा प्रभावकारी संचालनको लागि परम्परागत संरचनालाई परिवर्तन गर्नु पर्दछ। प्रहरीको अह्रन खटन राम्रो र वैज्ञानिक छैन, भर्ना, तालिम, सरुवा, बढुवा, मुल्यांकन, पुरस्कार, सजाय, आदि व्यावसायीकतामा आधारित हुनु पर्दछ । सामुदायिक प्रहरीको सफलतार असफलता व्यक्तिको इच्छामा भन्दा संगठनको प्राथमिकतामा पर्नु पर्दछ । प्रहरी ऐन २०१२ तथा अन्य ऐनहरूले नेपाल प्रहरीका लागि तोकेका मुलभुत कार्यहरू अपराध रोकथाम, फौजदारी अपराधको अनुसन्धान, र शान्ति सुरक्षा तथा अमनचयन कार्यको

स्पष्ट कार्य विभाजन, कामको वर्गिकरण, जनशक्तिको बिभाजन, र कार्यका लागि समन्वयको खाका बनाउनु पर्दछ ।

- सुचना र प्रविधिः प्रहरीले आजको वैज्ञानिक र प्रविधि युक्त समयमा शारीरिक परिश्रमबाट मात्र प्रभावकारी कार्य गर्न सक्दैन । सामुदायिक प्रहरी सेवालाई प्रविधिले जोड्नु पर्दछ । अभिलेख संकलन, संग्रह, विश्लेषण, योजना निर्माण, योजना कार्यान्वयन, अनुगमन, मूल्यांकन आदि प्रविधिमा आधारित हुनु पर्दछ ।
- अन्वेषण तथा योजनाः विगतमा भएका काम कारवाहीहरूको अभिलेखिकरणको विश्लेषणबाट भएका कमिकमजोरीहरूलाई सुधार गर्दै योजनाबद्व रूपमा अगाडी बढ्नको लागि सामुदायिक प्रहरी सेवामा Research And Planning हुनु आवस्यक छ । सामुदायिक प्रहरी सेवाका सम्पुर्ण गतिविधि तथा काम कारवाही Research Base मा हुनु पर्दछ । अभिलेख संकलन, संग्रह, विश्लेषण, योजना निर्माण र मूल्यांकनको लागि छुट्टै Research Wing भएमा सामुदायिक प्रहरी सेवाको कामकारवाहीमा प्रभावकारीता आउँदछ ।

नेपाल प्रहरी संगठन सामुदायिक प्रहरी सेवालाई प्रभावकारी, सुदृढ, वैज्ञानिक, र व्यापक बनाउनको लागि सहभागीहरू र विशेषज्ञहरूबाट प्राप्त हुन आएका महत्वपूर्ण राय तथा सल्लाह सुझावहरूलाई प्राथमिकताको आधारमा सामुदायिक प्रहरी सेवाका सवलिकरण र सुदृढीकरणका क्षेत्रहरू तोकी अगाडी बढेको छ । विभिन्न श्रोतबाट प्राप्त हुन आएका राय, सुझाव र सल्लाह अनुसार अपराध रोकथाम सम्बन्धी राष्ट्रिय नीति तथा कानुन निर्माण गरी सामुदायिक प्रहरी सेवा संचालन गर्न लागि अगाडी बढ्नु नेपाल प्रहरी संगठनका लागि अवसर र चुनौति दुबै हुन् ।

## Reference

Brogden, M. and Nijhar, P. (2005).Community policing: National and internal models and approaches. Cullompton, Devon: Willan Publishing.

Das, D. K. (2013). Policing gloval movement: Tourism, migration, human trafficking, and terrorism (Preface, pp. xi-xii). In D. K. Das (Ed). Advances in police theory and practice series. New York: CRS Press Taylor and Francis Group, LLC.

Goldstein, H. (1977). Policing a free society. Madison: Ballinger Publishing Company.

Kappler, V. E., & Gaines, L. K. (2011). Community policing: A contemporary perspective (6th Edition). Cincinnati, Ohio: Matthew Bender & Company, Inc.

Khatri, M. (2013). Community policing in Nepal: Challenges and prospects. Unpublished doctoral dissertation. Tribhuvan University, Kathmandu.

Lama, P. B. (1983). Police in community service. In, Police in community service (pp.7-8). Kathmandu: Police Headquarters.

Nepal Police. (2007). Nepal police history. Retrieved November 1, 2011 from www.nepalpolice.gov.np41.htm.

Trojanowicz, R. and Bucqueroux, B. (1998). Community policing: A contemporary perspective (2nd Edition). Cincinnati, Ohio: Anderson Publishing Co.

Vaidya, T., Manandhar, T., & Bajracharya, B. (1995). History of Nepal police. Kathmandu: Nepal Police Headquarters.

नेपालमा सामुदायिक प्रहरी सेवा सम्बन्धी अवधारणा पत्र, २०६९ ।

नेपाल प्रहरी ऐन, २०१२ ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, सामुदायिक सुरक्षा महाशाखा ।

सामुदायिक प्रहरी सेवा संचालन निर्देशिका, २०६९ ।

# लैङ्गिक हिंसाविरुद्धको अभियान र हाम्रो सरोकार

प्र.ना.नि. घनबहादुर थापा

**भूमिका** :

वैशाख २०७२ को विनाशकारी भूकम्पबाट प्रभावित महिला, पुरूष र बालबालिका एउटै त्रिपालमुनि बस्नुपर्ने बाध्यात्मक अवस्था आइपऱ्यो । त्यसबेला महिलामाथि यौन दुर्व्यवहारका घटना भए भन्ने समाचार प्रकाशमा आए । एउटै त्रिपालमुनि सुतेकी महिलाको छेउमा आएर आफू निदाएको अभिनय गर्दै महिलालाई पुरुषले सास्ती दिएको घटना पनि सुनियो । यी र यस्तै स-साना घटना झट्ट हेर्दा सामान्य भएपनि महिला हिंसाको सुरूवात यहींबाट हुन्छ, चाहे त्यो सार्वजनिक यातायातमा यात्रा गर्दा होस् वा एउटै कार्यालयमा काम गर्दा होस् वा घरमा हुने गालीगलौज होस् । भूकम्पले जनजीवन तहसनहस पारेको दयनीय अवस्थामा समेत लैङ्गिक हिंसाका घटना हुन्छन् भने अन्य सामान्य यस्ता अपराधको अवस्था कति विकराल होला ? प्रश्न गम्भीर छ । यस्तै पुरूषवादी चिन्तन र व्यवहारको कारण महिलाहरूले हिंसा व्यहोरिरहेका छन् । जसलाई समाजले स्वीकार गर्छ, तर पूर्णतया निराकरणका लागि डट्न चट्टानी अड्चनहरू प्रशस्त छन् । अतएवः लैङ्गिक हिंसाविरुद्धको अभियानमा सहभागी हुनु पीडितको मात्र होइन राज्य, कानुन कार्यान्वयन गर्ने प्रहरी, सरोकारवाला सरकारी तथा गैरसरकारी संघसंस्था र नागरिक समाजसमेतको सरोकारको विषय हो ।

**लैङ्गिक हिंसा र हाम्रो समाज** :

लैङ्गिक विभेद समाज र संस्कृतिले सिर्जना गरेको महिला र पुरूषबीचको फरकपना र असमानता हो भने लिङ्गको आधारमा गरिने हिंसा नै लैङ्गिक हिंसा हो । लैङ्गिक सवालमा हाम्रो आफ्नै सामाजिक मान्यताहरू छन् । साथै हाम्रा मान्यता विश्वपरिवेश भन्दा पृथक पनि छन् । समाजमा प्राकृतिक वा जैविक दृष्टिकोणबाट महिला वा पुरूषको स्थान कायम हुँदैन । यस्तो स्थान सम्बन्धित देशमा विद्यमान सामाजिक कारणबाट निर्धारण भएको हुन्छ । हाम्रो समाजमा महिलाहरूको चासो, विचार र अनुभव पुरूषका जत्तिकै मूल्यवान छन् र तिनलाई उत्तिकै सम्मानसाथ लिइनुपर्छ भन्ने मान्यता कायम गर्न औधी कठीन र लामो समय पर्खनुपऱ्यो । यसै वातावरणले पुरूषहरूबाट महिलाहरूलाई सक्रियरूपमा दबाउने, प्रयोग गर्ने र दुरूपयोग गर्ने कामले प्रश्रय पाएको व्यवहारमै देखा पऱ्यो । समाजमा महिलाहरूको स्थान पुरूषहरूको भन्दा भिन्न र असमान देखिने यथार्थता हाम्रा सामु उभियो । अन्ततः

महिलाका विषयगत अनुभव पुरूषका भन्दा भिन्न रहने वास्तविकताबाट समाजले आँखा चिम्लियो । यस सन्दर्भमा प्रत्यक्षवाद, पुरूषपक्षीय, वस्तुगत र औजारियारूपमा विकसित भएको महिलाप्रतिको दृष्टिकोणले महिलाहरूको आवाजको प्रतिनिधित्व गर्नसमेत सकेन । जसका कारण हाम्रो समाजमा महिला हिंसाको सुरूवात हुन पुग्यो ।

**लैङ्गिक हिंसाका स्वरूप** :
हिंसाका अनेक रूप हुन्छन्, जुन समाजमा यत्रतत्र सवत्र प्रत्यक्ष वा अप्रत्यक्षरूपमा देख्न, भोग्न पाइन्छ । समग्र विश्व समुदाय नै यस्ता हिंसाबाट अछुतो छैन। समाजमा बस्ने सबै पुरूष, महिला बालबालिका पीडित हुने यथार्थ भए पनि महिलाहरू नै लैङ्गिक हिंसाबाट बढी प्रभावित हुने वास्तविकताबाट हामी अनभिज्ञ छैनौं । जुन हाम्रा अनुसन्धान, प्रतिवेदन र तथ्याङ्कहरूले पुष्टी गर्दै आएका छन् ।

लैङ्गिक हिंसाका स्वरूप युगसापेक्ष परिवर्तन हुँदै गएको पाइन्छ । शैक्षिक उन्नति, सञ्चारको बिकास, आर्थिक बिकास, यातायातको सुविधा एवम् विश्वव्यापीकरणका कारण यस्ता हिंसाको स्वरुपमा परिवर्तन देखिएको हो । हाम्रो समाजको कुरीति एवम् अन्धविश्वासले महिलाविरूद्ध हिंसाजन्य घटना हुने गरेका छन् । महिलाविरूद्ध हिंस्रक रूपमा प्रस्तुत हुने, गालीगलौज गर्ने, पासविक यातना दिने, अङ्गभङ्ग बनाइदिने तथा ज्यानै लिने प्रकृतिका घटनासमेत हुने गरेका छन् । पारिवारिक हिंसा हाम्रो समाजमा धेरै वर्षदेखि लुप्त रहेको छ, जसले वैवाहिक जोडी मात्र होइन बालबच्चा एवम् बुढौली सदस्यहरू समेतलाई असर पुगेको देखिन्छ । मानव वेचबिखनजस्तो घृणित र जघन्य अपराधबाट पनि महिला नै पीडित छन् । यसले व्यक्तिगत स्वतन्त्रता, सामाजिक मर्यादा गुम्नुका साथै मानवअधिकारमा समेत कुठाराघात पुऱ्याउँछ । महिलाहरुलाई शारीरिक, मानसिक, आर्थिक र लैङ्गिक रुपमा असक्त बनाउँछ ।

**लैङ्गिक विभेद र मानवअधिकार** :
लिङ्गको आधारमा विभेद गरी महिलालाई हकअधिकारबाट बञ्चित गरिएका सवालहरू बेलाबखत उठ्ने गर्छन् । यस्तो नहोस् भन्नाका खातिर महिला सशक्तीकरण, लैङ्गिक मूल प्रवाहीकरणजस्ता अभियान सञ्चालन गरिन्छन् । मानवअधिकारको सुनिश्चतता तथा दिगो बिकासका लागि लैङ्गिक समानता र महिला सशक्तीकरणलाई विश्वव्यापी स्तरमै लिने गरिन्छ । नेपालले पनि महिलासम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरेको छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समतामुलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ । यसप्रकार संविधान, हाल प्रचलित ऐनकानुन आदिले विभेदको अन्त्यका लागि मार्ग प्रशस्त गरेको देखिन्छ । महिलाविरूद्ध हुने कुनै पनि विभेदलाई कानूनमार्फत दण्डनीय बनाई नेपालले अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई कार्यान्वयनमा ल्याएको पनि छ । यसका साथै राजनीतिक दल, प्रशासन, राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त राष्ट्र सङ्घलगायतबाट महिलामाथि हुने लैङ्गिक विभेद हुन नदिन प्रयासररत छ । जसबाट महिलामाथिको लैङ्गिक विभेदमा सुधार हुने आशा प्रबल बन्दै गएको छ ।

**लैङ्गिक हिंसाका कारण र समाधान** :
लैङ्गिक हिंसा बढ्नुमा सम्बन्धित समाजको परिवेश उत्तरदायी हुन्छ । बढ्दो शहरीकरण, रूढीवादी परम्परा, बेरोजगारी, आपसी समझदारीको कमी, सामाजिक कुप्रथा, आर्थिक प्रलोभन, शिक्षाको अभाव, पारिवारिक बेमेल, परनिर्भरता आदि कारणबाट महिला हिंसामा वृद्धि भएको पाइन्छ । पश्चिमी सभ्यतासँग आकर्षण तथा निकटता हुन खोज्दाको परिणामले हिंसा खेप्नु परेका उदाहरण पनि हाम्रा सामु छन् । लैङ्गिक भेदभाव र महिलालाई नै दोष दिने प्रवृत्तिले पनि उल्टै हिंसा बढाउन मद्दत पुऱ्याउन सक्छ । बालविवाह, अनमेल विवाह, जबरजस्ती विवाह पनि हिंसाका कारण बनेका छन् ।

महिलामाथि हुने विदेभबारे व्यापक कुरा उठ्छन् । महिला शिक्षा, तालिम, रोजगारीजस्ता महिला सरोकारका विषयमा राज्यले न्याय गर्न सके हिंसा न्यूनीकरणमा स्वतः बल पुग्छ । गरिबी, स्वास्थ्य, महिला हक, निर्णायक तहमा पहुँच, महिलामैत्री वातावरण, मानवअधिकार लगायतका बिषयमा महिला सशक्तीकरण हुन सके हिंसा स्वतः निराकरण हुन्छ । न्याय पाउने मानिसको नैसर्गिक अधिकार भएकोले वस्तुनिष्ठ अपराध अनुसन्धान गरी वास्तविक पीडितलाई न्याय दिलाउन सके हिंसाबाट उत्पन्न समस्याको स्वतः समाधान निस्कने कुरामा

दुईमत छैन । प्रभावकारी अनुसन्धानबाट नै सुरक्षित तथा समुन्नत समाज निर्माण भई कानुनी शासनको प्रत्याभूति हुन सके हिंसा आफै काबुमा आउने छ ।

लैङ्गिक हिंसा नियन्त्रण गर्न अन्तर्राष्ट्रियस्तरमा 'महिलाबिरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९' र 'जिउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनसम्बन्धी महासन्धि, १९४९' लगायतका महासन्धिहरू भएका छन् । जसले राज्यका हरेक अङ्गमा महिलाको पहुँच पुऱ्याउन, महिला सशक्तीकरणमा टेवा पुऱ्याउन र महिलामाथि हुने सबै प्रकारका विभेदहरू उन्मुलन गर्न सहयोगीसिद्ध सावित भएका छन् । अतएवः हाम्रा अनुसन्धान, व्यवहार, दृष्टिकोण र प्रतिबद्धता यसैमा केन्द्रित भई व्यवहारमा लागू हुनु वाञ्छनीय हुन आउँछ ।

## संविधानमा महिला हक

नेपालको संविधान २०७२ को धारा ३८ मा महिला हकको व्यवस्था गरिएको छ, जसमा निम्न बुँदाहरू समावेश छन् :

१. प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ ।
२. प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।
३. महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
४. राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
५. महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने छ ।
६. सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

यसैगरी संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोग रहने व्यवस्था गरिएको छ । धारा २५३ मा सो आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ । उपधारा १ को (घ) मा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सो को अनुगमन गर्ने भनिएको छ ।

त्यस्तै सोही उपधाराको (च) मा महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने अधिकार दिइएको छ । यसैगरी यसै उपधाराका अन्य बुँदाहरूमा पनि महिला सशक्तिकरणका विषयमा अधिकार दिइएको छ । यसबाट महिला सशक्तीकरणको साथै लैङ्गिक हिंसा न्युनिकरणमा ठोस परिणाम आउने निश्चित छ । तथापि लैङ्गिक हिंसाविरुद्ध सर्वप्रथम महिला स्वयम् सचेत भई पाइला अगाडि बढाउनु आवश्यक छ । यसपछि सम्बन्धित निकायले ध्यान दिनुपर्ने हुन्छ, अन्यथा कानुन लिखितम्मा मात्र सीमित हुन पनि सक्छ ।

## चुनौती तथा समस्या :

लैङ्गिक विभेद न्यूनीकरणका लागि विश्वका अन्य मुलुकमा भन्दा हाम्रो देशमा अझै बढी चुनौती छन् । लैङ्गिक हिंसा गम्भीर प्रकृतिको सामाजिक अपराध भएकोले पिडितले आफ्नो पीरमर्का खुलेर बाहिर ल्याउने वातावरण सिर्जना गर्न चुनौती छ । पुरुषप्रधान समाजको अवशेष अझै बाँकी छ । कानुन कार्यान्वयन गर्न भौगोलिक जटिलता तगारो बन्छ । प्रविधिको बिकासको सही सदुपयोग गर्न सकिएको छैन । भौतिक साधनस्रोतको कमी छ । सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबीच आपसी सहयोग, समन्वय र सञ्जालको अभाव देखिन्छ । अर्कोतिर अपराधीलाई राजनीतिक संरक्षण हुने गरेका उदाहरण पनि छन् । अनुसन्धानका लागि छुट्टै जनशक्तिको अभाव विद्यमान छ भने कमजोर र दुविधाजनक कानुनी व्यवस्था र जटिल अदालती प्रकृयाले चुनौती बढाएको छ । वैज्ञानिक तथा वस्तुगत प्रमाण सङ्कलन गर्न चुनौती छन् । यौनजन्य अपराध विशेष महत्वको भएकोले

**महिला हिंसाको अनुसन्धानमा पनि तथ्य घटना र वस्तुस्थितिको वैज्ञानिक परीक्षण गरी यथार्थता पत्ता लगाउनु अनुसन्धानकर्ताको कर्तव्य हुन आउँछ । अपराधसँग सम्बन्धित तथ्यहरू संकलन, संरक्षण र परीक्षणलगायतका कार्य अनुसन्धानमा पर्दछन् ।**

अनुसन्धानकर्ताको ज्ञान, कुशलता र क्षमता अभिवृद्धि गर्न आवश्यक छ । साथै चुनौती समाधानका लागि तारे होटलमा गरिने गोष्ठी, सेमिनारको सन्देश सकारात्मक भए पनि पीडित पक्षसम्म पुग्न सकेको अवस्था देखिंदैन । यद्यपि नेपाल प्रहरी चुनौतीको सामना गर्न हरदम तयार रहँदै आफ्नो दायित्व निर्वाहमा चुकेको छैन ।

## लैङ्गिक हिंसा र अपराध अनुसन्धान

समाजमा लैङ्गिक हिंसा एवम् महिलाविरूद्ध हुने हिंसा, यौनजन्य दुर्व्यवहारको रोकथाम र घटित अपराधको अनुसन्धान गर्ने जिम्मेवारी कानुनतः नेपाल प्रहरीको रहेको छ । यस्ता हिंसाजन्य एवम् संवेदनशील घटनाको रोकथाम, सफल अनुसन्धानको दायित्व निर्वाह गर्न नेपाल प्रहरी कटिबद्ध रहेको छ । सुरक्षित र महिलामैत्री वातावरण सिर्जना गर्न, हिंसाजन्य क्रियाकलापको न्युनिकरणका लागि समाजमा सचेतना फैलाउने काममा महिला प्रहरी अधिकतम सहभागी गराउने संगठनको नीति रहेको छ । यसै उद्देश्य पूर्तिका लागि महिला प्रहरीको क्षमता अभिवृद्धि र मनोबल उच्च राख्दै व्यावसायिक दक्षता अभिवृद्धि गर्नेतर्फ नेपाल प्रहरीका पाइला केन्द्रित छन् ।

कानुनको उल्लङ्घन गरी गरिएका सकारात्मक वा नकारात्मक कर्म वा राज्यविरूद्धका कसूरहरू अपराध हुन्, जसलाई दण्डनीय मानिन्छ । यस्ता अपराध र त्यसमा संलग्न अपराधी पत्ता लगाउने उद्धेश्यले आधिकारिक निकायबाट गरिने चरणबद्ध कार्य अपराध अनुसन्धान हो। महिला हिंसाको अनुसन्धानमा पनि तथ्य घटना र वस्तुस्थितिको वैज्ञानिक परीक्षण गरी यथार्थता पत्ता लगाउनु अनुसन्धानकर्ताको कर्तव्य हुन आउँछ। अपराधसँग सम्बन्धित तथ्यहरू संकलन, संरक्षण र परीक्षणलगायतका कार्य अनुसन्धानमा पर्दछन्। सबुद प्रमाण संकलन, परीक्षण गरी अभिलेख राखेर घटनाबारे बिस्तृत जानकारी हासिल गरी निष्कर्षमा पुग्ने कामले नै अनुसन्धानलाई सफल तुल्याउँछ । अपराधरहित समाजको परिकल्पना असम्भव भए पनि अपराध न्यूनीकरण गर्न र घटित अपराध एवम् त्यसमा संलग्न व्यक्तिकाबारेमा अनुसन्धान तहकिकात गरी कानुनी दायरामा ल्याउन राज्य प्रयत्नशील रहनुपर्छ।

लैङ्गिक हिंसासम्बन्धी कानुन कार्यान्वयन गर्ने प्रमुख निकायका रुपमा नेपाल सरकार, अदालत, राष्ट्रिय महिला आयोग, सरकारी वकील, जिल्ला प्रशासन, महिला विकास कार्यालय पर्दछन् । त्यस्तै अन्य सम्बन्धित निकायहरूमा नागरिक समाज, वार एसोसियसन, गैरसरकारी संस्था र सञ्चार माध्यम पर्दछन् । सबै निकायसँग समन्वय हुन सकेमा अनुसन्धानपछि पीडितले न्याय पाउने अवस्था रहन्छ ।

## लैङ्गिक हिंसा न्यूनीकरणमा नेपाल प्रहरी

प्रचलित कानुन कार्यान्वयनको प्रमुख निकाय नेपाल प्रहरीले महिला अधिकार संरक्षण र लैङ्गिक समानता कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । नेपाल प्रहरीले न्यायका लागि सहज पहुँच सुनिश्चित गर्दै लैङ्गिक हिंसा रोकथाम र अन्त्यका लागि सङ्गठनको तल्लो एकाइसम्म लैङ्गिक विभेदमा शून्य सहनशिलताबारे निर्देशन दिएको छ। सङ्गठनभित्र तथा प्रहरी कार्य सम्पादनमा महिलाविरूद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्न अझै प्रभावकारी तथा प्रणालीगत रूपमा कार्य गर्नुपर्ने आवश्यकतालाई महसुस गरी प्रहरी प्रधान कार्यालयले नेपाल प्रहरीको लैङ्गिक नीति, २०६९ जारी गरेको छ । जसअनुसार अवलम्बन गरिने प्रमुख नीतिहरू यसप्रकार छन् :

१. नेपाल प्रहरीका विभिन्न प्रहरी कार्यालयहरू वा बाहिर हुनसक्ने महिला हिंसाविरूद्धमा शून्य सहनशिलता अपनाउने ।
२. महिला प्रहरीहरूलाई सङ्गठनको मूलधारमा समाहित गर्नका लागि सांगठनिक रूपमै समानता र समताको सिद्धान्त अनुरूप कार्य गर्ने।
३. भौतिक संरचनाहरूलाई क्रमशः महिलामैत्री बनाउँदै लैजाने ।
४. कामको वातावरणलाई महिलामैत्री बनाउने ।

५. महिला प्रहरी कर्मचारीको क्षमता अभिवद्धिका लागि तालिममा सुधार गर्ने र वृत्तिविकासको व्यवस्था गर्ने ।
६. सरकारी तथा गैरसरकारी साझेदारहरूसँग सहकार्य गरी लैङ्गिक समानतासम्बन्धी सचेतना फैलाउने ।
७. लैङ्गिक हिंसाको संवेदनशीलतालाई दृष्टिगत गरी विशेष परिचालन नीति अबलम्बन गर्ने । र,
८. लैङ्गिक असमानताको पहिचान गर्ने तथा नीति एवम् कार्यक्रमहरूमार्फत सम्बोधन गर्ने ।

यी नीतिहरूलाई सपोर्ट गर्न विभिन्न कार्यनीतिहरूको व्यवस्था गरिएको छ । जसको प्रहरी एकाइहरूबाट कार्यान्वयन भए नभएको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ । साथै नीति तथा कार्यनीति, क्रियाकलाप, समयावधि, जिम्मेवार एकाइ, सहयोगी एकाइ, सूचक र अनुगमन तथा मूल्याङ्कन एकाइको व्यवस्था गरी प्रभावकारी कार्ययोजना कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । नयाँ संविधानमा व्यवस्था भएअनुरुप र अब बन्ने कानुन अनुरुप नेपाल प्रहरीले नयाँ ढंगले आफ्नो कर्तव्य पालना गर्दा अझै प्रभावकारिता आउने निश्चित छ । प्रहरी कार्यलाई मूर्तरूप दिन प्रहरीको एकल प्रयास निश्चय पनि अपुरो हुन्छ । यसका लागि नागरिक समाज, सरोकारवाला सरकारी तथा गैरसरकारी संघसंस्था एवम् सम्बन्धित पक्षको सहयोग, सद्भाव, सहकार्य र प्रतिबद्धताको खाँचो रहन्छ । र, कार्यान्वयन पक्षमा प्रहरीले उचित समन्वय गर्नु महत्वपूर्ण हुन्छ ।

## उपसंहार

लैङ्गिक विभेद आधुनिक वा पीछडिएको, धनी वा गरिब सबै समाजमा विद्यमान छ । प्रश्न धेरै वा थोरै मात्रामा भन्ने मात्र हो । नेपालमा अझै पनि सामाजिक परिवेश र कार्यस्थल महिलामैत्री बन्न सकिरहेको छैन । लिङ्गका आधारमा हुने असमान व्यवहार र हिंसा सहनुपर्ने बाध्यताको कारण महिलाको अवस्थामा आशातीत सुधार हुन नसकेको हो भन्दा अतिसयोक्ति नहोला। पीडितलाई आवश्यक सहयोग गर्दै पीडितमैत्री वातावरण तयार गरी निशङकोच र निर्धक्क उजुरी गर्ने तथा कानूनी लडाइँ लड्ने वातावरण तयार गर्नुपर्ने अवस्था अझै छ । यसकालागि नेपाल सरकारले २०५२ सालमा महिला तथा समाज कल्याण मन्त्रालय र २०५७ सालमा महिला बिकास बिभागको स्थापना गरेको छ । हाल नयाँ संविधानले महिला हक र राष्ट्रिय महिला आयोगको व्यवस्था गरेको छ । महिलाविरुद्धको मुद्दालाई सम्बोधन गर्न 'लैङ्गिक हिंसाविरुद्धको वर्ष सन् २०१०' घोषणा गरिएको थियो । यता कानुन कार्यान्वयन गर्ने नेपाल प्रहरी महिलामैत्री वातावरण सिर्जना गर्न कटिबद्ध छ । तथापि प्रहरीको एक्लो प्रयास प्रर्याप्त हुन सक्तैन । यसका लागि राज्यका सबै संयन्त्र, प्रचलित ऐन कानून तथा नीति, हाम्रा परम्परा, संस्कृति र सोंचमा नयाँ दृष्टिकोण आवश्यक छ । मुलुकमा जनताका प्रतिनिधिद्वारा जारी गरिएको पहिलो संविधान आएको र राष्ट्रपति, सभामुखजस्ता गरिमामय पदमा महिलाको उपस्थितिले आगामी दिनमा लैङ्गिक हिंसाका बारेमा गुनासा शून्यमा पुग्दै सामाजिक न्याय र समावेशीमूलक समाज निर्माण गर्न सकिने आशा गर्न सकिन्छ ।

अन्त्यमा, प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट वार्षिकरुपमा प्रकाशन हुने 'सिआइडी म्यागेजिन' अपराध अनुसन्धानमा नेपाल प्रहरीको प्रतिबद्धता कार्यान्वयन गराउन भूमिका खेल्ने एउटा पाटो हो, निर्दिष्ट समयमै लक्ष्यमा टेक्न सफलता मिलोस् भन्ने कामना गर्दछु ।

## सन्दर्भ सामग्री

१. नेपालको संविधान २०७२ : नेपाल सरकार, कानुन किताब व्यवस्था समिति ।
२. नेपाल प्रहरीको लैङ्गिक नीति २०६९, प्रकाशक : प्रहरी प्रधान कार्यालय नक्साल ।
३. अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारिता, प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, युनाइटेड स्टेसन इन्स्टिच्युट अफ पिस नेपाल ।
४. सामाजिक संस्था र प्रक्रियाहरूको विश्लेषण : प्रा.डा. पदमलाल देबकोटा र नेत्रकुमार ओझा, दिव्य देउराली प्रकाशन ।
५. प्रहरी द्वैमासिक प्रकाशनका विभिन्न अंकहरू, प्रकाशक : प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखा ।
६. विभिन्न दैनिक पत्रिकाहरु र नेपाल साप्ताहिक । ■

# "अपहरण" एक सत्य घटना

**प्र.ना.उ. ज्ञानेन्द्रप्रसाद फुयाल,**
**केन्द्रीय अनुसन्धान व्यूरो**

केन्द्रीय अनुसन्धान व्यूरो, पिलर-३, आफ्नै कार्य कक्षमा पुराना मुद्दाको मिसिल अध्ययन गरिरहेको बेला अचानक टेबलमा राखिएको मोवाईलको "रिङ" बज्दा मेरो एकाग्रता भंग भयो । नम्बर नहेरी आफूले "हेल्लो" भन्न नपाउँदै उतैबाट आवाज आयो "ज्ञानेन्द्र सर नमस्कार ! म सिरहा लहानबाट शिवदयाल महतो ।" अभिवादन फर्काउँदै मैले हाल खबर बुझ्ने प्रयत्न गरे । शिवदयालले हाल खबर सबै ठीकै भएको जानकारी गराउँदै कुरा थपे "अरू खासै केही छैन, घरमा सबै जना बसेको बेला सरको चर्चा चल्यो त्यसैले सम्झेर के कसो छ सन्चो विसन्चो बुझ्न मात्र फोन गरेको, "बिजी" हुनुहुन्छ होला म "कन्ट्याक" गर्दै गर्छु नि है सर ।" मैले पनि छोटो कुराकानी सँगै धन्यवाद दिँदै फोन कटाए ।

आफ्नो व्यावसायिक जीवनको एउटा कार्यकाल बिताएर लहानबाट सरूवा भएको ५-६ महिनापछि स्थानीयवासीले सम्झिएर फोन गरी "सन्चो/विसन्चो" सोधिदिँदा म भित्रभित्र खुशी हुँदै आफूलाई गौरवान्वित महसुस गरिरहेको थिएँ । त्यतिकैमा सम्झनाका वायुपंखी कल्पनाको घोडामा सवार हुँदै उही सिरहा, लहानतर्फ विचरण गरिरहँदा अचानक शिवदयालको भाइ गुरूदयाल महतोको अपहरण घटना तथा अनुसन्धान प्रकृया मेरो मानसपटलमा कुनै चलचित्रको "रील" जोडेझैं गरी यसरी एकाएक घुम्न थाल्यो ।

२०७१ साल कात्तिक ३० गते बिहान लहान-३, अस्पताल चोक छेउछाउका चिया पसलहरुमा रातीबाट गुरुदयाल महतो बेपत्ता भएको र अझै सम्पर्क नभएको कुरा चर्चाको विषय बनिसकेको थियो । सिराहा जिल्ला लाहान न.पा. ३ बस्ने झमेली महतोको छोरा वर्ष ३५ को गुरुदयाल महतोले आफ्नो को.१ च. ६६४१ नंबरको टाटा सुमो गाडीमा २०७१ कात्तिक २९ गते अं. १६:३० बजे ईटहरी जाने दुई जना अपरिचित पेसेन्जर लिई ईंटहरीतर्फ गएको र पुन: भाडामा ईंटहरीबाट मानिसहरु लिई सिरहातर्फ आउने क्रममा सप्तरी जिल्लाको पन्सेरा गा.बि.स. -७ स्थित अमाहा चोकनजिक पूर्व पश्चिम राजमार्गमै गाडी अलपत्र छाडी चालक गुरुदयाल महतो एकाएक

सम्पर्कबिहीन भएको कुरा एक्कान, दुई कान हुँदै पूरै 'भाईरल' बनिसकेको थियो । स्थानीय एफ.एम. तथा छापाहरुमा छ्याप् छ्याप्ती ।

"ज्ञानेन्द्र सर, गुरुदयालको अपहरण भएको हो ? डि.एस.पि. सा'ब अहिलेसम्म के पत्ता लाग्यो ?" यस्ता अनेकौं प्रश्नहरु मोबाईल फोन र भेटेजति सबैले मप्रति गर्न थाले । राती एक बजे प्राप्त गुरुदयाल हराएको अपुष्ट खबर र त्यसपछि भएको प्रहरी टोली परिचालन साथै जि.प्र.का. सिरहा, सप्तरी, ई.प्र.का. कडोरबना, ई.प्र.का. कल्याणपुर अनि भारतीय समकक्षीहरुसँग समेत समन्वय भइरहेको भनी म सबैलाई आश्वस्त बनाउने प्रयत्न गर्थें ।

साँझ पर्न लागेको थियो, गुरुदयालको जेठो दाजु रामदयाल महतो केही स्थानीय भद्र भलादमी तथा आफन्तहरु समेत ई.प्र.का. लहानमा प्रवेश गर्नुभयो । सबैको अनुहार मलीन थियो । त्यति बेलासम्म ई.प्र.का. कडोरबना तथा ई.प्र.का. कल्याणपुर सप्तरीका प्रहरी निरीक्षकहरू उक्त घटनाको बारेमा सूचना आदान प्रदान तथा समन्वय गर्न आईसक्नु भएको थियो । हामी प्राप्त भएका सूचना तथा अन्य पक्षबाट विश्लेषण गरिरहेका थियौं । रामदयाल दाइ भक्कानिँदै बोल्न थाल्नुभयो । "ज्ञानेन्द्र सर ! मेरो भाइको पक्कै अपहरण नै भएको हुनुपर्छ, हिजो चार पाँच बजेतिर प्यासेन्जर लिएर ईंटहरी गएको र ईंटहरीबाट अरु प्यासेन्जर लिएर आउँदै छु भनी बाटोबाट माहिलो भाइ शिबदयाललाई फोन गरेको रहेछ । हेर्नुन लहान आई नपुगी सप्तरी अमाहाबाटै भाइ गायब भयो । "रामदयाल भक्कानिँदै गर्दा मैले सोधेँ "गुरुदयाल बेपत्ता भएको तपाईंहरुले कति बेला थाहा पाउनुभयो ?"गम्छाले आँशु पुछ्दै रामदयालले थप्दै गए "मेरो साडू भाइ चतुरानन्द महतोले ओम प्रकाशलाई समेत साथै लिई एम्बुलेन्समा एउटा बिरामी बिराटनगर अस्पताल हिजो राती फर्कंदै रहेछन्, राती अं. १०:४० बजे अमाहा पुलनजिक गुरुदयालको ६६४१ नंवरको सुमो पार्किङ लाईट अन भएको, क्यासेट बजिरहेको अवस्थामा रहेछ, गाडीमा कोही नदेखेपछि त्रसित हुँदै गुरुदयालको नंबरमा फोन गर्दा नलागेपछि तुरुन्त भाइ शिवदयाललाई फोन गरी जानकारी गराएछ । गुरुदयाल कहिलेकाहिँ त्यतिकै साथीभाइको तिर जाने बस्ने कुनै शंका नगरी चतुरानन्दलाई त्यो गाडी समेत लिई आउन भनेपछि ओम प्रकाश र चतुरानन्दले दुई वटै गाडीहरु लिई लहान आएछन्, त्यसपछि हामी सबै पुनः घटना भएको स्थानतर्फ खोज्न भन्दै लाग्यौं । प्रहरी हामी सबै भएर अहिलेसम्म खोज्दा पनि केही बुझ्न नसकेपछि ई.प्र.का. कडोरबनामा निवेदन दिएर हामी यहाँ आएका हौं । लौ न डि.एस.पि. सा'ब, तपाईंहरु लागेपछि मेरो भाइको ज्यान बच्न सक्छ । "रामदयालले नेपाल प्रहरीप्रति भरोसा देखाई रहँदा अरुले मौन समर्थन गरिरहेका थिए ।

गुरुदयाल बेपत्ता भएको हप्ता दिन बितिसक्दा पनि कुनै अत्तोपत्तो थिएन । उक्त घटना सम्बन्धमा स्थानीय बासीहरुले विभिन्न खाले टिप्पणी गर्न थालेका थिए । कोही अपहरण भएको भए त फिरौती मागी हाल्थे नि ? भन्थे भने कोही आपसी पारिवारिक विवादका कारण परिवारबाटै उसलाई कतै पठाएको अनुमान गर्थे । पेशाले भाडामा गाडी चलाउने चालकको रुपमा गुरुदयाल चिनिए पनि प्रशस्त जग्गा जमिन भएकोले गुरुदयालको बावु झमेली महतो आर्थिक हिसाबले सम्पन्न र प्रतिष्ठित मानिन्थे । उक्त कुरा थाहा पाउने ब्यक्तिहरुबाटै निजको अपहरण भएको हुनसक्ने धेरैले बताउन थालेका थिए । यसरी घटना थप जटिल बन्दै गएपछि अञ्चल प्रहरी कार्यालय, सगरमाथाले जि.प्र.का. सप्तरीमा कार्यरत तत्कालिन प्र.ना.उ. केदार ढकालको संयोजकत्वमा ई.प्र.का. कल्याणपुर, ई.प्र.का. करोडबनाका प्र.नि.हरु तथा ई.प्र.का. लहान प्रमुखको हैसियतले म समेत सदस्य रहेको अनुसन्धान टोली गठन गऱ्यो । प्राबिधिक सहयोगका निमित्त क्षेत्रीय अनुसन्धान समूह (RIT) को टोलीसमेत लहान आइपुग्यो । दुबै जिल्लाका प्रहरीहरुको संयुक्त प्रयास तथा भारतीय समकक्षीहरुसँगको समन्वयमा अनुसन्धानलाई गम्भीरतापूर्वक अघि बढाइयो । घटनाका सम्बन्धमा देख्ने, सुन्ने, जान्ने, बुझ्ने भनिएका अनेकौं ब्यक्तिहरुलाई भेट्ने सोधपुछ गर्ने कार्यलाई तिब्रता दिईयो । अनुसन्धानको कमान्ड पोष्ट नै ई.प्र.का. लहानमा खडा भयो । पीडित गुरुदयालको मोबाइलबाट अन्तिम कल कात्तिक २ ९ गतेको २०:१६ सम्ममात्र हुनु र २०:२७ बाट मोबाइल सम्पर्क बिच्छेद (detached) हुनुले पनि गुरु दयालको अपहरण नै भएको हुनसक्ने प्रारम्भिक अनुसन्धानबाट समेत देखिएको थियो ।

२४ नोभेम्बर २०१४ को राती एउटा भारतीय नम्बरबाट गुरुदयालको जेठो दाजु रामदयाललाई फोन गरी गुरुदयालको अपहरण आफूहरुले गरेको र जिउँदै फिर्ता लिन एक करोड भारतीय रुपैयाँ ठीक पार्नु भन्ने फोन आएको जानकारी पीडित परिवारबाट तुरुन्तै प्राप्त भयो। हामी अनुसन्धानमा खटिएका प्रहरीहरुका निम्ति उक्त सूचना अन्योलता बीचमा पलाएको आशाको किरणझैं भयो। क्षेत्रीय अनुसन्धान समूहको प्राविधिक सहयोग र भारतीय प्रहरीसँग समन्वय गर्दै उक्त फोन गरी पैसा माग गर्ने तथा धम्की दिने समूहमध्येको जिल्ला सप्तरी फुल्काही-७ बस्ने मोहम्मद अफजल भन्ने व्यक्तिलाई नियन्त्रणमा लिन प्रहरी सफल भयो। तर बिडम्बना थप अनुसन्धान तथा सोधपुछबाट निज अफजललगायत भारत डुबरबोना बस्ने नौसाद आलम र मोहम्मद जाकिर भई पीडित परिवारले सहयोग तथा सूचनाको लागि भनेर दिएको पीडितको दाजु रामदयालको मोबाइल नम्बरमा "पैसा झार्ने" उद्देश्यले मात्रै फोन गर्ने गरेको खुल्न आयो। उक्त तथ्यबाट एउटा गोरेटोमा अघि बढेको अनुसन्धान प्रकृया बीचैमा अलमलियो।

दिनहरु बित्दै गए। घटना झन् रहस्यमय बन्दै गयो। प्रहरीको अनुसन्धान तत्परता साथै लगावपूर्ण कारबाही अनि सकृयताका कारण कसैले औंला नठड्याए पनि निकै ढिला भइसकेकोले अनुसन्धानमा थप चुनौती आईरहेको थियो। अपहरित व्यक्तिको सुरक्षाको पनि त्यत्तिकै चिन्ता। पीडित व्यक्तिको नम्बर प्रयोग गरी पीडितको माहिला दाजु शिव दयाल महतोको मोबाईल नम्बरमा अपहरणकारीहरुले फोन गरी रु. १ करोड फिरौती माग गर्दै उक्त रकम लिई भारतको बेगुसराय आउनु नत्र गुरुदयालको ज्यान रहन्न भनी पटक-पटक मध्यरातमा फोन गर्न थाले। प्रहरी अनुसन्धानका केही प्राबिधिक पक्षहरुले गुरुदयालको अपहरणमा पीडितकै मामा नाता पर्ने भारत, मधुबनी जिल्ला डुबरबोना घर भएका महेन्द्र महतो तथा निजकै निकटस्थ व्यक्तिहरुको संलग्नता रहेकोतर्फ शंकेत गरिरहेको थियो। तर पीडित परिवार र निज महेन्द्र महतोबीच पारिवारिक घनिष्ट नाता सम्बन्ध भएको र भारतीय ईलाकाबाट सकुशल अपहरण मुक्त गराउन निज महेन्द्र महतोको सहयोग अपरिहार्य रहेको पीडित परिवारको एकोहोरो बुझाई रहेको पाइएकोले थप प्रमाणहरुको अभावमा पिडित परिवारको ईच्छाविपरित महेन्द्र महतोलाई तत्काल नियन्त्रणमा लिन सकिएन। शिबदयाल महतो पनि आफ्नो भाइलाई अपहरण मुक्त गराउन भनि प्रत्येक दिन निज महेन्द्र महतोसँगै भारत मधुवनी र सुपौल जिल्लाका विभिन्न भागमा हिँडिरहेको सूचना प्राप्त भइरहेकै थियो।

दुई हप्ताभन्दा बढी समय बितिसक्दा पनि गुरुदयाल अपहरण मुक्त नहुँदा अनुसन्धान कारबाहीका हाम्रा सारा प्रयत्न र प्रगती ओझेलमा परेजस्तो भएको थियो। पीडित परिवार तथा स्थानीयबासीहरु अब आश्वासनभन्दा पनि परिणाम चाहन्थे। हाम्रा पुराना उत्तरहरुले नयाँ प्रश्नहरुको सम्बोधन गर्न सकिरहेको थिएन। त्यसैले जिल्ला प्रहरी कार्यालय, सप्तरीको विशेष अनुरोधमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सि.आई.बि.) बाट प्र.नि. अर्जुन के.शी. नेतृत्वको चार सदस्यीय टोली मिति २०७१।०८।२२ मा ईलाका प्रहरी कार्यालय लहान आइपुग्यो। घटनाको सफल अनुसन्धान गर्न उत्साहका साथ आएको सि.आई.बि. टोलीसँग घटनाको सम्बन्धमा छोटो कुराकानी तथा जानकारीपश्चात तत्काल लागियो सप्तरीको अमाहास्थित घटनास्थलतर्फ। जहाँबाट २४ दिन अगाडि गुरुदयाल अपहरणमा परेका थिए। घटनास्थलको प्रारम्भिक प्राविधिक अध्ययन तथा अवलोकन गरी हामी फर्कियौं पुनः लहान तर्फ।

बेलुकीको खानापछि सि.आई.बि. टोली, जि.प्र.का. सप्तरीका तत्कालीन प्र.ना.उ. केदार ढकाल, क्षेत्रीय अनुसन्धान समूहका प्र.ना.नि. हेमराज ओली साथै मसमेत एक अलग कोठामा बसी हालसम्म अनुसन्धानका क्रममा संकलन भएका सूचना तथा कागजातहरु निफन नाफन गरी खबरका बियाँ कनिका छुट्याउन संयुक्त प्रयत्न गर्यौं। केहीबेरको विश्लेषणपछि सि.आई.बि. बाट खटिएका प्र.नि. अर्जुन के.सी.ले भन्नु भयो "ओहो काम त धेरै भइसकेको रहेछ केही होला जस्तो छ।" ल्यापटपलाई आफूनजिक सार्दै दुर्गा स.ई. सा'ब ले पुनः थप्नुभयो "सूचनाहरुलाई घोलघाल पारेर हामी सबै लागी पर्ने हो भने रिजल्ट आउँछ।" हामी सबैमा एक किसिमको आशा पलाएझैं भयो। अब गर्नु पर्ने अनुसन्धान योजना तयार बनायौं। खुलेका तथ्यहरुलाई हामी (Key members) मा मात्र सीमित राखी गोप्य ढंगले परिणाम मुखी अनुसन्धान अघि बढाउने निधो भयो।

उपलब्ध स्रोत साधन तथा आधुनिक प्राविधिक पक्षहरुको भरपुर उपयोग गरी घनिभूत अनुसन्धान गर्दै जाँदा गुरुदयालको अपहरण पेशेवर अपराधीहरुको समूहले योजनाबद्ध ढंगबाट गरेको र भारतीय तथा नेपाली आपराधिक गिरोहको संलग्नता रहेको खुल्न आयो । सि.आई.बि. बाट खटिएको टोलीको कामप्रतिको लगाव तथा समर्पण अनुकरणीय थियो। एउटै उद्देश्यमा केन्द्रित सामूहिक भावनामा हामी कहिले भारतको लौकाहा थाना, कहिले लालमनिया थाना पुग्यौं । कहिले खेत बारी हुँदै नाका गौंडामा रातभरि कुरिरहयौं । हाम्रो अनुसन्धानबाट मुख्य शंकित व्यक्ति ठहरिएका अपहरित पीडित व्यक्तिको मामा महेन्द्र महतोको भारत मधुवनीका चर्चित आपराधिक गिरोह "राधे समूह", "पवन समूह" सँग निकटतम सम्बन्ध रहेको बुझियो । तर पीडित परिवार त्यो कुरा मान्न तयार थिएन । महेन्द्र महतोको पृष्ठभूमिबारे अप्रत्यक्ष बुझ्न खोज्दा शिवदयाल महतो फेरि उही पारामा भन्दै थिए "महेन्द्र मामाबाट यस्तो काम हुनै सक्दैन ।"

संकलन भएका तथ्य तथा बिद्युतीय प्रमाणहरु (Digital evidence) बाट यस्तो गम्भीर अपराधमा निज महेन्द्र महतो, निजकै भाइ वीरेन्द्र महतोसमेतको प्रत्यक्ष संलग्नता रहेको र फिरौती माग गर्न प्रयोग भइरहेको पीडितको नेपाली सिम सिमावर्ती ईलाकाको भारतीय भूमिबाट प्रयोग भएको कुरा पुष्टि भयो । हामीलाई एक खालको सफलता मिलेको अनुभूति भयो। बन्द कोठाभित्र हामीले एक आपसमा हात मिलाउँदै गर्दा प्र.ना.उ. केदार ढकाल सरले मुख खोल्नु भयो "कस्तो कंश मामा रहेछ ।" हामी सबै सन्तुष्टिको हाँसो हाँस्यौं ।

अब हाम्रो पहिलो प्राथमिकता महेन्द्र महतोलाई नियन्त्रणमा लिनु नै थियो । किनभने उसलाई नियन्त्रणमा नलिई अरु संलग्न व्यक्तिहरुको बारे बुझ्न कठिन थियो। एकातिर भारतमा बस्ने महेन्द्र महतो र वीरेन्द्र महतोलाई नियन्त्रणमा लिन त्यति सजिलो थिएन भने अर्कोतिर भारतीय भूमिमा बन्धक बनाई राखिएका गुरुदयालको सकुशल मुक्त गर्ने कुरा त्यतिकै चुनौतीपूर्ण थियो । आखिर हाम्रो अनुसन्धान रणनीति बमोजिम घटना अनुसन्धानमा सहयोग पुऱ्याउन भनि महेन्द्र महतोलाई नेपाल प्रवेश गराइयो र तत्काल नियन्त्रणमा लिई एउटा टोली आवश्यक सोधपुछमा जुट्यो भने अर्को टोली निरन्तर सम्पर्कमा रहने गरी योजना अनुरुप भारतीय प्रहरीसँग समन्वय गरी आवश्यक कारबाहीको लागि भारततर्फ प्रस्थान गऱ्यो । हाम्रो सूचनाको आधारमा अर्का अपहरणकारी वीरेन्द्र महतोलाई समेत भारतीय प्रहरीले नियन्त्रणमा लियो । यता प्रहरीको अनुसन्धानात्मक अन्तरवार्ता र संकलित तथ्य प्रमाणहरुका सामु महेन्द्र महतोको बहानाबाजी धेरैबेर टिक्न सकेन । अन्ततोगत्वा साबित हुँदै उसले कुरा खोल्यो "गुरुदयालको परिवार आर्थिक रुपले सम्पन्न भएको र भर्खर मात्र जग्गा बिक्री गरी नगद पैसासमेत भएको थाहा पाएकोले केही भारतीय र केही नेपालका आपराधिक गिरोहका व्यक्तिहरुसँग सम्पर्क गरी अघिल्लो दिन कार्तिक २८ गते नै लहानमा भेट भई सल्लाह तथा योजना बनाई फिरौती रकम लिने उद्देश्यले भान्जाको अपहरण गरेका हौं ।" खुल्न आएका थप कुराहरुको आधारमा अपहरित गुरुदयाललाई बन्धक बनाई राखेको स्थानको पहिचान भएसँगै हामी २०७१।०९।०१ गते राती पुनः लाग्यौं भारततर्फ । अन्ततः भारतको सुपौल जिल्लास्थित कुरिवन भन्ने स्थानबाट भारतीय प्रहरीको सहयोगमा २०७१।०९।०२ गते ०२:०० बजे गुरुदयाल महतोलाई सकुशल मुक्त गराई लहानतर्फ फर्कियौं । हामी अनुसन्धानमा खटिएका प्रहरीहरुलाई युद्ध जितेको जस्तो अनुभूति भइरहेको थियो । हेर्दै टिठ लाग्दो देखिने गुरुदयाल अझै थर्थरी काँपिरहेका थिए । उनलाई सान्त्वना दिँदै कुरा गर्दै हामी लहान ३ स्थित गुरु दयालको घर आइपुग्यौं । उज्यालो हुनै लागिसकेको थियो । गुरुदयालका बावु झमेली महतो हातभरि फूलका माला लिएर ढोकामै उभिरहनु भएको थियो। हर्षका आँशु झार्दै पहिले गुरुदयाललाई, त्यसपछि क्रमशः हामीहरुलाई फूलका माला लगाई दिनुभयो अनि मलाई च्याप्प अंकमाल गरी भन्नु भयो "तपाईंहरु भगवान हुनुहुन्छ ।"

एक दिन बिहान म आफ्नो कार्यालय ई.प्र.का. लहानबाट पूर्वतर्फ हिंडदै जाँदै थिएँ, लहान ३, अस्पताल चोक छेउछाउका चिया पसलहरुमा अपहरणकै चर्चा चलिरहेको थियो। एक जनाले भन्दै थिए "आखिर प्रहरीले सफलता पाएरै छोड्यो ।" तातो चियाको घुटकी निल्दै अर्काले बोल्यो "यो युगमा पनि कंश मामाहरु हुँदारहेछन् है ।" म आफ्नै बाटो अघि बढिरहें....... बढिरहें.......... । ■


CRIME SCENE - DO NOT ENTER
DO NOT ENTER

# बडीखेल घटना 'एक रहस्य'

**प्र.ना.उ. दिपक रेग्मी**
**पिलर - १ प्रमुख**
**महानगरीय अपराध महाशाखा, टेकु काठमाण्डौ**

वास्तविक नाम हिरालाल भए पनि भानु नगरकोटीका नामले बढी परिचित थिए गाउँघरमा उनी । सामान्य आर्थिक अवस्था भएता पनि राष्ट्र बैंकको कार्यालय सहयोगीको जागिरे भएका कारण गाउँघरमा केही बेग्लै शान, मान र ईज्जत थियो उनको । हेर्दा जति सुन्दर थियो त्यो भन्दा बढी थियो उनको वाक् चातुर्य जस्तो सुकै व्यक्तिलाई पनि आफ्नो बोलीको प्रभावले वशमा पार्न सक्ने खुबी थियो उनमा । कार्यालयमा पनि अन्य कार्यालय सहयोगीभन्दा उनको बढी नै फूर्तिफार्ति थियो । हाकिमहरु पनि अरुलाई भन्दा उनैलाई बढी विस्वास गर्दथे । त्यसैले त तल्लो दर्जाको कर्मचारी भए पनि आफ्नो वाक् चातुर्य तथा कार्य कुशलताका कारण हाकिमहरुलाई खुसी पारी दुई चार जना आफन्तहरुलाई समेत आफूले काम गर्ने बैंकमा जागिर लगाउन सफल भएका थिए उनी । सायद यही कारणले होला गाउँका बेरोजगार युवाहरु उनको पछि लाग्थे र भनेको पनि मान्थे कतै आफूलाई पनि जागिर लगाई देलाकि भन्ने आशा लिएर । अझ उनको धक फुकाएर खर्च गर्ने बानीले गाउँका अल्लारे केटाहरु जाँड रक्सी खान पाइने आशामा उनको नजिक हुन खोज्थे । गाउँघरमा आवश्यक परेको बेलामा पैसा सरसापटी दिने र समस्या परेका व्यक्तिहरुलाई सहयोग गरिदिने कारणले गर्दा उनको कसैसँग रिसईवी र बैरभाव थिएन । सबैसँग मिठो बोल्ने, झै-झगडा नगर्ने र सहयोगी भावना भएकाले पनि सबैका प्रिय थिए उनी । जति सुकै रुप र गुणले सम्पन्न भएता पनि मान्छे आखिर मान्छे नै हो । उसका केही न केही कमी कमजोरी र अवगुणहरु अवश्य हुन्छन् । यिनै अवगुणमध्ये भानु नगरकोटीको पनि एउटा अवगुण थियो परस्त्रीप्रतिको आशक्ति सायद यही आशक्तिको कारण उनीमात्र नभई उनको ५ जनाको सुन्दर परिवारको वीभत्स हत्या हुन पुगेको थियो ।

ललितपुर जिल्ला बडिखेल गाविस वडा नं.-६ खेलगाउँ (हाल गोदावरी नगरपालिका ८) मा बस्थ्यो भानु नगरकोटीको परिवार । घरमा वर्ष-३० की श्रीमती धनकुमारी नगरकोटी, वर्ष-१३ को छोरा रविन्द्र नगरकोटी,वर्ष-१० की छोरी लुरी नगरकोटी र वर्ष-८ की छोरी टुकुली नगरकोटी गरी ५ जनाको

परिवार थियो । दुईवटा छोरीहरुको विवाह भई आ-आफ्ना घरमा गइसकेका थिए । बारीका कान्लामा ढकमक्क फुलेका सयपत्री र मखमली फूलहरुले बडिखेल खेलगाउँमा पनि सदा झैं २०६० सालको विजयादशमीको आगमनको सूचना दिई रहेको थियो । दसैंको आगमनसँगै मानिसहरुको व्यस्तता पनि झन बढी रहेको थियो । कोही किनमेलमा व्यस्त थिए भने कोही घरमा रंग लगाउनमा व्यस्त थिए । सबैलाई आ-आफ्नो कामको चटारो थियो । वातावरण एकदम रंगीन र सुन्दर भएको प्रतीत हुन्थ्यो ।

मिति २०६० साल असोज १६ गते दसैंको आठौं दिन अर्थात महाअष्टमीको दिन थियो बडीखेल खेलगाउँका नगरकोटी र पहरी समेत ९ जनाको परिवारले गुठीबाट संकलन गरेको ४५००/- मा एउटा राँगो खरिद गरी नेवारी परम्परा अनुसार कुची भोज खाने निर्णय गरे । राँगो किन्ने जिम्मा भानु नगरकोटीका आफ्नै जेठान चन्द्र बहादुर पहरीलाई दिइयो । किन भने उनी राँगा काट्न गाउँमै कहलिएका व्यक्ति थिए । गाउँमा राँगा काट्नु परेमा उनैलाई बोलाउने गरिन्थ्यो । सोही दिन बिहान भानु नगरकोटीकी श्रीमती धन कुमारी नगरकोटी दसैं खर्च जुटाउन आफूले घरमा पालेको लोकल कुखुरा बेच्न बिहानै लगनखेल गएकी थिईन् । घरमा श्रीमानले राँगाको मासु ल्याएका होलान्, पेटभरि खाउँला भनि उनी भोकै आएकी थिइन् । चन्द्र बहादुरले राँगा किनेर ल्याई आफ्नै आमाको घरमा काटी नौ परिवारलाई भाग लगाई वितरण गरे र त्यही राती अबेरसम्म भानु नगरकोटी लगायतका व्यक्तिहरुसंगै बसी जांड रक्सी सेवन गरी नाचगान गरी रमाईलो गरे, भानु नगरकोटी भाइको घरमा गई भोजमा सहभागी भई आफ्नो घरतिर लागे । भानु नगरकोटी आफ्नो घरमा गई खाना खाई अं.२२:०० बजे तिर स-परिवार सुतेकै अवस्थामा उनको ५ जनाको परिवारको घांटी रेटेर वीभत्स तरिकाले सामूहिक हत्या गरियो । घट्नाको सूचना प्राप्त हुनासाथ प्रहरी घट्नास्थलमा पुग्यो, लासजाँच प्रकृति मुचुल्का, घट्नास्थल मुचुल्का लगायतका कानुनी प्रकृया सम्पन्न गरी लास पोष्टमार्टमका लागि पाटन अस्पताल पुऱ्याई घटनाको अनुसन्धान गर्न प्रहरी टोली परिचालित भयो । अति अमानवीय र वीभत्स हत्याले गाउँमा त्रास र कोलाहलको वातावरण सिर्जना भएको थियो । कसले र किन यसरी क्रुर तरिकाले कलिला बाल-बालिकासहित ५ जनाको एउटै चिहान बनायो ? प्रश्न अनुत्तरित थियो । मानिसहरु घटनाको विषयलाई लिएर विभिन्न अड्कल गरिरहेका थिए । कसैले भानु नगरकोटीको  चरित्रका कारण हत्या भएको हुन सक्ने अनुमान लगाईरहेका थिए भने कसैले आर्थिक कारणले हत्या भएको हुन सक्ने कुरा गर्थे । कोही राजनैतिक कारणले हत्या भएको ठोकुवा गर्थे भने कोही पारिवारिक ईवीका कारणले हत्या भएको हुनु पर्छ भनी दावा गर्थे । प्रहरी पनि यिनै कुराहरुलाई आधार मानी आफ्नो अनुसन्धान प्रकृया अगाडि बढाइरहेको थियो । प्रहरीका लागि एउटा ठुलो जिम्मेवारी र चुनौती बनेको थियो बडिखेल घट्ना । तत्कालिन जिल्ला प्रहरी कार्यालय, ललितपुर र उपत्यकाका अपराधहरुको अनुसन्धानको जिम्मेवारी पाएको उपत्यका अपराध अनुसन्धान शाखा (हालको अपराध महाशाखा) को संयुक्त अनुसन्धान टोली घट्नास्थलमा परिचालित थियो । प्रहरीले घट्नास्थलबाट घट्नासँग सम्बन्धित कुनैपनि भौतिक सबुद बरामद गर्न सकेको थिएन । अपराधीले घट्ना यति सुनियोजित र चलाखीपूर्ण तरिकाले गरेको थियो की प्रहरी नै हैरान र थकित थियो । एक दिन दुई दिन गर्दै घट्ना घटेको लामो समय बितिसक्दा समेत प्रहरीले कुनै ठोस र भरपर्दो सूचना फेला पार्न सकेको थिएन ।

यद्यपी अपराध महाशाखाको प्राथमिकतामा थियो बडिखेल घट्ना एक न एकदिन अपराधीलाई कानुनको कठघरामा उभ्याउने उद्धेश्य लिएर प्रहरी निरन्तर अनुसन्धानमा लागि नै रह्यो । घट्नापश्चात् विभिन्न मितिमा ललितपुर प्रहरीबाट ११ जना अनुसन्धान अधिकृतहरु तथा ५ वटा अनुसन्धान समितिहरु समेत गठन गरी उक्त घट्नाको निरन्तर अनुसन्धान हुंदै थियो भने नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले पनि बडीखेल घट्नालाई सूक्ष्म तरिकाले अनुसन्धान गरिरहेको थियो ।

घट्ना घटेको १२ वर्ष पछि उपत्यकामा हुने सम्पूर्ण अपराधहरुको अनुसन्धानको जिम्मेवारी पाएको महानगरीय अपराध महाशाखा त्यसमा पनि जघन्य

अपराधको अनुसन्धान गर्ने पिलरका रुपमा स्थापित पिलर -१ मा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरुले पहिला गरिएका अनुसन्धानहरुको सुक्ष्म अध्ययन, घटनापछिका घटनाको अनुसन्धानमा संलग्न अधिकृतहरु सँगको समन्वय तथा निरन्तर अनुसन्धानपश्चात् घटनामा संलग्न अभियुक्त चन्द्र बहादुर पहरीलाई मिति २०७२।०५।०३ गते पक्राउ गरेपछि मात्र बहुचर्चित बडिखेल घटनाको वास्तविक रहस्य खुलेको हो । परस्त्रीप्रतिको आशक्तिका कारण आफ्नै श्रीमती धन कुमारी नगरकोटीको सहोदर दाजु चन्द्र बहादुर पहरीकी श्रीमती भुन्टी भन्ने सुर्य कुमारी पहरी समेतलाई गिद्दे दृष्टी लाउन छाडेनन् निज भानु नगरकोटीले । तिनै सूर्य कुमारीसँगको अनैतिक सम्बन्ध बन्यो भानु नगरकोटीको ५ जना परिवारको हत्याको प्रमुख कारण । आफ्नी श्रीमतीसँग आफ्नै बहिनी ज्वाइको अनैतिक सम्बन्ध तथा गाउँ घरमा चलेको हल्ला तथा चन्द्र बहादुर पहरीकी श्रीमती सुर्य कुमारी पहरी र बहिनी धन कुमारी नगरकोटी बीच बेलाबेलामा हुने झगडा बन्यो बडिखेल घटनाको मुख्य कारण जसले आफ्नै सहोदर बहिनी,ज्वाइ तथा कलिला भान्जाभान्जी समेतलाई एकै चिहान बनाए निज चन्द्र बहादुर पहरीले । राँगा काट्ने बानी परेको हातले आफन्त पनि भनेन र उक्त विभत्स तथा अति क्रुर घटना घट्यो । मिति २०६०।०६।१६ गते भोजसँगै रक्सीसमेत सेवन गरी अभियुक्त चन्द्र बहादुर पहरी आफ्नै परिवारसँगै सुतेको तर पुरानो झगडाको पीडालाई सहन नसकी बहिनी ज्वाँईलाई सिध्याउँछु भनि रातको अं.२४:०० बजे घर परिवारले थाह नपाउने गरी चन्द्र बहादुरले खाली खुट्टामै, कालो छिरमिरे सर्ट र कालो हाफ पाईन्ट लगाई प्लाष्टिकको झोलामा १ जोर सर्ट पाईन्ट बोकी बहिनी ज्वाँईको घर तर्फ गए । घरको मूल ढोका बन्द थियो उनी ट्वाईलेटको छानामाथि चढेर घरमा प्रवेश गरे । मृतक भानु नगरकोटीको घरमा सधैं जसो राख्ने गरेको मासु काट्ने दाउ भऱ्याङको छेउमा फेला पारी सिधैं बहिनीज्वाँई सुत्ने गरेको माथिल्लो तलाको कोठातर्फ गई बहिनीज्वाँई भनि दुवै हातले खाटमा सुतिरहेका व्यक्तिहरुलाई घाँटीमा दाउले मार हान्ने तरिकाले एक एक पटक प्रहार गरें उनले । प्रहार गरिसके पछि हेर्दा भान्जा रविन्द्र नगरकोटी र भान्जी लुरी नगरकोटी भएको थाहा पाएपछि दाउ बोकी तल्लो तलामा झरि दक्षिणतर्फको कोठामा जाँदा उक्त कोठामा बिजुली बत्ती बलीरहेको थियो । खाटमा बहिनी धनकुमारी नगरकोटी, ज्वाँई हिरालाल भन्ने भानु नगरकोटी र भान्जी टुकुली नगरकोटी सुतिरहेको देखे उनीहरु सुतिरहेकै ठाउँमा गई पालैपालो बहिनी, ज्वाँई र भान्जी टुकुली नगरकोटीलाई मार हान्ने तरिकाले घाँटीमा दाउले प्रहार गरी हत्या गरी कोठाको दक्षिणतर्फको ढोका खोली हत्यामा प्रयोग भएको दाउसमेत बोकी बाहिर निस्के । उक्त दाउ भानु नगरकोढीको घरभन्दा केही पर पुर्वतर्फको बाँसको झाँगमा फाली नजिकै रहेको खोलामा गई आफूले लगाएको सबै कपडा खोलामा बगाई घरबाट पहिला नै आफूसँग लगेको कपडा लगाई ललितपुरकै लेलेको काभ्रे भन्ने स्थान तर्फ मामाको श्राद्दमा गएको बताए अभियुक्त चन्द्र बहादुर पहरीले ।

हाल निजका दुई भाई छोरामध्ये कान्छो छोराको ट्राफिक दुर्घटनामा मृत्यु भएको र कर्तव्य ज्यान मुद्दामा कारागारबाट छुटेको जेठो छोरा काले भन्ने मुकेश पहरीले दिएको हैरानी सहन नसकी आफु बस्दै आएको बडिखेल खेलगाउँ छाडेर विगत ३ वर्षदेखि भक्तपुर चाँगुनारायण झौखेलमा बस्दै आएका थिए चन्द्र बहादुर पहरी । अपराध महाशाखाको प्रहरीले भक्तपुरबाटै पक्राउ गरेपछी शुरुमा उनी छक्क परी घटना आफूले घटाएको स्वीकार गरे उनले । पहिला घटना घट्दाका समयमा पनि प्रहरीले पक्राउ गरेको तर त्यस समयमा आफुसँग उमेर र बल भएकाले र अस्वीकार गरेका भरमा आफुसँगै पक्राउ परेका अन्य व्यक्तिहरुले उन्मुक्ति पाएको बताए चन्द्र बहादुर पहरीले । अहिले पुनः प्रहरीले पक्राउ गरेको र आफू पनि शारीरिक र मानसिक रुपमा कमजोर भई हीनताबोध समेत भएकोले घटनाको वास्तविकता प्रहरीसमक्ष बताएको, जसले आफ्नो मन हल्का भएको बताए निज चन्द्र बहादुर पहरीले ।

घटना घटेको १२ वर्षपछि यसरी एउटा जघन्य एवं बहुचर्चित हत्या काण्डको सफल अनुसन्धान गरी अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउन प्रहरी सफल भयो । ■

# १२ वर्ष पुरानो रानीबारी हत्याकाण्डमा नेपाल प्रहरीको अनुसन्धान

**प्र. नि. दधिराम न्यौपान**

१२ वर्ष अगाडि हत्या भएको घटनामा संलग्न व्यक्तिहरुलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सफल हुनुले माथिको भनाइलाई वास्तवमै चरितार्थ गरिदिएको छ। अपराध र अपराधी हमेसा समाजमा छिपेर रहन सक्दैन। अपराध कर्मको फल अन्त्यमा तीतो नै भएर निस्कन्छ र दुष्कर्मले निम्त्याएको आनन्द क्षणिक रहन्छ। अपराध शक्तिले जस्तोसुकै दम्भ गरेतापनि अपराध जहिल्यै अपराध नै कहलिन्छ, कानुनी शक्तिभन्दा माथि कोही पनि कदापि रहन सक्दैन भन्ने दृष्टान्तसमेत सो सफलताले पुष्टी गरिदिएको छ।

## घटना विवरण

मिति २०५९ असार ३१ गते बिहान करिव ६:३० बजेतिर तत्कालिन उपत्यका प्रहरी कार्यालय, रानीपोखरीमा फोन आयो -"रानीबारीको आसरा सुधार केन्द्र अगाडिपट्टिको घरमा ठुलो घटना भयो, रक्तामै भएर मानिस लडिरहेका छन्"। खबर दिनेको आवाजबाट नै प्रष्टिन्थ्यो कि घटना गम्भीर हो। तुरुन्त प्रहरी कन्ट्रोलमा रहेका प्रहरीले मातहतका सम्बन्धित प्रहरी युनिटहरुलाई घटनाको बारेमा जानकारी गरायो र तत्कालिन अपराध महाशाखा, हनुमानढोकाबाट एउटा अनुसन्धान टोलीसमेत घटनास्थलतर्फ पठायो। खबर पाएको करिव आधा घण्टाभित्र अनुसन्धानको लागि प्रहरी टोली घटनास्थल पुगिसकेको थियो।

काठमाडौं महानगरपालिका वडा नं ३ अवस्थित गीता खड्काको चार तले रातो घरको वरिपरि मानिसहरुको भीड जम्मा हुन शुरु भइसकेको थियो। गेट खोली पश्चिमतर्फको ढोकाबाट विस्तारै प्रवेश गर्दा विभत्स एवम् भयानक दृश्य देखियो। सोही घरको पहिलो तलामा काठमाडौं जिल्ला तत्कालिन धर्मस्थली गा. वि. स. - २ घर भई रानीबारीमा बस्ने वर्ष ३६ को हेमन्त कुमार श्रेष्ठको शरीर भुइमा रक्ताम्मे अवस्थामा देखियो, सँगै जोडिएको किचेनमा प्रवेश गर्दा निजको श्रीमती कल्पना भन्ने अञ्जली श्रेष्ठको पनि शरीरको विभिन्न भागमा धारिलो हतियारले प्रहार भई भुइँमा लडेको अवस्थामा देखियो। मानवताविरुद्धको एउटा क्रुर एवम् कायर घटनाको दृष्य थियो, त्यो। मानिसले बाँच्न पाउने विश्वव्यापि न्युनतम अधिकारको घाँटी निमोठिएको थियो अनि दया र स्नेहको उपहास गरेको सो दृश्य देख्दा जो कोही भावविव्हल भएको सजिलै देख्न सकिन्थ्यो।

"यिनीहरुको सात वर्षीया अनुष्का (नाम परिवर्तन) नाम गरेकी एक छोरी पनि थिइन.-भीडबाटै कसैले भन्यो। तत्काल कोठा

वरिपरि खोज्दा कतै भेटिएन, शंका लागेर बाहिरबाटै चुकुल लागेको toilet खोलेर हेर्दा बेहोश भई ढलेको अवस्थामा निज बालिका भेटिइन् । जीवन मरणको दोषाँधमा रहेकालाई तत्काल उद्धार गर्नु मानवीय धर्म र प्रहरीको प्रमुख जिम्मेवारी भएकोले प्रथमतः बालिकालाई तत्काल कान्ति बाल अस्पताल पठाउने कार्य भयो ।

क्रुरताको पनि एउटा सीमा हुन्छ भन्थे, अपराधको पनि एउटा कारण हुन्छ भन्थे तर यो घटनामा दुवै चिजले सीमा नाघेको आभास हुन्थ्यो । श्रेष्ठ दम्पतीको जुन हिसाबले विभत्स हत्या गरिएको थियो, त्यो सायदै बयान गर्न सकिएला । त्योभन्दा बढीत्यो अवोध, निश्चल, निष्कपट सात बर्षीया बालिकाले कसको के पो बिगारेकी थिइन् होला, आफ्नै कुरा प्रष्टसँग राख्न नसक्नेले कसलाई पो दुर्वचन गरिन् होला र ? आफ्नै आमाबाबुको काखमा लुटपुटिने बेला त्यो निर्दोष अनुहारले कसलाई पो बिझाएको होला र ?

## अनुसन्धान विवरण

घटनास्थलको सुक्ष्म निरीक्षण र वरिपरि जम्मा भएको मानिसहरुको भनाइबाट कोही पेशेवर अपराधीले घटना घटाएको हो भन्ने ठम्याउन गाह्रो हुदैन थियो । त्यसमाथि गुजुमुज्ज बस्ती, एकाबिहानै, उज्यालै अवस्थामा निर्धक्क भएर जुन हिसाबले घटना घटाइएको थियो त्यो वास्तवमै प्रहरीलाई ठाडो चुनौती दिएको सजिलै आँकलन हुन्थ्यो । अझै घटनामा जुन हिसाबले हतियार प्रयोग भयो, जसरी अवोध बालिकालाई निर्ममतापूर्वक प्रहार गरियो त्यसलाई समयमै कानुनी दायरामा ल्याउन नसके यी हातहरुबाट यस्ता थप अपराधहरु घट्ने संभावना अधिक भएकोले सिंगो प्रहरी संगठनले गम्भीरतापूर्वक लियो ।

## रानीबारी घटना अनुसन्धानमा केन्द्रीय अनुसन्धान व्यूरो (CIB)

२०६७ साल श्रावण १ गते केन्द्रीय अनुसन्धान व्यूरोको स्थापना भएपश्चात नेपाल प्रहरीको केन्द्रीय स्तरमा नै अनुसन्धान गर्ने गरी पहिलो पटक प्रहरी युनिटको स्थापना भयो । अपराध अनुसन्धान नै प्रहरीको मेरुदण्ड भएकोले पनि CIB को स्थापनाले नेपाल प्रहरीलाई राष्ट्रले सुम्पेको जिम्मेवारी पूरा गर्न अरु सहजता प्रदान गरेको थियो। स्थापनाकालदेखि नै राष्ट्रिय तथा सार्वजनिक चासोसँग सम्बन्धित रहेका सम्वेदनशील केशहरुमा CIB ले उल्लेख्य सफलता हात पार्दै आएको थियो । २०७० श्रावण १ गते जारी भएको केन्द्रीय अनुसन्धान व्यूरो (स्थापना र कार्य सञ्चालन) नियमावली, २०७० ले केन्द्रीय अनुसन्धान व्यूरोलाई प्रहरीको अनुसन्धान पद्धति मजबुत बनाउन स्पष्ट रुपमा नै मार्ग दर्शन गरेको थियो । प्रहरी प्रधान कार्यलय, प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने सार्वजनिक चासोमा रहेका जघन्य, गम्भीर तथा संगठित प्रकृतिका संवेदनशील घटनाहरुको अनुसन्धानको लागि विशेष अधिकार सहित नेपालको कुनै पनि स्थानमा गई अनुसन्धान गर्न सक्ने अधिकार सो नियमावलीले प्रदान गरेपश्चात CIB ले गम्भीर तथा संगठित प्रकारका अपराध अनुसन्धानमा आफूलाई सक्रिय बनाउँदै लगेको थियो ।

सि.आई.बि.ले अन्य विभिन्न अपराध अनुसन्धानमा क्रमश : सफलता हासिल गरेसँगै प्राप्त अनुभव र बिद्यमान प्रविधिको सहायताबाटहासिल गरेको आत्मविश्वासको आधारमा सुल्झन नसकेका घट्नाहरुको अनुसन्धानलाई प्राथमिकतामा राखी रानीबारीमा भएको घट्नाको अनुसन्धानमा समेत आफूलाई सक्रिय बनायो ।

## कसरी पूरा भयो अनुसन्धान

भनिन्छ - १२ वर्षमा बगेको खोला पनि फर्कन्छ । तर १२ वर्ष पुरानो घटनामा संलग्न भएका व्यक्तिहरुलाई पत्ता लगाई कानुनी दायरामा ल्याउनु कम चुनौतिपूर्ण थिएन । घटनास्थलमा भेटिएका प्रत्यक्ष प्रमाण, प्रत्यक्षदर्शीको भनाइ र तत्कालिन समयमा स्थापित परिस्थितिजन्य प्रमाणहरुको आधारमा मात्रै निचोडमा पुग्न सहज थिएन । घटना र घटनास्थलले स्थापित गरेको सम्बन्धका आधारमा अनुसन्धान टोलीको निष्कर्ष थियो- "योजनाबद्ध ढंगले पेशेवर अपराधीहरुको संलग्नतामा घटना घटाइएको" (Cold blooded murder) । सोही कारणले पेशेवर अपराधीहरुको खोजी एवम् पहिचान गर्ने क्रममा एकातर्फ सोही समयमा घटेका उस्तै प्रकृतिका घटनाहरुको अध्ययन विश्लेषण (Modus Operandi) गरियो भने अर्कोतर्फ विभिन्न आपराधिक समूहको प्रोफाईल तयार गर्ने काम समेत थालियो ।

## रानीबारी घटना घटेको करिब दश महिनापछि काठमाडौंको गोलढुंगामा भएको हत्यामा संलग्न भएको घटनामा सम्मानित अदालतको आदेशमा करिव दश वर्षको जेलजीवन भुक्तान गरी २०६९ सालमा रिहा भएका प्रमेश चौहानले जोरपाटी क्षेत्रलाई आधार क्षेत्र बनाई Ampiz café नामक रेष्टुरेण्ट सञ्चालन गरेका थिए ।

विभिन्न अपराधिक समूहहरुको सूचना संकलन प्रयोजनार्थ थुप्रै सुराकीहरु समेत परिचालित भए । यी दुईटै कोणबाट अनुसन्धानलाई अगाडि बढाउने क्रममा थुप्रै आपराधिक समूहमा संलग्न मानिसहरुका सूचना आउँथे र त्यो सुचनालाई तत्काल भेटिएका प्रमाणहरु र प्रत्यक्षदर्शीहरुले तत्काल खुलाईदिएका हुलियाको आधारमा verify गराउने कार्यहरु भए । सोही क्रममा यस्ता दुई व्यक्तिहरुको नाममा सुराक प्राप्त भयो कि सबै कोणहरुबाट निजहरुको संलग्नताको बारेमा अध्ययन गर्दा ठ्याक्कै मेल खाने देखियो । ती दुई व्यक्तिहरु थिए, जिल्ला दोलखा खारे गा. वि. स. ६ घर भई  का. म. न. पा -२९ सामाखुसीमा बस्ने वर्ष ३४ का मनराज गुरुङ र जिल्ला रामेछाप फुलासी गा. वि. स. २ घर भई काठमाडौं जोरपाटी-३ नयाँ बस्ती बस्ने वर्ष २६ का प्रमेश चौहान । तत्काल घटनास्थलमा भेटिएका प्रमाण, निजहरुको आपराधिक पृष्ठभूमि र प्रत्यक्षदर्शीले सोही समयमा खुलाइदिएका हुलियाको आधारमा गुरुङ र चौहाननै घटनामा संलग्न भएको यथेष्ट आधारहरु भेटियो । अयलतचबअत पर्षभिच को रुपमा काम गर्ने यी दुई व्यक्तिहरुलाई  विभिन्न कोणहरुबाट अध्ययन गर्दा अनुसन्धान टोलीले यिनीहरुकै संलग्नतामा सो घटना घटाएको निष्कर्ष निकाल्यो । फलस्वरुप मिति २०७१ फाल्गुण २९  गते काठमाडौंबाट मनराज गुरुङ र प्रमेश चौहान पक्राउ परे ।

### कसरी पक्राउ परे अभियुक्तहरू

२०५८ सालमा निकै सामान्य अवस्थामा काठमाडौं आई शुरुवाती दिनहरुमा बाउन्सरको रुपमा काम गर्ने मनराज गुरुङको करोडौ सम्पत्तिको आर्थिक हैसियत देख्दा अचम्म लाग्दो थियो । निरन्तर दुई महिना भन्दा बढी यी दुवैका गतिविधिहरु नियालिरहेका प्रहरीहरुको नजरमा निजहरुको गतिविधिबाट गुरुङ र चौहान थप शंकास्पद रुपमा चित्रण भएका थिए ।

सामाखुसीमा रहेको साल्सा डान्स बार सञ्चालन गरेका मनराजले सामाखुसीलाई नै आधार क्षेत्र बनाई आपराधिक क्रियाकलापहरुमा संलग्न रहेको विभिन्न प्रहरी कार्यलयमा रहेका अभिलेखबाट पनि देखियो । कर्तब्य ज्यान, ज्यान मार्ने उद्योग, सार्वजनिक अपराध, प्रमुख जिल्ला अधिकारीमाथि हातपातलगायत विभिन्न मुद्धाहरु खेपेका गुरुङ कहिले आफ्नै नाममा रहेको  Suzuki Grand Vitara मा हुईकिन्थे त कहिले मोटरसाइकल र स्कुटीमा डुल्थे । अँधेरीखोला रोडाढुंगा सप्लायर्स, जनरल मेडिकल क्लिनिक, गुमुखोला हाइड्रोपावर लगायत विभिन्न व्यवसायमा लगानी गरेका गुरुङ रात्रीकालिन जीवनमा बढी सक्रिय थिए ।

रानीबारी घटना घटेको करिब दश महिनापछि काठमाडौंको गोलढुंगामा भएको हत्यामा संलग्न भएको घटनामा सम्मानित अदालतको आदेशमा करिव दश वर्षको जेलजीवन भुक्तान गरी २०६९ सालमा रिहा भएका प्रमेश चौहानले जोरपाटी क्षेत्रलाई आधार क्षेत्र बनाई Ampiz café नामक रेष्टुरेण्ट सञ्चालन गरेका थिए । आफ्नो पुरानो नामबाट आपराधिक अभिलेख तयार भएपश्चात आफूलाई छुट्टै व्यक्ति र पहिचान दिलाउने हेतुले नामसमेत परिवर्तन गरी प्रमेश पुनको नाममा नागरिकता बनाई डाली मौसम बार लगायत विभिन्न व्यवसाय पार्टनरसिपमा सञ्चालन गरेका चौहान पनि रात्रीकालिन व्यवसायमा सक्रिय रहेको प्रहरी टोलीले भेट्यो ।

साधारण लेखपढ मात्रै गरेका यी दुई व्यक्तिहरुको आपराधिक अभिलेख, आर्थिक हैसियत र निजहरुको गतिविधिको विश्लेषण गरी निजहरुलाई पक्राउ गर्न २०७१ फाल्गुण २९ गते दुई टोलीगठन गरी एउटा सामाखुसी क्षेत्रमा र अर्को जोरपाटी क्षेत्रमा परिचालित भयो । एउटालाई पक्राउ गरेको खबर अर्कोले पाउने बित्तिकै भाग्नसक्ने सभांवनालाई मध्यनजर राख्दै एकै दिन एकै समयमा पक्राउ गर्ने

रणनीतिलिएर मैदानमा उत्रिएको टोलीले अन्ततः सोही दिन सामाखुसीबाट मनराज गुरुङ र जोरपाटीबाट प्रमेश चौहानलाई पक्राउ गर्‍यो ।

यिनीहरुको पक्राउसँगै अपराध र आपराधिको एउटा श्रृंखला तोडियो । विभिन्न आपराधिक घटनाका पृष्ठभूमिमा हुर्केका व्यक्तिहरुलाई कानुनी कठ्घरामा उभ्याउनुमात्रै नभई जस्तोसुकै जटिल एवम् जघन्य प्रकृतिका अपराधको पनि अनुसन्धान गर्न नेपाल प्रहरी सबल र सक्षम छ भन्ने यिनीहरुसम्म  पुग्नुले उजागर गर्छ ।

लामो समय अगाडिको अपराध हाल आएर अनुसन्धान गर्न सफल CIB का निर्देशक प्र. ना. म. नि हेमन्त मल्ल ठकुरी घटनाबारे प्रतिकृया दिदै भन्नुहुन्छ "CIB मा आएपश्चात मैले पुराना जटिल एवम् जघन्य प्रकृतिका घटनाहरुलाई प्राथामिकतामा राखी सोही अनुरुप टोली परिचालन गरेको थिएँ । सोही क्रममा सर्वोच्चका तत्कालिन न्यायधीस रण बहादुर बमको हत्यामा संलग्नहरुको पहिचान गरी पक्राउ गरेपछि थप प्रेरणा र उत्साह मिल्यो । त्यसपछि विस्तृत कार्य योजनासहित अन्य केशहरुको अनुसन्धानमा लाग्यौं । लगाव, अनुशासन र निरन्तरता भन्ने चिज नै अनुसन्धानका मुख्य कडी हुन, जसलाई प्रयोग गरेपश्चात हरेक असम्भव कार्य सम्भावनामा परिणत हुन्छ । रानीवारी घटनाको सफल अनुसन्धान पछाडिको प्रमुख कारणहरु पनि यी नै हुन् । प्रहरीको व्यावसायिक कुशलता, कर्तव्यनिष्ठा र मेहेनतको फल नै रानीवारी घटनाको सफल अनुसन्धानका आधारहरु हुन्" ।

रानीबारी घटनाको पीडित स्व. अञ्जली श्रेष्ठका भाइ ज्ञानेन्द्र प्रधान भन्नुहुन्छ - "१२ वर्षपछि मेरी दिदीभिनाजुको हत्याराहरु पत्ता लगाई नेपाल प्रहरीले हामी पीडितहरुको पुरानो घाउमा मलम लगाउन सफल भएको छ । हामीलाई अन्यन्त खुसी लागेको छ कि, इच्छाशक्ति भएमा जस्तोसुकै पुरानो घटना नै किन नहोस् कानुनी राज्यमा दोषीहरु भाग्न उम्कन नपाउँदा रहेछन् । यस घटनामा संलग्नहरु पक्राउ गर्न खटिनु भएको CIB को टोलीलाई हृदयदेखि धन्यबाद दिन चाहान्छु । साथैं यो सफलताले म जस्ता पीडितहरुलाई ढिलो चाँडो न्याय मिल्ने आशा जगाएको कुरा पनि खुलाउन चाहन्छु" ।

अन्त्यमा ...
अपराध कर्म गरेपछि त्यसको दुष्परिणाम पनि भोग्नै पर्छ । एक क्षणको अपराधले जुनिभर पिरोल्छ । अपराध र अपराधीहरुको समय केही क्षणका लागि अनुकूल होला, तर त्यस पछाडि विजय भने सत्यको नै हुन्छ, ढिलो चाँडो अपराधमा सलंग्न व्यक्तिहरु कानुनी दायरामा आई छाड्छन् भन्ने रानीबारी हत्याकाण्डको अनुसन्धानले पनि पुष्टी गर्छ । ■

# अनुसन्धान डायरीका पानाहरुबाट

**प्र.व.उ. शिव लामिछाने**

म आफ्नै घरमा बिदाको फुर्सद मनाउँदै करेसा बारीमा काउली तरकारी खेतीमा गोडमेल र पानी हाल्दै थिए। घरमा छोराले अफिसबाट ४२६१७०७ बाट फोन आयो भनि जानकारी गराए पश्चात तुरुन्त सो ही नम्बरमा फोन गर्दा प्रहरी निरीक्षक नारायण भण्डारीले फोन रेस्पोन्स गरी लौ सर तुरुन्तै अफिस आउनु पर्‍यो मुड्खु नागार्जुन जंगलमा लाश छ भनि एक जना शिकारीबाट जानकारी प्राप्त भएको छ भनि खबर गरे । म मोटर साईकलबाट घटनास्थल जाँदै गर्छु तपाईहरु SOCO को अफिसर अन्य दक्ष प्रहरी कर्मचारी साथीहरु आउनुस् भनि सल्लाह मिलाए । करिब १४:४५ बजे सम्ममा सबै जना गोलढुंगा गा.बि.स.वडा नं. ६ मुड्खु भञ्ज्याङ्गको जंगलमा पुगियो। जंगलमा केहिबेर अगाडी तत्कालिन उपत्यका अपराध अनुसन्धान शाखामा फोन गरी घटनाको जानकारी गराउने शिकारी लगायत स्थानिय व्यक्तिहरु अलपत्र लाश रहेको मुड्खु जंगलको भीरमा तमासा हेरीरहेका थिए।

मेरो साथमा तत्कालीन प्र.ना.नि. ओम बहादुर कुवँर, महेन्द्र थापा, दिल बहादुर सुबेदी लगायतको टिमले उक्त जंगलमा हेर्दा प्लाष्टिकको ठूलो झोला भित्र सेतो तन्नामा पोको पारेको कालो समिज लगाएको निर्वस्त्र अवस्थामा करिब २० बर्षकी एक युवतीको लाश देखियो । अनुसन्धान टोलीलाई त्यो युवतीको लाश सनाखत गर्नु ठूलो समस्या थियो। अनुसन्धानको क्रममा आवश्यक पर्ने तथा सहायक सिद्ध हुने तथ्य चिजबस्तु कहिंकतै वरपर भेटिएन। युवती आफैले आत्महत्या गरेको तर्फ शंका गर्न मिल्ने आधार नहुँदा अनेक शंका-उपशंका गर्नु पर्ने अवस्थाले हत्याको कारण पत्ता लगाउनु झनै चुनौतीको बिषय बन्न पुग्यो। यस बिचमा तत्कालिन अनुसन्धान शाखाका प्रमुख प्र.उ. कृष्ण बस्नेतलाई घटनाको जानकारी गराए अनुसार वहाँ पनि के हि बेरमा घट्नास्थल पुग्नु भयो र वहाँले पनि घटनास्थलको सम्पूर्ण सुपरिवेक्षण गरी तत्कालिन प्रहरी महानिरीक्षक अच्युत कृष्ण खरेललाई जाहेर गर्नु भयो । प्रहरी महानिरीक्षकबाट काठमाण्डौं उपत्यका जस्तो महानगरमा यस्तो दिनदहाडै लाश फेला पर्नु अत्यन्त असामान्य र संबेदनशील घटना भएकोले हत्याराको तत्काल खोजी गर्न लागि पर्नु भन्ने निर्देशन भएको कुरा हामिलाई जानकारी गराउनु भयो।

अनुसन्धान टोलीलाई अनुसन्धानको सिलसिलामा मृतक युवती यौनपेशामा लागेको हो कि वा यौनकर्मीबनाई यौन शोषण गरी अपराधीले कुनै होटल लज निजी घर वा जंगलकै छेउमा कहिंकतै यौन आनन्द लिई यस जंगलको एकान्तमा ल्याई फालेको त होईन भन्ने तर्फ पनि सोच्न बाध्य तुल्यायो । त्यही आशंकामा राजधानीका होटल र लजहरु छापा मारियो । यौनपेशामा संलग्न रहेका तीन

सयभन्दा बढी शंकित यौनकर्मीलाई हनुमानढोकाको तत्कालिन केरकार शाखामा सोधपुछ गरि सक्दा समेत युवतीको लाश सनाखत र हत्याराको सुईको लाग्नसकेको थिएन । अन्ततः अनुसन्धान शाखा प्रमुख, अनुसन्धान टोली प्रमुख र सहायक सदस्य बिचको सर-सल्लाहबाट समाचार माध्यमको सहयोग लिने कुरामा मतैक्य रहन गयो ।

यस्तैमा अनुसन्धान टोली र अनुसन्धान शाखाका नव आगन्तुक प्रमुख तत्कालिन प्र.उ. कल्याण तिमिल्सिना घट्ना घटेको केही दिन पछि फाल्गुन त्रयोदशीका दिन २१ गते पर्ने महाशिवरात्री मेला भर्न पशुपती मन्दिरमा आउने तिर्थालु भक्तजनको सुरक्षार्थ पशुपती सुरक्षा शिबिरमा खटिई कामगरीरहे का थिए । त्यही समयमा अनुसन्धान शाखाका डिउटी अफिसरबाट मुड्खुमा भेटीएको युवतीको लाश मेरो बहिनीको हो भन्ने शंका लाग्छ भनि तारा आचार्य नाम गरेको महिलाले फोन गरेकी छन् भन्ने खबर प्राप्त भयो । खवर प्राप्त हुनासाथ पशुपती शिबिर बाट हनुमानढोका आई अनुसन्धान टोलीले युवतीको दिदी भनिने तारा आचार्यलाई हनुमानढोकामा आउन अनुरोध गर्दा वहाँ हतासीदै हनुमानढोकामा आई पुगिन । तत्पश्चात उनिसंगको कुराकानीको आधार मा वहाँ मल्ल होटलमा कार्यरत रहेको र मुड्खुमा फाले को युवती आफ्नै बहिनी गोमा भएको बताईन । उनले अखबारमा छापिएको मृतकको तस्बीरका आधार मा पत्तालगाएको बताईन् । सारा बृतान्त सुनीसके पछि लेखक लगायत अनुसन्धान टोली निकै उत्साहित भए । उनले भनेअनुसार गरीब परिवारको सदस्य बहिनी काठमाण्डौं बाफल स्थित बिकास सिन्हाको साथमा धर्मपुत्रीको  रुपमा बसेकी थिइन । अनुसन्धान टोलीबाट निज बिकास सिन्हा भनिने व्यक्तिको घर रातको १०:०० बजे घेरा हाल्ने काम भयो । यस्तै मा निज बिकास सिन्हा लाई फेला पार्दा निज मदिरा सेवन गरी बसेको भेटियो । प्रहरी अनुसन्धान टोली आएका हौं भनि भनेपछि सिन्हाको नशा उत्रिएको अनुभव गरीयो । अनुसन्धान टोलीले धर्म पिता भनिने सिन्हासहित उसका छोरा छोरीलाई पनि सोधपुछको लागि हुनमानढोकामा ल्यायो ।

घटनाका मुख्य पात्र बिकास सिन्हासंग अत्यन्त संबेदनशील भई सोधपुछ तथा अनुसन्धान गरियो । मृतककी दिदी ताराले बताए अनुसार नै बिकासले शुरुमा मृतक गोमा आचार्यलाई धर्मपुत्रीको रुपमा पालेको र उनि बिराटनगर बासी रहेको खुल्न आयो । बिकास सिन्हा पनि शुरुमा बिराटनगरमा बसी पछि काठमाण्डौं बाफलमा आई भोटेबहाल स्थित बि.एल. शर्माको आम्रपाली क्याटरीङ्गमा मुख्य व्यवस्थापकको रुपमा काम गर्न थाले । उनि आर्थीक रुपमा सम्पन्न रहेको थाहा भयो । आफुले शुरुको अवस्थामा पहिलो बिवाह काठमाण्डौंको अम्बिका पुरीसंग गरेकोमा सन्तान भई सकेपछि अम्बिका पुरी बेपत्ता भएको बताए तत्पश्चात २०४७ सालमा मिना कुवँर भन्ने अर्की युवतीसंग बिवाह गरेको र बिवाह गरेको केही समय पश्चात मिना पनि बेपत्ता भएको बताए । किशोर अवस्था र आर्थीक रुपमा सम्पन्न बिकास सिन्हालाई एक्लै सन्त भएर बस्न सक्ने अवस्था आएन र आफ्नै धर्मपुत्री प्रती लोभीन थाल्यो । लोभ बिस्तारै उकालो लागि धर्मपुत्रीसंग अवैध सम्बन्धमा रुपान्तरीत भएको कुरा प्रहरी समक्ष व्यक्त गरे । उसले करबलले शारिरीक सम्बन्ध राखी पतिपत्नी जस्तै व्यवहार भएको देखियो भने बाहिर भने कसैले सोधी हालेमा गरीबकी छोरी गोमालाई धर्मपुत्रीकै संज्ञा दिई परि चय गराउन थाल्यो । यसै बिच सोही बर्षको साउन १३ गते गोमा अमेरीका गएकी थिईन । अमेरीकामा काम पाई उतै रमाउन थालेकी थिईन र निज उतै बस्ने हो की भन्ने छट्पटाहट्बाट ग्रसित भई पटक पटक बिकास सिन्हाले फोन गरीरहेको अनुसन्धानबाट देखियो । बिकासको पारीवारीक सुत्रका अनुसार धेरै करबल गरे अनुसार गोमा सोही बर्षको घटना हुनु केही दिन अघि माग १० गते मात्र अमेरीकाबाट काठमाण्डौं आएको बुझियो । तर गोमाले आफुले अमेरीकामा रहँदा बस्दा फिरोज खाँ भन्ने युवकसंग सम्बन्ध रहेको बताईसकेकी थिईन  र साथै बिकासले आफुसंग शारिरीक सम्पर्क गर्न खोज्दा ईन्कार गरी अर्कै केटी खोजी दिने आस्वासन पनि दिईन । तथापी नौजवान बिकास त्यतिकै चुप लाग्न सकेन र जबरजस्ती रुपमा माघ २० गते शारिरीक सम्पर्क गर्‍यो यस्तैमा घटना भएको दिन माघ २१ गते राती ११:०० बजे तिर अमेरीकाबाट फिरोज खाँको फोन आयो । फिरोज खाँसंग पतिपत्नीको सम्बन्ध भए जस्तै तरीकाले गफगाफ भएको कुरा प्रत्यक्ष रुपमा आफ्नो कोठामा बसी ल्याण्ड लाईन फोनबाट मदिरा पिउँदै बिकासले सुनी बस्यो । यसरी आफुबाट टाढा रही गोमा अब अर्कैकी भईसकेकी हुन् की भन्ने शंकाको साथ साथै "कसको फोन आएको हो" भनि गोमालाई सोध्दा "तलाई के मतलब" भनि अर्को कोठामा सुत्न गएको अवस्थामा बिकासले पनि रिसको

झोकमा गोमालाई तथानाम गाली गरी ढोका ढक्ढक्याए । गोमा बाहिर निस्के पछि मदिरा सेवनबाट उत्तेजित बिकासले घाँटी थिचे । गोमाकै कोठामा करीब २ घण्टासम्म घम्साघम्सी चल्यो । अबोध युवती गोमाको केही सिप नलागी निजको हत्याभएको बुझिन आयो र सोही अनुसारको बिकाससंगको र परिस्थिती जन्य अवस्थाबाट घटनाको बास्तविकता खुल्न आयो ।

यसरी तत्काल रिस थाम्न नसकी यौन प्यास अब मेट्न नपाईने भयो, ढोका बन्द भयो भन्ने अवस्थामा पुगी आवेगमा आएर गोमाको हत्या गरीसके पछि बिकासलाई रातभरी निन्द्रा लाग्ने कुरै भएन । जसरी हुन्छ अब लाशलाई कसरी छिपाउने दबाउने भन्ने ध्याउन्नमा मात्रै बिकास लाग्यो । यसका लागि काम गर्ने सहयोगीलाई गोमा अमेरीका जान लागेकी छन एयरपोर्ट सम्म जान पर्‍यो ट्क्सी ल्याईदिन पर्‍यो भनि अऱ्हायो । तर ट्याक्सी कहीं फेला नपरे पछि बिहान सबेरै ०७:०० बजे तिर आफैले काम गर्ने आम्रपाली क्याटरीङ्गमा खाना वसारपसारमा प्रयोग हुने बा.अ.ञ.६२५९ नं.को टाटा मोबाईल झिकायो । क्याटरीङ्गमै प्रयोग हुने सेतो तन्नाले लाशलाई पोको पारी कोठाबाट तल सम्म ल्याई घटनास्थल मुड्खु सम्म लगी चालकलाई थाहै नदिई मलाई पिसाब लाग्यो यहाँ एक छिन रोक भनि आदेश दियो । जाडो मौसम हुस्सु लागेको उक्त जंगलमा कसैले थाहै नपाउने गरी गाडीको पछाडी गई लाशलाई जंगलको भीरमा लगी फालेका रहेछन् । त्यसरी लाशलाई फालिसकेपछि केही दिनमा पत्रपत्रिकाहरुमा बेवारीसे लाशको सम्बन्धमा समाचार प्रकाशित भएपछि आफ्नो नाममा भएको सम्पत्ति पहिलो श्रीमती अम्बिका पुरीको छोरा नाबालक अमितको नाममा गराई आफु आत्महत्या गर्ने सम्मको चेष्टामा पुगेको समेत अनुसन्धानकर्ता समक्ष उनले खुलासा गरे । त्यस्तै मृतककी दिदी तारा आचार्य लगायत छरछिमेकीहरुबाट सोधनी हुँदा अमेरीकामा उपचार गराईरहेर बसेको भनि बिकासले ढाँट्ने गरेको पनि खुल्न आयो ।

बिकासको अपराध कार्यबिधी निजको जिवन शैली आर्थीक क्षमता आदी समेतलाई बिचार गरी छिमेकी र अम्बिका पुरी पहिलो श्रीमतीको माईती नातागोता समेतसंगको सुचना आंकलन तर्फ बिचार गर्दा निजले बताए अनुसार अम्बिका हराएको नभई निजले मारेरै बेपत्ता बनाएको हुन सक्छ भन्ने तर्फ प्रहरीले सजिलै अनुमान गरीसकेको थियो । यसै क्रममा निजसंग थप अनुसन्धान र देश भरका प्रहरी कार्यालयहरुमा सनाखत नभएको बेवारीसे लाशको सम्बन्धमा सुक्ष्म अनुसन्धान थाल्यो । यसै क्रममा एक्कासी सिन्धुपाल्चोक प्रहरी कार्यालयबाट सनाखत नभएको महिलाको लाशको सम्बन्धमा जानकारी प्राप्त भयो । उक्त जानकारीलाई गहिरीएर बुझ्ने क्रममा उक्त लाशसंगै टि.भि.को खोल पनि पाईएकोले प्रहरीलाई बास्तविकताको नजिक पुग्न सजिलो भयो । टि.भि.को खोलको नम्बर ०११०३००३७१ र बिकासको घरमा मौजुदा रहेको २० ईन्चिको टेलिभिजनको नं. ठ्याक्कै मिल्न गयो । त्यसपछि अम्बिकाको कुरा त्यस्तै हो टि.भि.को खोल खोई भनि प्रश्न राख्दा बिकास पुनः अचेत हुन गयो । प्रहरीको कडा र सुक्ष्म अनुसन्धानबाट २०४६ साल कार्त्तिक २९ गते बिकास सिन्हा काठमाण्डौंको लगन टोल स्थित डेरामा बस्दा अम्बिकाको परपुरुषसंग सम्पर्क रहेको शंकैशंकामा बिकासले अम्बिका माथी जोर जुलुम गरी अम्बिकालाई मारी आफ्नै साथमा रहेको उक्त टि.भी.को खोलमा राखी जुटको बोरामा प्याकिङ्ग गरी काठमाण्डौं सुन्धाराहुँदै ट्याक्सीमा राखी चालकलाई ओरियन्ट म्याग्नेसाईटको हाकिमलाई टि.भि.दिनु छ भनि बहाना गरी सिन्धुपाल्चोक खाडी चौर स्थित भोटेकोशीको पुलमुनी फालेको अनुसन्धानबाट पुष्टी हुन आयो । तत्कालिन अवस्थामा सिन्धुपाल्चोक जिल्ला राम्चे स्थित भोटेकोशी नदीमा एक जना कालो कालो मानिसले ठूलो पाकेट फालेको भन्ने सम्मको चश्मदित गवाहले बताएको प्रहरीलाई जानकारी भई खोली हेर्दा बेवारीसे लास भनि अनुसन्धानकैक्रममा सनाखत हुन नसकी बिचाराधिन अवस्थामा रहेको हत्या प्रकरण ८ बर्ष पछि बल्ल सुल्झनगइ बिकासले नै बिभिन्न परिस्थितीबाट हत्या गरेको खुल्न आई Double murdar case पर्दाफास भएको थियो ।

यसरी प्रहरीको सफल अनुसन्धानबाट २/२ वटा हत्यामा संलग्न अभियुक्तलाई कानुनी दायरामा उभ्याउन सफल भएको नेपाल प्रहरीको सर्वत्र प्रशंसा भएको घटना मेरो व्यावसायिक जिवनको एउटा महत्वपूर्ण क्षणका रुपमा सदा यादगर रहिरहने छ ।

# Privacy, Human dignity and Police Role: a common citizen's concern

**Yubaraj Ghimire**
**Editor in-chief, Annapurna Post**

Accused in criminal cases being paraded through public places, and covering their faces with handkerchief is still something very commonly seen especially, in course of early stage of investigation by the Police. This was a practice that British began in India when they colonized it, and subsequently the Independent India chose to follow.

Britain is now a far more advanced country, providing financial and technical assistance to other countries for modernization of police force committed to human rights and advanced investigation procedure. But the legacy and practices it left in its erstwhile colonies remain.

Nepal police imitated the practices of Indian policing and practices when it set up its own police system assigning it the role of a law-enforcing organ , as conceptualized in modern states, way back in 1951. The same practice with or without much variation continues in Nepal, although never colonized by the British . And it clearly violates the principle of justice , human rights and human dignity , and grossly influences the final judicial verdict. Our society still has a mindset that any one arrested or put in custody is a 'criminal' or guilty long before the prosecution begins and the court applies its mind bases on evidences and gives its ruling.

Let us first examine some cases the way they are handled.

A police official calling media people and photographers to publicise the arrest of certain 'wanted' people, with 'I am criminal', 'I am a murderer' and 'I am a thief' like confessional statement stuck on their chest. The same people are paraded –something known as TI parade--, and the impression the public around gathers is that they

are actually the criminals. Naturally the testimony these people might give before the court , or statement before the police , will be against the accused , clearly based on their impression after they saw the people in handcuff, and with those confessional statements stuck on them.

Media shows scant respect for the privacy and right to a fair trial of the 'suspect' or the accused and flashes their photographs as 'criminals' already vitiating the public mind and influencing the court verdict.

Even in the event of the courts declaring some of these suspects non-guilty or innocent in the crimes they were arrested and tried, the 'stigma' of guilty sticks , and even the innocent ones look for going back to the jails as they are looked down upon by the society as 'guilty or criminal' and some how unwanted people.

This calls for a serious examination and reforms in our policing and investigation, our prosecution system and our judicial system . A review of the media practice is another related issue that should be linked with it. Civic education and inclusion of the text in school curriculum explaining the basic difference between detention, trial and judicial verdict declaring some one guilty are part of the justice system , but have different meanings.

The Jurisprudence clearly states that 'a person is innocent till proved guilty'. That also means an accused is entitled to fair trial, and all the legal assistance by the state if s/he is not in a position to afford to it. In fact, this is where the biggest threat or fault of our justice system lies. A rich person facing the same charge may get acquitted by the court because s/he can afford to hire best and the expensive lawyers while the poorer ones who can not spend enough in their defense. Although it requires the state to provide the lawyers to the accused if they want, the quality and commitment of the legal advise they get would be far less than what the richer can afford to.

This in fact, calls for a massive overhaul and reorientation in the approach of the state towards ensuring the right to defense in the court to those who can not afford to hire lawyers. Absence of such a facility or denial of right atmosphere for self defense will lead to denial of justice to a citizen in need. That will reduce the faith of the people in justice system as well as judiciary, and by extension, a political system called ' Democracy'. After all, Democracy loses all meanings when the rights, dignity and privacy of a citizen are not protected.

Preventing Crime is no doubt one principal duty of the Police. Advancement of technology has helped both the criminals and the Police in preventive and investigating operations. But Police needs to adopt only the legally permissible methods on both occasions. That is why 'CCTV ' being in operation are notified to the public. But in Nepal, large number of private houses and restaurants have put up CCTV without notifying it. Nepal is not the exception. Only few months ago, an Indian minister complained that a noted 'fashion House' had CCTV installed clandestinely with little respect for the privacy of the customers. Having these CCTV for detecting possible crimes and criminals is understandable, but are these restaurant owners or business people entitled / authorized to possess details or activities, and

private conversation of unsuspecting customers ? Have they got the permission from the government ? why do not they do notify about CCTV having been installed there? An infringement upon privacy or their possible misuse constitute crimes. And no business can be conducted at the cost of core values of democracy. Telephone tapping and that of internet constitute similar invasion into privacy and rights of the citizens. It constitutes a bigger question for the police as the organization is meant to protect laws of the land and all the rights of a citizens guaranteed under the constitution.

Although telephone tapping are kept secret, there are specific conditions in which such activities are allowed. Threat to the security of the state or interstate criminal gangs activities may allow such acts, but responsible authorities on behalf of the state have to sanction it in advance so that there is clear accountability in terms of infringement of the right to privacy. In other words, such an act can not be carried by the state or any one on its behalf for personal vendetta or harassment. Julian Assange of Wikileaks fame stood firm against the mighty American state exposing various acts directed against issues of larger freedom while Edward Snowden, a former contractor for the CIA, exposed that the U S National security agency was indulging in extensive internet surveillance and wire tapping of international figures including German Chancellor Angela Merkel, something that may have caused serious problem in the bilateral relations. Nearer Home , Ramakrishna Hegde, resigned as the Chief Minister of Karnataka , after an investigation report revealed that telephones of some of the opposition leaders and public figures had been tapped during his tenure. Hegde denied any role in it, but owned the moral responsibility for an incident that took place under his department. But unfortunately, ethics and morality have almost become alien aspect of our public life. A direct nexus between criminals and politicians is visible. Corruption has become an integral part of public life of our leaders, but impunity they exercise, protects them from the law and norms of accountability. This is what causes bigger threat to the core values of democracy. Personal freedom, right to privacy, right not to be vilified etc have almost been taken away from us. Big workshops and seminar, with experts on security and policing will continue to talk about how to make Nepal police modern, efficient and committed to human rights , all very very necessary features since we share the same uniform values and responsibility as the law enforcing agency as in most advances countries of the world. Legal and Human rights experts and activists will suggest what all laws have become redundant.

A truly law enforcing agency will get the support of the law abiding people which is necessary in a lawful state. For that police needs to earn the trust of the ordinary people through its actions, activities and conduct. For that it must respect the dignity and privacy of its people, especially who can not speak and protest, Doing away with the practice of parading accused as ‘criminals’, and a stiff resistance to the wire tapping with malafide intent, and letting undeclared CCTV catching innocent peoples activities could be a good beginning. Small beginning sometimes bring big dividends. ■

# सामाजिक सञ्जालको युगमा प्रहरी

**गुणराज लुइँटेल**[1]
**सम्पादक, नागरिक राष्ट्रिय दैनिक**

अमेरिकाको न्यूयोर्क प्रहरी (एनवाइपिडी)ले सामाजिक सञ्जालमा आफ्नो छवि विस्तारका निम्ति ट्विटर प्रयोगकर्ताहरूलाई माइएनवाइपिडी ह्यासट्याग राखेर राम्रा तस्विरहरू प्रकाशित गर्न आग्रह गर्‍यो । प्रहरीको पहिलो ट्विटमा आग्रह गरेको केही घण्टामै 'ब्याक फायर' गरे पछि त्यसलाई फिर्ता लिनु परेको थियो ।

पहिलो ट्विटमा भनिएको थियो- 'के तपाईंसँग एनवाइपिडीको कुनै सदस्यसँग खिचेको तस्विर छ ? हामीलाई एनवाइपिडी ह्यासट्यागसँगै ट्याग गर्नुहोस् । यसलाई हामी हाम्रो फेसबुकमा पनि समावेश गर्न सकिनेछ ।'

यो ट्विटसँगै दुईजना प्रहरीको बीचमा हाँसिरहेका एकजना अमेरिकी नागरिकको तस्विर प्रकाशित हुनासाथ अमेरिकी प्रहरीको आक्रामक व्यवहारले भरिएका तस्विरसहितका ट्विट माइएनवाइपिडी ह्यासट्यागमा सार्वजनिक हुन थाले । प्रहरीको उद्देश्य विना सेन्सर सञ्चारका निम्ति खुला मञ्च प्रदान गर्नु थियो । तर, एनवाइपिडीले भनेजस्तो सबैतिर यस्ता रोचक तस्विर मात्र थिएनन् ।

पहिलो ट्विट सार्वजनिक भएको भोलिपल्टै यो संसारभरिको आइएनवाइपिडी ह्यासट्याग ट्रेन्डिङ हुन पुग्यो । ट्विटर प्रयोगकर्ताहरूले सर्वसाधारणको शरीर छाम्ने क्रममा कार बनेटमा थिचेका, कुनैमा सर्वसाधारणलाई भूइमा थिचेर राखिएका वा झुल्टुङ खेलाउँदै सर्वसाधारणलाई प्रहरीले लिएर हिडेका तस्विर सार्वजनिक गरेका थिए । प्रायः यी तस्विरहरू व्यवसायिक फोटो ग्राफरहरूका र अखबारमा छापिइसकेका थिए ।

राज्यको प्रहरीप्रति सबै नागरिकको दृष्टि परिरहे को हुन्छ भन्ने उदाहरण पनि हो । प्रहरीको आक्रामक व्यवहार बेलाबेलामा आलोचनाको विषय हुन्छ । तर, कानुन र व्यवस्था राम्ररी कार्यान्वयन नभएको हाम्रोजस्तो मुलुकमा प्रहरी साह्रै नरम र नम्र भयो भने पनि समस्या उत्पन्न हुन सक्ने रहेछ । राजनीतिका नाममा हुने गरेका अपराधमा कतिपय बेलामा प्रहरीले राम्ररी भूमिका खेल्न नसक्ने स्थिति पनि आउँछ ।

हाम्रो आफ्नै उदाहरण हेर्ने हो भने पञ्चायती शासनका बेला एउटै हवल्दारले सिंगै गाउँलाई नियन्त्रणमा राख्न सक्थे भने अहिले सयौंको संख्यामा खटाउँदा पनि स्थिति नियन्त्रणमा राख्न नसकिएका अनुभव छन् । आधुनिक समाजमा नागरिक अनेकन अधिकारबाट सुसज्जित छ । त्यसैले राज्यले बल प्रयोग गर्दा पनि यी सबै विषयमा ध्यान पुर्‍याउनु पर्ने हुन्छ ।

प्रजातन्त्र नभएका समाजमा भने सुरक्षा नियकाहरूलाई बढी अधिकार हुन सक्छ । तैपनि सुरक्षा निकायले गरेका कामको जहिल्यै जवाफदेही हुनुपर्ने अवस्था रहन्छ ।

प्रजातन्त्र पुनर्स्थापना भएपछि नेपाल प्रहरीले आफूलाई क्रमशः परिवर्तन गर्दै आएको देखिन्छ । त्यो बेला हामीले देखेको खैरो कपडा लगाएका प्रहरी एक किसिमले आतंकका छायाँजस्ता थिए । विस्तारै यसले आफ्नो परिधान र परिचय दुबै परिवर्तन गर्दै गएको देखिन्छ । प्रहरीलाई बिस्तारै समुदायसँग मिलाएर राख्ने काम पनि भएका छन् । होइन भने प्रहरी क्रूर शासनको एउटा अंगजस्ता मात्र थिए ।

२०४६ पछिका र त्यसअघि पनि प्रत्येक दशकजस्तो हुने आन्दोलनको सामना नेपाल प्रहरीले गर्नु परेको छ । त्यसले आन्दोलनको लगत्तै प्रहरी जहिल्यै अलोकप्रिय पनि बन्नु पर्ने अवस्था आउँछ । विशेषगरी आन्दोलनकारी पक्षले त्यसलाई मन पराउँदैन । आन्दोलनबाट शासनसत्तामा आएका व्यक्तिहरूसँग भोलि गर्नुपर्ने व्यवहारलाई समेत आजको प्रहरीले ध्यान दिनु पर्ने हुन्छ । प्रायः राजनीतिक प्रकृतिका आन्दोलनहरू राजनीतिक वार्ताबाटै मिल्छन् । तर, यो परिस्थितिलाई प्रहरीले राम्रैसँग तालमेल मिलाउँदै आएका देखिन्छ ।

२०४६ को आन्दोलन सफल भएपछि पनि केही प्रहरीहरूलाई 'मण्डले' भनेर कुटीकुटी मारिएको दुःखद दृश्य अहिले पनि आँखामा झलझली हुन्छ । सुरक्षा निकायमा सेवा गरेकै नाममा मारिनु पर्ने अवस्था आउनुजस्तो दुःखद अरु के हुन सक्छ र ? प्रायः भीडको यस्तो मानसिकता हुन्छ । भीडमा हुँदा पनि विवेक हराउनु हुन्न भन्ने समाजमा शिक्षा र चेतनाको स्तर विस्तार हुँदै जानु आवश्यक छ ।

जनआन्दोलन २०६२/६३ को सफलतापछि पनि प्रहरीलाई कानुन कार्यान्वयनमा निकै कठिनाइ भएको थियो । त्यो बेलामा ट्राफिक व्यवस्थापन समेत अत्यन्तै कमजोर बन्न पुग्यो । दश वर्ष लामा सशस्त्र गतिविधिबाट खुला राजनीतिमा आइपुगेको नेकपा (एमाओवादी) समर्थक र अन्य सर्वसाधारणले समेत ट्राफिक नियम उल्लंघन गरेका थिए । प्रहरीले तिनलाई कुनै कारवाही गर्न नसकेको प्रष्टै देखिन्थ्यो । ठूला गाडीहरूले समेत त्यो बेला आफूखुसी बीच सडकमा उभ्याएको देखिन्थ्यो ।

विस्तारै यो अवस्था पनि समाधान हुँदै गयो । प्रहरीले ट्याक्सीका मिटर बिगार्नेलाई कारबाही गर्न समेत नसक्ने अवस्था थियो । तर, प्रहरीलाई विशेष गरी मिडियाले ट्राफिक अनुशासन कायम गर्ने काममा प्रत्यक्ष/परोक्षरुपमा बल पुऱ्याउँदै आएको छ । प्रहरीलाई ट्राफिक व्यवस्था गर्न असजिलो परेको पनि मिडियामा त्योबेला राम्रैसँग उल्लेख थियो ।

पछिल्ला केही वर्षमा नेपाली बोलीचालीमा एउटा नयाँ शब्द प्रवेश गरेको छ- मापसे । मादक पदार्थ सेवन गरेर सवारी चलाउनेविरुद्धको कारवाही नेपाल प्रहरीको सबै भन्दा सफल अभियान हो । राति मापसे गरेका सवारी चालकहरूबाट सर्वसाधारणको जीवन जहिल्यै जोखिममा थियो । ती आफैं जोखिममा त पर्थे नै सँगै तिनले अरुको जीवनसमेत अप्ठ्यारोमा पारेका थिए ।

मापसेविरुद्धको 'शून्य सहनशीलता'को नीतिले नेपालमा कुनै पनि कानुन कार्यान्वयन हुन सक्दैन भन्ने भ्रम पनि चिरिएको छ । नेपाली समाज पनि अन्य विकशित समाजजस्तै कानुनको पालना गर्न चाहन्छ भन्ने देखिन्छ । यसका साथै लामो समयसम्म नेपाली समाजमा भइरहेका आन्दोलन, हिंसा र उथलपुथलले पनि कानुन र अनुशासनको अपेक्षा नागरिकले गरेको देखिन्छ ।

प्रहरीले मापसेविरुद्धको कारवाही सफल पारेजस्तै सार्वजनिक यातायात क्षेत्रमा देखिएका बिकृति समाप्त पार्ने अभियान पनि चलायो भने त्यसले उसको छवि अरु राम्रो हुनेछ । विशेष गरी सार्वजनिक यातायात क्षेत्रमा सिण्डिकेटका नकारात्मक प्रभाव देखिन्छन् । सवारी साधनको अवस्था खराब छ, सरसफाइ छैन र यसमा संलग्न व्यक्तिहरूको सभ्य व्यवहार तथा उचित पोशाकको व्यवस्था समेत देखिन्न । यसका साथै प्रत्येक सार्वजनिक सवारी साधनमा हुनुपर्ने न्युनतम व्यवस्थालाई प्रहरीले सुनिश्चित गऱ्यो भने सर्वसाधारणले जयजय गर्नेछन् ।

प्रहरी राष्ट्रको देखाउने अनुहार पनि हो । सर्वसाधारणले यसैलाई सबैभन्दा नजिकबाट हेर्छन् । सर्वसाधारणको पहुँच सीधै ठूला कार्यालय, हाकिम र मन्त्रीहरूसम्ममा हुँदैन । तल सडक र स्थानीय स्तरमा काम गर्ने प्रहरीको व्यवहारले सर्वसाधारणको मनमा राज्यप्रति राम्रो वा नराम्रो भावना बनाउन भूमिका खेल्छ । अझ वाह्य देशबाट घुम्न आउने पर्यटकले पनि सबैभन्दा पहिले देख्ने प्रहरीलाई नै हो । प्रहरीसँगको भेट वा अन्तरक्रिया तिनका निम्ति जहिल्यै एउटा सम्झनाको कोसेली बन्न सक्छ ।

पछिल्लो पटक मधेस आन्दोलनका क्रममा राज्यले आफूलाई हेपेको भन्ने धारणा आइरहेका छन् । प्रहरीले आफ्नो बोलीमा सुधार ल्याउन सक्यो भने आधाभन्दा बढी

गुनासो त यत्तिकै समाप्त भएर जान्छ । त्यो किन पनि भन्न सकिन्छ भने पहिले पहिले काठमाडौंमै पनि प्रहरीको रुखो बोली सुन्दा धेरैलाई दिक्क लाग्थ्यो ।

मधेस आन्दोलनका क्रममा पनि प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेलगायतका प्रहरी कर्मचारी क्रूरतापूर्वक मारिनु परेको छ । प्रहरीले आफूलाई संयमित राख्दा राख्दै यो घटना भएको छ । त्यतिमात्र होइन समुदायले यसरी मारिहाल्लान भन्ने सोच बनाउने र तदनुकूलको तयारी गर्ने काम पनि हुन नसकेको प्रष्ट छ ।

अचेल त काठमाडौंमा प्रहरीले साँच्चिकै मीठो बोलेको सुनिन्छ । तैपनि प्रायः गाडीमा हिड्ने र पैदलमा हिड्ने बीचको व्यवहारमा अन्तर भने अवश्यै देखिन्छ । आखिर प्रहरीजस्ता राज्यका निकाय यी गरिबले समेत तिरेको करबाटै चल्ने हुन् । अतः प्रहरीले प्रत्येक सर्वसाधारण नागरिकसँग समान व्यवहार गर्न सक्यो भने निश्चय पनि त्यसले सकारात्मक सन्देश दिन्छ ।

यसको मतलब यो होइन कि प्रहरी सधैं लुत्रुक्क परेर हिड्नु पर्छ । नियम कानुनको पालनामा खद्बो पन भयो भने सर्वसाधारण आफैं त्यसका निम्ति तत्पर हुन्छन् । अतः नियममा हिड्ने नागरिकलाई गरिने राम्रो व्यवहार र नियम पालना नगर्नेप्रतिको कठोर व्यवहार दुबै आवश्यक हुन्छ । कठोर व्यवहारको अर्थ दुर्व्यवहार र दुर्वाच्य होइन । प्रहरीले मीठो बोलिदिँदा सर्वसाधारणलाई पक्कै पनि रमाइलो अनुभव हुन्छ । त्यसैगरी सर्वसाधारणले पनि ड्युटीमा खटिएका प्रहरीसँग मिजासिलो व्यवहार गर्दै तिनका कामलाई सजिलो पारिदिए भने सुनमाथि सुगन्ध भनेजस्तै हुन्छ । प्रहरी हाम्रै सुरक्षाका निम्ति खटेका हुन्छन् भन्ने भावना रहनु राम्रो हुन्छ ।

यो समयमा प्रहरी जहिल्यै सर्वसाधारणको अनुगमनमा छन् । पहिलेपहिले सीमित प्रेसका गतिविधिमाथि ध्यान दिए पुग्थ्यो भने इन्टरनेटको यो युगमा हरेक नागरिक एउटा पत्रकारजस्तो भएको छ । प्रत्येक व्यक्तिका हातमा स्मार्टफोन छ । त्यसले हरेक व्यक्तिलाई तस्विर, भिडियो र आवाज संकलन गर्ने सुविधा दिएको छ । संकलन मात्र होइन त्यसलाई सर्वजनिक गर्न सक्ने एउटा प्रजातान्त्रिक शक्ति पनि छ ।

त्यसैले हामीमाथि हजारौं आँखा परिरहेका छन् भन्ने सोच बनाएर प्रहरीले काम गर्नुपर्ने अवस्था छ । एनवाइपिडीको ट्विटर प्रयोगको आलोकमा नेपाल प्रहरीले भूकम्पको लगत्तै सुरु गरेको ट्विटर र फेसबुकको प्रयोग भने निकै लोकप्रिय हुन पुग्यो । नेपाल प्रहरीको यो प्रयोग सफल र राम्रो भएकोमा सामाजिक सञ्जाल र सार्वजनिक सञ्चार माध्यमले समेत प्रशंसा गरेका थिए । यो आफ्नै प्रयोगका आधारमा पनि नेपाल प्रहरीले आफूलाई चनाखो राख्नु पर्ने अवस्था छ । ■

# प्रहरी-मिडियाबीच व्यावसायिक सम्बन्ध आवश्यक

**हरिबहादुर थापा**
(समाचार सम्पादक, कान्तिपुर दैनिक)

दक्षिण एसियायी मुलुकका मिडिया र पाठक-स्रोता दुवै लामो समयदेखि फोर सी-एसबाट प्रभावित छन् ।पाठक-स्रोताका रुचिका विषयमा स्वभाविक रुपमा मिडियाको ध्यान र खोज केन्द्रित हुन्छन् । त्यहीकारण पत्रकारिताका निम्तिफोर सी-एस आकर्षक मसला मानिन्छ-अपराध, सिनेमा, क्रिकेट, सेलीब्रेटी अनि सेक्स । अझ राजनीति पनि धेरै हदसम्म अपराधकर्मसँगै जोडिएपछि सधैँभरि चासोमै पर्नु अस्वाभाविक होइन । राजनीतिक शुद्धीकरणमाहौलको अभावसँगै अनेक क्रियाकर्ममा संलग्न अपराधीहरु समेत राजनीतिमा प्रवेश गर्ने होड चलिरहेको छ । अपराध र राजनीति छुट्याउन नसकिने क्रमसँग मिडियाकर्मीको अपराध र अपराधकर्मीहरु प्रति पहरेदारी अधिक बढ्दैछ ।

अपराधकर्मको नियन्त्रण र अपराध कर्मीलाई कारबाही-सजायो दायरासम्म पुऱ्याउने मूलभूत दायित्व सुरक्षा संयन्त्रको हो । हरेक खाले अपराधकर्म नियन्त्रण गरी आमनागरिकलाई शान्ति-सुरक्षाको प्रत्याभूत गराउने महत्वपूर्ण भूमिकामा रहन्छ- प्रहरी संयन्त्र । उता, अपराधकर्ममा संलग्नहरुको पर्दाफास गर्नु र त्यस्ता कूकर्म हुन न्यूनीकरण गरी समाजलाई सुरक्षित तुल्याउने चाहनामा हुन्छन्- सञ्चारकर्मीहरु । अपराधसम्बन्धी सूचनाको पहिलो र प्रमुख स्रोत प्रहरी-संयन्त्र हुने हुँदा स्वाभाविक रुपमा मिडियाकर्मी र प्रहरीबीच "सूचना-सम्बन्ध" हुन्छ नै ।

नेपालमा मात्र होइन, विश्वभर नै "अपराध समाचार" अधिक बढी पढिनेमध्येमा पर्छ । प्रहरी अधिकारीसँगका सम्पर्क र सम्बन्धबाट त्यस्ता प्रकृतिका "एक्सक्लीयुसिभ" समाचार प्राप्त गर्न सकिने हुँदा सञ्चारकर्मीहरु पनि सम्बन्ध गाँस्न उत्साहित हुन्छन् । आपराधिक घटनाका प्रवृत्तिबारे जानकारी गराउँदा समाज सचेत हुन पुग्छ भने सर्वसाधारणलाई त्यस्ता खतरानाक अपराधहरुबाट बच्ने अवसर मिल्छ । त्यस्ता सूचना प्रवाह निम्ति विश्वभर आमसञ्चार माध्यमहरुलाई उपयुक्त मानिन्छ ।

सञ्चारकर्मी भनेका सूचनाका खेती गर्ने पेशाधर्मी हुन् । उनीहरुमा सधैँ नयाँर पहिलो सूचना प्राप्तिको मोह हुन्छ । अपराधकर्ममा संलग्नहरु पक्राउ परेको सूचनाहरु पाठकका निम्ति रुचिकर विषय मानिन्छ । त्यस्ता सूचना प्रहरीबाटै संकलित हुन्छ ।त्यसकारण पनि सञ्चारकर्मीहरु सधैँभरि प्रहरीसँग व्यावसायिक सम्बन्ध स्थापित गर्न चाहिरहेका हुन्छन् । फरक-फरक मिडिया हाउसका सञ्चारकर्मीहरु बीच कसरी अरुभन्दा फरक ढंगले पाठक/श्रोतासामु प्रस्तुत हुने भन्ने

प्रतिस्पर्धा चलिरहेको हुन्छ । घटनाको सूचना छिटोप्राप्तिको मोहमा रहने सञ्चारकर्मीले प्रहरी-संयन्त्र सूचनाको पहिलो स्रोत हुन् भन्ने तथ्य बुझेका हुन्छन् ।

नेपालको कानुन-नियमले हरेक किसिमका अपराध न्यूनीकरणमा प्रहरीको संलग्नता व्यापक तुल्याएको छ । राज्यविरुद्धको अपराधदेखि मुलुकी ऐनमा व्यवस्थित ज्यान, जबरजस्ती करणी हुँदै चोरी-पकेटमारीसम्मका अपराधमा संलग्न पक्राउ गर्ने, बयान लिने र मुद्दा चलाउने आधार सिर्जना गर्ने काम प्रहरीबाट हुन्छ । अर्थात्, हरेक घटनाको प्रारम्भिक चरणका छानविनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने काम प्रहरीबाटै हुन्छ । अनि सञ्चारकर्मीहरु पनि प्रारम्भिक चरणकै क्रियाकलाप सार्वजनिक गर्न बढी उद्यत हुन्छन्, त्यसकारण छानविनका तथ्यहरु बाहिर ल्याउने अधिक चाहनामा सञ्चाकर्मीहरु हुन्छन् ।

जबरजस्ती धर्म परिवर्तन गराउने होस् या अन्य धर्म खलल पार्नेहरुलाई कारबाही चलाउनेदेखि मानव बेचविखनका घटनामा संलग्नहरुलाई कारबाही चलाउने दायित्व पनि प्रहरीको हो । प्रहरीकै आँकडाका अनुरुप ५२ प्रकारका अपराधकर्म सम्बन्धी कानुन कार्यान्वयनका सन्दर्भमा प्रहरीको भूमिका रहन्छ । अझ आधुनिकीकरणसँगै अपराधका रुपहरु बिस्तारित हुँदै गएका छन् । सूचना-प्रविधिको विकसित रुप र शैलीसँगै एटीएम कार्ड दुरुपयोग गरी बैंकिङ कसूरका घटनाहरु बढेका छन् भने फेसबुक-ट्वीटरबाट कसैलाई तर्साउनेदेखि गाली-बेइज्जती गर्ने शैली हुर्किरहेका छन् । तिनलाई पक्राउ गरी कारबाहीको दायरामा पुऱ्याउने दायित्व पनि प्रहरीको हो । नेपाली समाज विद्युतीय अपराधको गहिराई बुझ्दैछ भने इमेलले जेल पुऱ्याएको दृश्य पनि कैद गर्दैछ ।

राज्यभित्र हुने हरेक खाले अपराधकर्म नियन्त्रणदेखि राजनीतिक उथल-पुथलबाट बचाउन शासकीय पक्षले सुरक्षा संयन्त्रलाई नै प्रयोग गर्छ । शासकीय चाहना प्रयोग गर्ने क्रममा कतिपय बेला सुरक्षाकर्मीहरु बदनाम हुन पुगेका छन् । सुरक्षाकर्मीहरु आफ्नो इच्छा भन्दा पनि शासकीय चाहना पूरा गर्नुपर्ने बाध्यताका कारण दमन नीति अख्तियार गर्न पुग्छन् । त्यही खेलमा सुरक्षा संयन्त्र बदनाम भएका घटना हाम्रा सामु अनगिन्ती छन् । उता नागरिक दमनका घटना सार्वजनिक गर्ने क्रममा मिडियाकर्मी र सुरक्षा संयन्त्रबीच असहज सम्बन्ध सिर्जना नभएका होइनन् । सुरक्षा दमनका विकृति-विसंगतिहरु बाहिर ल्याएपछि सुरक्षा संयन्त्रले मिडियाकर्मीहरुलाई शत्रुको रुपमा हेर्ने प्रवृत्ति पनि छ ।

राजनीतिकर्मीहरुले आफ्नो अनुचित प्रभाव बिस्तार गर्ने डन-गुन्डा पाल्ने, तिनबाट धम्क्याउन लगाउनेदेखि अर्थ संकलनको माध्यम समेत बढाएपछि अपराधका दायराहरु खतरानाक हुँदै गएका छन् । त्यस्ता अपराधमा संलग्न राजनीतिकर्मीहरुकोदवाव-प्रभाव तथा डन-गुन्डा प्रवृत्ति न्यूनीकरणमा प्रहरी र सञ्चारकर्मीहरुको रचनात्मक सहकार्य हुनु आवश्यक छ । किनभने, आफू संरक्षित डन-गुन्डा समातेपछि प्रभावशाली नेताहरु विचलित हुन पुग्छन् । त्यसपछि तिनले कारबाहीमा संलग्न प्रहरीको भविष्य नैतल-माथिपार्न सक्ने खतरा उत्तिकै रहन्छ । त्यसमा मिडियाकर्मीहरुसँग सहकार्य गरी राजनीतिकर्मीको खराब मनसाय र दवाव सार्वजनिक गर्ने हो भने प्रभावशालीहरुको प्रभावस्वतः न्यून गर्न सकिन्छ ।

जसरी आधुनिकीकरणसँगै अपराधका फरक-फरक रुप र शैली देखापरेका छन्, त्यसरी नै सञ्चारका क्षेत्रमा व्यापक परिवर्तन हुँदैछन् । प्रविधिमा देखापरेको तीव्रतर विकासँगै मिडिया रुप फेरिँदैछ, प्रतिस्पर्धाका फरक-फरक शैली देखापरेका छन् । नेपाली पत्रकारिताले सिसा युग पार नगरेको दुई दशक नपुग्दै अनलाइन जर्नालिज्ममा जम्दैछ । यतिखेर आकर्षक तवरमा फस्टाउँदो छ- अनलाइन जर्नालिज्म । जसलाई आजभोलि न्यू मेडिया भनिन्छ । त्यति अतिरिक्त अनलाइन जर्नालिज्मलाई समेत चुनौती दिने गरी सोसियल मेडियाअर्थात्, सामाजिक सन्जालका अनेकन रुप देखापरिरहेका छन् । विश्वको बहुमत सामाजिक सन्जालमा रमाउँदैछन् । पत्रकारिताबारे सामान्य जानकारी नराख्नेहरु समेत ब्लग पत्रकारितामा संलग्न छन् ।

पत्रकारिताको वास्तविक दायित्व भनेको अत्यन्तै सावधानीपूर्वक तथ्य संकलन गर्ने, त्यसको जाँच गरी सचेतपूर्वक प्रस्तुत गर्नु हो । जुन वास्तविक, सन्तुलित, विश्वसनीय हुनुपर्छ । त्यसका निम्ति स्रोतबाट प्राप्त सूचनालाई लिखित या मौखिक प्रमाणहरु खोज्ने,

पृष्ठभूमि राख्ने, त्यस सम्बन्धमा कुनै सार्वजनिक रेकर्डहरु आएका छन् कि भनी बुझ्नुपर्ने हुन्छ । अर्थात्, सञ्चारकर्मीहरुको मूलभूत दायित्व भनेको सत्य-तथ्य प्रस्तुत गर्नु हो ।

आमसञ्चार माध्यममार्फत् ठुलो समुदायमा एकै पटक सूचना या सन्देश प्रवाह गर्न सकिने हुँदा राज्यका हरेक संयन्त्रले मिडियासँग निकट सम्बन्ध राख्न खोज्छन् । प्रहरी संयन्त्र पनि आफ्नो सूचना प्रवाह गर्ने मामलामा राज्यका अन्य संयन्त्रभन्दा बढी प्रभावकारी देखिन्छ । अपराधका घटनाका सूचनाहरु प्रवाह गर्ने मामलामा प्रहरी संयन्त्र अग्रसर नै देखिन्छ- आफैले बुलेटिन प्रकाशित गर्नेदेखि समयमै प्रेस विज्ञप्ति जारी गर्नेमा प्रहरी अघिल्लो पंक्तिमा पर्छ ।

उता हरेकजसो मिडिया हाउसले अपराध-सुरक्षा मामला हेर्ने गरी बिट रिपोर्टर निर्धारण गरेका छन् । जसले अपराधका घटनामा आधारित रहेर समाचार सम्प्रेषण गर्नेदेखि प्रहरी संयन्त्रभित्रका राम्रा-नराम्रा दुवै पक्षलाई केलाउने गर्छन् । प्रहरीका उपल्ला अधिकारीहरुमा सञ्चारकर्मीसँग गहिरो सम्बन्ध राख्ने चाहना बढेको छ । अर्थात् प्रहरी अधिकारीहरुले मिडिया शक्ति अनुभूत गरी सम्बन्ध बिस्तारमा उत्साहित भएका हुन् ।

मिडियामा असल र साहसी प्रहरी अधिकारीको रुपमा स्थापित हुन सकेको खण्डमा छिटो बढुवा, आकर्षक ठाउँमा पोस्टिङ, विदेश भ्रमणदेखि यूएनको आकर्षक जागिरमा पुग्न सकिने आँकलन बढ्दो छ । विगतमा दमनकारी प्रहरी चित्रित गर्ने प्रचलनबाट सेलिब्रेटी प्रहरीमा रुपान्तरित भएका दृश्यले पनि त्यतातिर बढी उत्साहित गरेको हुनुपर्छ । सँगै उपल्ला प्रहरी अधिकृतहरुमा सिर्जनात्मक शैली भित्र्याउँदै मिडियादेखि आममानिसको चासो बढाउने अभ्यास पनि बढेको छ । यो सकारात्मक पाटो हो । तर प्रहरी अधिकारीहरुले यो बुझ्नुपर्छ कि खराब नियतबाट मिडिया प्रयोग गर्न खोजेमा कुनै बेला क्यारिएर धर्मसंकटमा पर्न सक्छ । किनभने, कहिलेकाहीँ मिडियाले परिस्थितिलाई एकदमै चर्काइदिन सक्छन् । व्यावसायिक भन्दा फरक उद्देश्य बोकेकाहरुले दुरुपयोग गर्ने खतरा उत्तिकै छ । केही खराब र स्वार्थमूलक क्रियाकलापको मारमा प्रहरी संयन्त्र वा व्यावसायिक सञ्चारकर्मीहरु पर्न सक्छन् ।

त्यसकारण सूचना दिने क्रममा प्रहरी अधिकारीहरु पनि इमान्दार र व्यावसायिक धर्मभित्रै रहनु आवश्यक हुन्छ । प्रहरी संयन्त्रले के बुझ्नु आवश्यक छ भने सञ्चारकर्मी भनेका शत्रु या मित्रु दुवै होइनन् । सूचना सम्प्रेषणका क्रममा कतिपय बेला सञ्चारकर्मीहरु आफ्नो मित्रजस्तो लाग्न सक्छ भने अलिक आलोचनात्मक शैली अपनाएको खण्डमा शत्रुको कित्तामा उभिएको पाउनुहुन्छ । अनौपचारिक शैलीमा मित्र देखिएपनि व्यवसायिक धर्म निर्वाह गर्दाका बखत तिनले वास्तविक तथ्य बाहिर ल्याइदिने हुँदा असहज अवस्था सिर्जना हुन सक्छ ।

अर्कातिर सञ्चारकर्मीहरु शंकासहित हिंडिरहेका हुन्छन् । कतिपय बेला यस्तो समेत शंका गर्छन्, तपाईं किन सूचना दिँदै हुनुहुन्छ ? कतै प्रहरी अधिकारीको सेलिब्रेटी बन्ने चाहना हो या कसैलाई सिध्याउने खेलमा संलग्न भएको आशंका समेत गर्न सक्छन् । भ्रष्ट, अनैतिक र गलत क्रियाकलापमा संलग्न भएको भेटेको खण्डमा कसैलाई बाँकी छाड्दैनन् । तिनलाई बाँकी छाड्नेहरु पत्रकारको कोटीमा पर्दैनन् । त्यसकारण पनि भन्ने गरिन्छ, व्यावसायिक पत्रकारहरु कुनै पनि निकाय वा अधिकारीका शत्रु या मित्रु दुवै हुँदैनन् ।

सुरक्षा संयन्त्रका अधिकारीहरुमा आमसञ्चार माध्यमसँग इमान्दार र विश्वासिलो तवरमा प्रस्तुत हुने शैली विकसित गर्नुपर्छ । कुनै पनि घटनाको सूचना लुकाउन खोजिँदाका बखत सुरक्षा संयन्त्र र सञ्चारकर्मीहरुबीच असजिलो वातावरण निर्माण हुन पुग्छ । अपारदर्शी क्रियाकलापसँगै सुरक्षा संयन्त्र बदनामी हुनेदेखि संकटको अवस्था आउन सक्छ । घटनाका सूचनाहरु समयमै र सहज रुपमा उपलब्ध गराउने हो भने "हल्लाले" वास्तविक रुप धारण गर्ने अवसर पाउँदैन । अर्कातिर मुलुकको बृहत्तर हित, स्वार्थ र अपराधकर्म न्यूनीकरणका सवालमा सुरक्षा संयन्त्रलाई सञ्चार क्षेत्रले सघाइरहेको हुन्छ भन्ने बुझ्नुपर्छ ।

सुरक्षा संयन्त्र र सञ्चारकर्मी दुवैले पारदर्शी, व्यावसायिक र समन्वयमा आधारित रहेर अघि बढ्नु राज्यका निम्ति हितकर हुनेछ । व्यक्तिगत वा अन्य प्रकृतिको स्वार्थ हावी रह्यो भने दुवै निकायका निम्ति अशुभ-सम्बन्ध सिर्जना हुने कारण बन्न सक्छ । दुवै निकायबीच राज्यका बृहत्तर हितका निम्ति सहज, रचनात्मक र व्यवसायिक सम्बन्ध हुनुपर्छ । त्यसले मात्र सुरक्षा संयन्त्रको छवि सकारात्मक बन्छ । ■

# अपराध अनुसन्धान विभागबाट वर्ष भरी भएका विभिन्न गतिविधिहरू





विधि-विज्ञान सेवाको
सुदृढीकरण सम्वन्धी गोष्ठी



सामुदायिक प्रहरी सेवा
सम्वन्धी क्षेत्रीय गोष्ठी,
नेपालगञ्ज



सामुदायिक प्रहरी सेवा सम्वन्धी क्षेत्रीय गोष्ठी, काठ्माण्डौं



सामुदायिक प्रहरी सेवा सम्वन्धी केन्द्रिय गोष्ठी, काठ्माण्डौं



भुटानी प्रतिनिधि मण्डलसंग भेटघाट




चेतनामुलक र्‍याली



शान्तिदुत कार्यक्रममा सहभागी विधार्थीहरु





प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं
फोनः ९७७ १ ४४२०५४१
फ्याक्सः ९७७ १ ४१२६०२
ई-मेलः phqcid@nepalpolice.gov.np
वेभसाईटः www.cid.nepalpolice.gov.np







5" CONNECTNEXT TOUCHSCREEN INFOTAINMENT BY HARMAN™.

ECO. CITY. SPORT. MULTI-DRIVE MODE.

REVOTRON 1.2T ENGINE WITH MULTI-DRIVE OPTIONS.

*Zest up your life*




## ACCOLADES RECEIVED

For details, SMS <TATA ZEST> to 2426

**Best in Class Warranty - 4 Years or 75,000 Kms (whichever is earlier)**

Download from Google play / App Store

Like us on facebook
http://www.facebook.com/tatamotorsnepal

Please scan using QR Code Reader on your smartphone

We are also open on Saturdays

**SIPRADI TRADING PVT. LTD.**, An ISO 9001:2008 Certified Company, Teku, Kathmandu, 01-4250610, 4250612, Thapathali, 01-4245380, 4245481, Tilganga, 01-4490454, 4490455
Om 9851136216, Sarad 9851152225, Nabraj 9851000757, Sudhir 9851143738

**DEALERS:** Maharajgunj 9851035777, Jawalakhel 01-5543021, 9841052533, 9804252108, Naya Thimi, Bhaktapur 9802048444

**REGIONAL DEALERS:** Biratnagar 021-463920, 9852027050 • Birgunj 051-691962, 9855032855 • Birtamode 023-543929, 9852678992 • Butwal 071-437700, 9802623914 • Dhangadi 091-417305, 9848634762 • Dharan 025-533343, 9842417589 • Hetauda 057-520641, 9817289401 • Janakpur 041-527998, 9801607750 • Lahan 033-562165, 9818085908 • Narayanghat 056-531685, 9855028628 • Nepalgunj 081-527909, 9858022262 • Pokhara 061-536373, 9856025078

**SIPRADI TRADING PVT. LTD.**
An ISO 9001:2008 Certified Company


CRIME INVESTIGATION DEPARTMENT
CID
CREDIBILITY • DILIGENCE • INTEGRITY
NEPAL POLICE